# बालअधिकारमा आधारित
# सहभागितामूलक योजना तर्जुमा प्रक्रिया
## सहयोगी पुस्तिका

नेपाल सरकार
महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, पुल्चोक
ललितपुर

२०७५

| | | |
|---|---|---|
| शिर्षक | : | बालअधिकारमा आधारित<br>सहभागितामूलक योजना तर्जुमा प्रक्रिया<br>सहयोगी पुस्तिका |
| तयार पार्ने | : | कमल फुयाल<br>(बालमैत्री विकास प्रक्रिया सहजकर्ता) |
| परिकल्पना र सल्लाह | : | तारक धिताल (केबाकस) |
| सुझाव सहयोग | : | ज्ञानेन्द्र श्रेष्ठ, राम बहादुर चन्द, आत्माराम थापा (केबाकस) |
| पहिलो प्रकाशन | : | वैशाख २०७३ (१००० प्रति) |
| दोस्रो प्रकाशन | : | बैशाख २०७५ (३००० प्रति) |
| प्रकाशक | : | नेपाल सरकार<br>महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय<br>केन्द्रीय बालकल्याण समिति<br>हरिहरभवन, पुल्चोक, ललितपुर |
| मुद्रक | : | |

# विषयसूची


अध्यक्षको शुभकामना शन्देश ........ १

प्राक्कथन ........ १

भूमिका ........ १

**भाग १ : पुस्तिका परिचय** ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ सहयोगी पुस्तिकाको महत्व ........ १

१.३ सहयोगी पुस्तिकाको उपयोगिता ........ १

**भाग २ : सहभागितामूलक योजना तर्जुमाको संक्षिप्त परिचय** ........ १

२.१ योजनाको अर्थ ........ १

२.२ सहभागितामूलक योजना ........ १

२.३ बालअधिकारमा आधारित योजना तर्जुमा ........ १

२.३.१ बालअधिकार ........ १

२.३.२ बालअधिकारमा आधारित योजना ........ १

२.३.३ बालअधिकारमा आधारित योजना तर्जुमाको महत्व ........ १

२.४ बालअधिकारमा आधारित योजना तर्जुमा प्रक्रिया ........ १

२.४.१ योजना तर्जुमाका ७ चरण ........ १

२.४.२ योजना तर्जुमा अभ्यास प्रक्रिया ........ १

**भाग ३. योजना तर्जुमा अभ्यास** ........ १

३.१ योजना तर्जुमा तयारी वैठक ........ १

३.२ वस्ती/टोल तहमा योजना तर्जुमा ........ १

३.२.१ परिचय तथा उद्देश्यबारे छलफल ........ १

३.२.२ बालअधिकारको अवधारणाबारे छलफल ........ १

३.२.३ बालबालिकाको अवस्था विश्लेषण ........ १

३.२.४ समूहगत रुपमा योजना तर्जुमा अभ्यास ..... १
३.२.५ प्रस्तुती र छलफल ..... १
३.२.६ योजनाहरूको संक्षेपीकरण र कार्यक्रमको समापन ..... १
३.३ समूहमा योजना तर्जुमा अभ्यास ..... १

**भाग ४ : योजना प्राथमिकीकरण कार्यक्रम र स्वीकृति प्रदान** ..... १
४.१ योजना प्राथमिकीकरण कार्यक्रमको पूर्व तयारी ..... १
४.२ योजना प्राथमिकीकरण कार्यक्रमका सहभागीहरू ..... १
४.३ योजना प्राथमिकीकरण कार्यक्रम प्रक्रिया ..... १

**भाग ५ : योजना तर्जुमा अभ्यासको सहजीकरण** ..... १
५.१ सहजीकरणबारे ..... १
५.२ सहजकर्ताको भूमिका ..... १

**सन्दर्भ सामग्रीको सूची** ..... १
अनुसूची १ : बालबालिकाका समस्या तथा सवाल र समाधानका लागि प्रस्तावित क्रियाकलापहरू ..... १
अनुसूची २ : सहभागितामूलक विधि - वृक्ष चित्र विधिको परिचय ..... १
अनुसूची ३ : जोडागत स्तरीकरण विधिको परिचय ..... १
अनुसूची ४ : योजना तर्जुमा अभ्यास फारमको प्रयोग ..... १
अनुसूची ५ : विस्तृत कार्यान्वयन योजना ..... १
अनुसूची ६ : भकिम्ली (बेनी नगरपालिका-३) बालअधिकारमा आधारित योजना ..... १

# शुभकामना

केन्द्रीय बालकल्याण समितिले बालअधिकार तथा बालसंरक्षणसम्बन्धी विभिन्न विषयका पुस्तकहरु प्रकासनमा ल्याइरहेको छ । यस सिलसिलामा स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमाः सहयोगी पुस्तक २०७३ सालमा प्रकाशन गरी सोही अनुसार हालसम्म स्थानीय तहमा केही तालिम तथा अन्तरक्रिया कार्यक्रमको आयोजना भइसकेको छ । सोही कार्यक्रमहरु सञ्चालनबाट प्राप्त सुझावहरु र हालको परिवर्तित संघीय संरचना अनुसार सञ्चालनमा आएका स्थानीय पालिकाहरुको आवश्यकतालाई ध्यानमा राखी तयार गरिएको उक्त पुस्तकको परिमार्जित सस्करण प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ ।

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को पक्षधर राष्ट्रको रुपमा नेपाल सरकारले बालअधिकार सुनिश्चित गर्ने दिशातिर उन्मुख हुँदै कानून, नीति र योजनामा बालबालिकाका विषयहरुलाई समावेश गर्दै संस्थागत र कार्यक्रमगत सुधार गर्दै आएको छ । देश नयाँ संरचनामा गइसकेको स्थितिमा स्थानीय तहबाट बालबालिकाको विषयमा थप ध्यान पुऱ्याउन तथा लगानी गर्न सकिएमा भोलिको सुन्दर, समृद्ध तथा समुन्नत भविष्य निर्माणकालागि मानव स्रोत विकासमा सहयोग पुग्ने देखिन्छ । यसतर्फ उन्मुख हुन बालसंवेदनशील योजना प्रक्रियामा जोड दिनु जरुरी हुन्छ । यसै विषयलाई ध्यानमा राखी स्थानीय तहका सम्बन्धित सरोकारवालाहरूको समेत सक्रिय सहभागितामा यो परिमार्जिक पुस्तक प्रशासन भएको छ । पालिकाहरुको आवधिक योजना तर्जुमाको क्रममा यस पुस्तकलाई समेत सन्दर्भ सामग्रीको रुपमा लिँदा उपयोगी हुनेमा पूर्ण विश्वास लिएको छु र स्थानीय तहले बालबालिकाको योजना तर्जुमा गर्दा यस पुस्तिकालाई पनि आधार बनाएर गर्नुहुन समेत हार्दिक अनुरोध गर्दछु ।

परिमार्जित यस प्रकाशनमा सहयोग पुऱ्याउनु हुने डा. कमल फुयाल, केन्द्रीय बालकल्याण समितिका कर्मचारीहरू, जिल्ला बालकल्याण समितिका पदाधिकारीहरू, बालअधिकार अधिकृत लगायत सबै सरोकारवाला निकाय तथा संघसंस्थाहरूलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, बालबालिकाको समस्या र मुद्धामा सरकारी निकाय, सबै राजनैतिक दल, नागरिक समाज, पत्रकार, उद्योगपति, सम्पूर्ण व्यापारी, व्यवसायीहरू, गैरसरकारी संस्था, अभिभावक लगायत सम्पूर्ण सरोकारवालाहरूबाट बालबालिकाको विषयमा थप चासो हुनेछ भन्ने आशा गर्दछु । केन्द्रीय बालकल्याण समिति सबै क्षेत्र र निकायसँग एकताबद्ध भई बालमैत्री वातावरण सिर्जना गर्न कटिबद्ध छ । सबैको सहयोग र समन्वयमा नै बालमैत्री समाज विकासमा सफलता मिल्नेछ भन्ने विश्वासका साथ बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा कार्यको व्यवहारिक कार्यान्वयनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

**श्री बविना श्रेष्ठ**
अध्यक्ष

# प्राक्कथन

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को मर्म अनुसार बालबालिकाको विकास तथा बालअधिकार संरक्षण र प्रवर्द्धनका लागि नेपाल सरकार प्रतिवद्ध रहेको छ । कानून प्रदत्त कार्यादेश तथा नेपाल सरकारको नीति, निर्देशन अनुसार केन्द्रीय बालकल्याण समिति क्रियाशिल रहँदै आएको छ र बालअधिकार र संरक्षणका विविध विषयहरुबारेका प्रकाशनहरु सार्वजनिक गर्दै आएको छ ।

विगतमा नेपाल सरकारबाट स्थानीय तहलाई विनियोजन गर्ने कूल बार्षिक बजेटको १० प्रतिशत र बालमैत्री स्थानीय शासन अबलम्वन गर्ने गाविस/नपाको हकमा १५ प्रतिशत रकम बालबालिकासंग सम्बन्धित कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था गरेको थियो । संघीय संरचना लागू भएपछि जारी गरिएको 'स्थानीय तहको योजना तथा बजेट तर्जुमासम्बन्धी दिग्दर्शन २०७४ 'मा बुँदा ४ देखि योजना तर्जुमा प्रक्रियासम्बन्धी बुँदाहरू उल्लेख भए पनि बार्षिक कूल बजेटको कति प्रतिशत बजेट बालबालिकाको विषयमा खर्च गर्ने भन्ने स्पष्ट गरिएको छैन ।

विगतमा बालबालिकासँग सम्बन्धित कतिपय विषयहरूको बारेमा सूचना/जानकारी तथा ज्ञान नभएर, सही विश्लेषण हुन नसकेर र बालअधिकारमा आधारित योजना बनाउने तरिका थाहा नभएर उक्त रकम बालबालिकाको लागि सही ढङ्गले खर्च हुन नसकिरहेको पनि देखिएको थियो । त्यसैले हालको परिवर्तित सन्दर्भमा स्थानीय तहबाट बालबालिकासम्बन्धी विविध कार्यहरु गर्नका लागि, बालबालिकाका समस्याहरूको बालअधिकारको दृष्टिकोणबाट पहिचान, विश्लेषण गर्दै सम्पूर्ण सरोकारवालाहरूको सक्रिय सहभागितामा उपयुक्त योजना तर्जुमा गर्नका लागि स्थानीय तहलाई सहयोग पुगोस् भन्ने उद्देश्यले यो बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा प्रक्रिया : सहयोगी पुस्तकाको परिमार्जित स्वरुप तयार पारिएको हो । कतिपय सन्दर्भमा स्रोत भएर पनि सोचको अभावमा बालबालिकाका निम्ति आवश्यक तथा परिणामदायी कार्यक्रमहरू तय हुन नसकिरहेको अवस्थामा सुधार ल्याउन यसले सहयोग पुर्‍याउने विश्वास गरिएको छ ।

बालअधिकार र बालसंरक्षण सबैको सरोकारको विषय हो र यसको निरन्तरता कायम रहनु पर्दछ । कतिपय अवधारणागत स्पष्टताको अभाव हटाउन एवं समस्या पहिचान र समाधानका प्रभावकारी उपायहरू निकाल्ने व्यवहारिक सीप र ज्ञान अभिबृद्धि गरी बालअधिकारमा आधारित योजना तर्जुमा गर्न स्थानीय तहलाई सहयोग पुर्‍याउनका लागि नै यो पुस्तिका केन्द्रीय बालकल्याण समितिबाट तयार गरिएको हो । यस सहयोगी पुस्तकले स्थानीय स्तरका बालबालिकासँग सम्बन्धित वास्तविक सवालहरू महिला, पुरुष, शिक्षक, नागरिक समाज, स्थानीय राजनीतिक दलका प्रतिनिधि, स्थानीय संघसंस्था तथा बालबालिकासँग छुट्टाछुट्टै छलफल गरी पहिचान गर्ने, सवालहरूको प्राथमिकीकरण गर्ने र कारण तथा प्रभाव वृक्ष निर्माण गर्दै योजना तर्जुमा गर्न मद्दत पुर्‍याउने विश्वास लिइएको छ । यस पुस्तिकामा बिभिन्न जिल्लाबाट संकलन गरिएका बालबालिकासँग सम्बन्धित सवालहरू र सम्भावित क्रियाकलापहरू पनि उदाहरणका लागि समावेश गरिएको हुँदा बालबालिकासँग सम्बन्धित योजना बनाउनका लागि ती थप सहयोगी हुन सक्नेछन् । तर तिनै

क्रियाकलापमा मात्रै सिमित भने हुनु हुँदैन, ति त केही उदाहरण मात्र हुन् । अतः स्थानीय परिवेशअनुसार सिर्जनात्मक रुपमा प्रभावकारी क्रियाकलापहरू यकिन गरिनु पर्दछ । यस सहयोगी पुस्तिकाको आधारमा योजना तर्जुमा गर्दा योजना निर्माणका हरेक चरणमा बालबालिकाको सहभागिता सुनिश्चित गर्दै सम्पूर्ण सरोकारवालाहरूसँगको छलफलबाट सम्पन्न गर्न सकिन्छ ।

यस पुस्तकले बालबालिकासम्बन्धी विषयहरूलाई सही ढङ्गले सम्बोधन गर्नेगरी स्थानीय तहको योजना निर्माण गरी उपलब्ध स्रोतहरूको उच्चतम सदुपयोगबाट बालबालिकाको जीवनमा परिवर्तन ल्याउन सहयोग पुऱ्याउने छ भन्ने समेत विश्वास गरिएको छ । स्थानीय तहमा योजना तर्जुमा गर्ने क्रममा यस पुस्तकको अधिकतम उपयोग गर्नुहुन समेत सबैलाई हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा, यस प्रकाशनमा निरन्तर सहयोग पुऱ्याउनु हुने सहजकर्ता डा. कमल फुयाल, यस समितिका ज्ञानेन्द्र कुमार श्रेष्ठ, रामबहादुर चन्द, आत्माराम थापा, नमुना भुसाल, राजु बराल लगायतका कर्मचारी मित्रहरू, विभिन्न चरणमा सहभागी तत्कालीन गाविस सचिवहरू लगायत अन्य व्यक्तिहरु तथा संघसंस्थाहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

....................

(तारक धिताल)

कार्यकारी निर्देशक

# भाग १

# पुस्तिका परिचय

### १.१ पृष्ठभूमि

सामाजिक विकासका लागि गरिने कुनै पनि प्रयासले सामाजिक न्यायसहितको शान्त, समृद्ध अनि सम्पन्न समाज निर्माणको लक्ष्य राख्दछ - राख्नु पर्दछ । यस लक्ष्य पुरा गर्नका लागि विकास प्रक्रियामा सङ्लग्न सबै साझेदारहरूको सक्रिय सहभागिता अनिवार्य हुन्छ । साथै, विकासको प्रतिफलको उपभोगमा पनि सबै लक्षित समूहले समानुपातिक अवसर प्राप्त गर्नु नितान्त आवश्यक हुन्छ । बालमैत्री विकासका सन्दर्भमा पनि  बालबालिकाका सवालसँग सम्बन्धित सबै पक्षको सक्रिय सहभागिताले मात्र बालबालिकाको चौतर्फी विकास सम्भव हुन सक्दछ । यिनै मान्यताअनुरुप विगत केही दशकदेखि बालविकासका लागि सरकारी, गैरसरकारी, नीजि तथा अन्य सम्बन्धित पक्षबाट कार्य हुँदै आएको छ र क्रमिक रुपमा बालबालिकाको अवस्थामा सकारात्मक परिवर्तन हुँदै आएको पनि छ । हालसम्मको अनुभवले बालअधिकार अपेक्षित रुपमा सुनिश्चित हुनको लागि बालबालिकासम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी त्यसको पूर्ण रुपमा कार्यान्वयन हुनुपर्ने देखाउँछ । यसको लागि बालबालिकाको मात्र सहभागिताले सम्भव हुँदैन । बालबालिकाको सम्पूर्ण अधिकारको सुनिश्चितताका साथै उनीहरूको सम्पूर्ण विकासको लागि परिवार, समुदाय, सामाजिक संघसंस्था र राज्य पनि बालमैत्री हुनु आवश्यक छ ।

यीनै मान्यताहरूलाई आत्मसात गर्दै स्थानीय सरकारबाट गाउँ/नगर तहमा 'बालअधिकारमा आधारित योजना तर्जुमा' भई समुदायमा बालअधिकारलाई सुनिश्चित गर्दै स्थानीय अवस्थालाई बालमैत्री बनाउन सहयोग पुगोस भन्ने अपेक्षा गरिएको छ । यस प्रयासमा सम्पूर्ण विकास प्रक्रियालाई बालमैत्री बनाउन बालबालिकाका सवालमा कार्यरत सबै संस्थाहरू सक्रिय हुनु आवश्यक छ । साथै, स्थानीय सरकारको उक्त प्रयासलाई नैतिक, वैचारिक, आर्थिक, भौतिक लगायत अन्य सहयोग पुर्‍याउने कार्यमा विभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू एकवद्ध भएर लाग्नु पर्दछ । यीनै आवश्यकताहरूलाई वोध गरी 'बालअधिकारमा आधारित योजना तर्जुमा' सहयोगी पुस्तिका तयार पारिएको हो ।

नेपाल सरकारले केही वर्षदेखि स्थानीय तहलाई प्रदान गर्ने कूल वार्षिक बजेटको पुँजिगत खर्चको १० प्रतिशत र बालमैत्री गाविसको हकमा १५ प्रतिशत रकम बालबालिकाको लागि विकासको लागि खर्च गर्नुपर्ने नियम लागु गरेको थियो । नयाँ संरचनाअनुरुप संघिय सरकार (केन्द्र) ले स्थानीय तह (गाउँपालिका र नगरपालिका)लाई केन्द्रबाट वार्षिक बजेट उपलब्ध गराउने र स्थानीय सरकारले नै आफ्नै तजविजमा बालबालिकाका विकासका लागि विकास बजेट छुट्याउन सक्ने अधिकार प्रत्यायोजन गरेको छ । यसबाहेक, स्थानीय तहले आफ्नो क्षेत्र (गाउँपालिका/नगरपालिका)मा रहेका स्थानीय स्रोतहरूको उपयोग गर्न पाउने अधिकार पनि दिएकोले बालविकासको लागि स्रोतको कमी नहुने देखिन्छ । तथापि, वर्तमान अवस्थामा स्थानीय सरकारलाई बालबालिकाका समस्या तथा सवालहरूको पहिचान गरी त्यसको आधारमा बालबालिकाका अधिकारलाई संरक्षण गर्न बालबालिका तथा अन्य सरोकारवालाहरूको सक्रिय सहभागितामा योजना तर्जुमा गर्ने ज्ञान र सीप प्रदान गर्नुपर्ने देखिन्छ ।

बालबालिकाको समग्र विकासको लागि समुदायको विकास प्रक्रियामा स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागिता अनिवार्य हुन्छ । बालअधिकारका सम्बन्धमा अवस्था विश्लेषण अभ्यास गरी गाउँ/नगरपालिकामा बालअधिकार सुनिश्चित गर्न बालबालिका, वडावासी, गाउँपालिकामा स्थापना भएका विभिन्नखाले उपभोक्ता समूह/समितिहरू,

सामाजिक संघसंस्था, बालबालिकाका सवालमा कार्यरत गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा योजना तर्जुमा गर्नु पर्दछ । बालअधिकारमा आधारित योजना तर्जुमा प्रक्रियाको नेतृत्व भने सम्बन्धित वडाले नै लिनु पर्दछ । सही योजना तर्जुमा गर्न माथि उल्लेखित सम्पूर्ण सरोकारवालाहरूमा बालबालिकाका सवालहरूबारे ज्ञान हुनुका साथै र उनीहरूमा योजना तर्जुमा गर्ने सीप पनि हुनु पर्दछ ।

तसर्थ, यस सहयोगी पुस्तिकामा योजना तर्जुमाबारे सविस्तार व्याख्या गरिएको छ । यस पुस्तिकालाई 'म्यानुअल'को रुपमा बुझिनु हुँदैन । म्यानुअलले कुनै कार्य सम्पन्न गर्नका लागि कुन तहमा के कार्य गर्ने भन्ने कुरालाई हुबहु अनुशरण गर्न तयार पारिएको पुस्तिका भन्ने बुझाउँछ । त्यसरी यान्त्रिक रुपमा सहभागितामूलक प्रक्रिया अगाडि बढ्न सक्दैन । त्यसैले जनसहभागितामा योजना तर्जुमा गर्दा त्यस्तो 'म्यानुअल' सहयोगी हुन सक्दैन । तसर्थ, यसलाई सहयोगी पुस्तिकाको रुपमा बुझिनु पर्दछ । यस सहयोगी पुस्तिकाले सहभागितामूलक योजना तर्जुमा गर्न आवश्यक मार्गनिर्देश मात्र गर्दछ । आवश्यकतानुसार प्रक्रियामा सहजकर्ताले फेरबदल गर्न सक्दछन् र गर्नु पनि पर्दछ ।

यस सहयोगी पुस्तिकामा मुलतः दुई प्रमुख कुराहरूलाई सविस्तार व्याख्या गरिएको छ । पहिलो, योजना तर्जुमाको अवधारणागत पक्षबारे प्रकाश पारिएको छ । त्यस्तै, दोस्रो भागमा योजना तर्जुमा गर्दा अनुशरण गर्न सकिने प्रक्रियाबारे व्याख्या गरिएको छ । योजना तर्जुमा प्रक्रिया दुई चरणमा सम्पन्न गरिन्छ : पहिलो गाउँ/नगरपाकिलाको वस्ती/टोल तहमा स्थानीय वासिन्दाहरूबीच अवस्था विश्लेषण अभ्यासबाट प्राप्त सूचनाहरूको आधारमा 'बालअधिकारका हिसाबले वडाको वर्तमान अवस्था'लाई स्पष्ट पारिनेछ । यस चरणलाई योजना तर्जुमा प्रक्रियाको प्रारम्भिक अथवा तयारी चरणको रुपमा बुझ्न सकिन्छ । यस चरणमा वस्ती/टोल तहको अवस्थाबारे वडावासीसँग छलफल गरी स्पष्ट जानकारी लिनुका साथै योजना तर्जुमाका लागि तयार पारिन्छ । साथै, यसै चरणको भेलाबाट वडाको योजना तर्जुमा प्रक्रियामा सहभागी हुने वस्ती/टोलका प्रतिनिधिहरूबीच पनि छलफल गरिन्छ । दोस्रो चरणमा सबै प्रतिनिधिहरूको सहभागितामा वडा तहको योजना तर्जुमा गरिन्छ । यी नै विषयवस्तुहरू समावेस गरी सहयोगी पुस्तिका तयार पारिएको हो ।

### १.२ सहयोगी पुस्तिकाको महत्व

कुनै पनि समाजको समग्र विकासको लागि सक्षम जनशक्तिको आवश्यकता पर्दछ । सक्षम जनशक्ति भन्नाले ज्ञानमा निपूर्ण, सीपमा दक्ष र प्रवृत्तिका हिसाबले सामाजिक विकासको लागि प्रतिबद्ध व्यक्तिहरू बुझिन्छ । 'आजको भोली' नै समाजको लागि सक्षम जनशक्ति तयार गर्न सकिँदैन । यसको लागि कम्तिमा पनि एक दशक वा दुई दशक लाग्न सक्दछ । तसर्थ, आजका बालबालिकालाई समाजमा सक्षम जनशक्तिका रुपमा विकास गर्नका लागि उनीहरूमा पर्याप्त लगानी गर्नु आवश्यक हुन्छ । आजका बालबालिका भोली कमजोर र प्रत्युत्पादक शक्तिका रुपमा देखिए भने त्यो उनीहरूको कमजोरी हुने छैन, बरु हाम्रो कमजोरी हुनेछ ।

बालबालिका भविष्यका कर्णधार मात्र होइनन् वर्तमानमा विकासका साझेदार पनि हुन् । कुनै पनि समाजको विकासको मूल्याङ्कन त्यहाँका बालबालिकाको अवस्थाका आधारमा गरिन्छ । बालबालिकाले अधिकार प्राप्त गरेका छन् भने उक्त समाजलाई सभ्य मान्न सकिन्छ । कुनै पनि कारण बालअधिकार हनन् भएको छ भने उक्त समाजलाई सभ्य समाज मान्न सकिँदैन । तसर्थ, बालबालिकाको सर्वाङ्गीण विकासका लागि बालअधिकारमा आधारित योजना तर्जुमा अत्यन्तै महत्वपूर्ण कुरा हो र उक्त योजना तर्जुमा गर्न यस सहयोगी पुस्तिकाले सहयोग पुऱ्याउने छ ।

स्थानीय तहको योजना तर्जूमा तथा बजेट दिग्दर्शन, २०७४ ले निर्दिष्ट गरेका वार्षिक बजेट तथा कार्यक्रम तर्जूमा प्रक्रियाका चरण नं ३ः बस्ती/टोल स्तरबाट आयोजना/कार्यक्रम छनौट र चरण नं ४ वडा स्तरीय आयोजना/कार्यक्रमहरूको प्राथमिकीकरण अन्तर्गत बजेट तथा कार्यक्रम तर्जूमा समिति र वडा समितिको सक्रियतामा बालबालिका, अभिभावकहरू, शिक्षक तथा बुद्धिजीवि वर्ग, स्थानीय प्रहरी, समुदायमा स्थापना भएका विभिन्न समूह (जस्तोः वचत समूह, आमा समूह), समिति र सामाजिक संस्थाका प्रतिनिधिहरू, स्थानीय तहमा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, स्थानीय तहका

सम्पूर्ण प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधिहरू, बालमैत्री स्थानीय शासन समितिका प्रतिनिधिहरू एवम् वडा नागरिक मञ्चका प्रतिनिधिहरूबीच बालबालिकाका सवालहरूको पहिचान गरी, सवालहरूको प्राथमिकीकरण र त्यसको विश्लेषण गर्दै बालअधिकारमा आधारित योजना तर्जुमा गर्न यस पुस्तिकाले मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ ।

**१.३ सहयोगी पुस्तिकाको उपयोगिता**

स्थानीय तहले गाउँ/नगरपालिकाको विकासका लागि योजना तर्जुमा गर्दा स्थानीय तहको योजना तर्जूमा तथा बजेट दिग्दर्शन, २०७४ मा उल्लेख गरिएको योजना तर्जुमाका ७ चरणहरूलाई अनुशरण गर्नुपर्ने हुन्छ । योजना तर्जुमाका ७ चरणहरूमध्ये तेस्रो, चौथो, पाँचौ, छैठौँ र सातौँ चरणहरूमा वस्ती/टोलदेखि वडा हुँदै गाउँ/नगरपालिका तहसम्म योजना तर्जुमा गर्ने प्रक्रियाहरू समावेस गरिएका छन् । टोल, वडा तथा गाउँ/नगरपालिका तहमा योजना तर्जुमा गर्दा समुदायको सक्रिय सहभागितामा बालअधिकारमा आधारित भई कसरी योजना तर्जुमा गर्ने भन्ने कुराहरूलाई यस सहयोगी पुस्तिकामा विस्तृत व्याख्या गरिएका छन् । तसर्थ, बालअधिकारमा आधारित भई बालबालिकासँग सम्बन्धित योजना (बाल बचाउ, बालसंरक्षण, बाल विकास, बाल सहभागिता र संस्थागत विकाससँग सम्बन्धित) तर्जुमा गर्ने कार्यलाइ सहजीकरण गर्न यस पुस्तिकाले मद्दत पुऱ्याउने छ ।

बालभेलाले बालबालिकासँग सम्बन्धित सवालहरूको पहिचान मात्र गर्ने तर त्यसको आधारमा अरुले नै योजना तर्जुमा गर्ने हुँदा बालबालिकाका आवाजहरू वास्तविक रुपमा सम्बोधन नहुन पनि सक्छन् । त्यसैले बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा सहयोगी पुस्तिकाले बालबालिका लगायत अन्य समूहसँग छलफल गर्दै यसमा उल्लिखित विभिन्न विधिहरूको माध्यमबाट सवालहरूको पहिचानदेखि योजना तर्जुमासम्म सहभागितामूलक ढङ्गबाट सम्पन्न गर्न पनि सघाउ पुऱ्याउनुका साथै बालबालिकाको लागि लगानी योजना निर्माण गर्दा पनि यस सहयोगी पुस्तिकाको प्रयोग गर्न सकिन्छ । यस पुस्तिकामा उल्लेख गरिएको योजना तर्जुमा अभ्यासलाई गाउँपालिका तहमा बढी अभ्यास गरिएकोले पुस्तिकामा 'गाउँपालिका' शब्द बढी उल्लेख गरिए तापनि यहाँ प्रस्तुत गरिएको योजना तर्जुमा अभ्यासलाई गाउँपालिका र नगरपालिका दुबैमा प्रयोग गर्न सकिन्छ ।

यस पुस्तिकामा बिभिन्न जिल्लाबाट सङ्कलन गरिएका बालबालिकासँग सम्बन्धित सवालहरू र सम्भावित क्रियाकलापहरू पनि समावेस गरिएको हुँदा बालबालिकासँग सम्बन्धित योजना बनान सहज हुनेछ ।

♦

## भाग १

# सहभागितामूलक योजना तर्जुमाको संक्षिप्त परिचय

### २.१ योजनाको अर्थ

कुनै पनि कार्य व्यवस्थित रुपमा सञ्चालन गरी अपेक्षित नतिजा हासिल गर्नको लागि पहिले नै निर्धारित गरिने कार्यक्रम वा रुपरेखालाई योजना भनिन्छ । त्यस्तै काम सिद्ध गर्न चाहिने साधन, उपाय, व्यवस्था आदिको पूर्वनिश्चित तयारी नै योजना हो । योजनामा विशेषगरी कुन काम गर्ने, किन गर्ने, कुन कुन काम कहिले कहिले गर्ने, कसले गर्ने वा कुन तहमा कसको जिम्मेवारी हुन्छ, कहाँ गर्ने, कुन कार्य गर्नको लागि के-कस्ता सूचनाहरूको आवश्यकता पर्दछ र कस्ता साधनहरू चाहिन्छन्, ती साधनहरू कहाँबाट जुटाउने, कार्य गर्दा के-कस्ता समस्याहरू आइपर्छन् र ती समस्याहरूको सामना कसरी गर्ने ? आदि कुराहरू स्पष्टसँग देखाइन्छ । यी सवालहरूमा पहिले नै छलफल गरी तयार गर्न सकिए कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिन्छ र यसबाट सोचेअनुरुप सफलता प्राप्त पनि हुन्छ । यदि योजना नै नबनाई कार्यको थालनी गरेमा अपेक्षित सफलता पाउन नसकिने मात्र होइन, कार्यक्रमले नकारात्मक असरसमेत पार्न सक्दछ ।

योजनालाई बुझ्न तलको चित्रले मदत पुऱ्याउँछ :




- उपलब्ध स्रोतहरू (प्राकृतिक, सामाजिक, मानवीय, आर्थिक, आदि)
- अवसरहरू (जुन बालअधिकार सुनिश्चत गर्नका लागि प्रयोग गरिन्छ)
- समस्याहरू : वर्तमान समयमा बालबालिकाहरूले भोगीरहेका समस्याहरू (तथा बालबालिकासम्बन्धी सवालहरू)
- जनभावना : बालअधिकारबारे नागरिकहरूको धारणा तथा चेतना तह
- वस्ती/टोल, वडा र गाउँ/नगरपालिका तहमा बालअधिकारलाई सुनिश्चित गर्नका लागि सहयोग गर्ने कुराहरू

- परिवर्तन गर्नुपर्ने कुराहरू - के र कस्तो परिवर्तन गर्ने ?
- भविष्यको अवस्था वा परिवर्तित अवस्थाको मापन गर्ने सूचकहरू
- परिवर्तनका लागि आवश्यक प्रक्रियाको स्वरुप
- परिवर्तनका लागि सम्बन्धित साझेदारहरू र तिनको भूमिका निर्धारण
- परिवर्तन प्रक्रियाका लागि आवश्यक सूचना, साधन तथा उपायहरू
- परिवर्तन प्रक्रियामा आइपर्ने समस्या र तीनको समाधानका उपायहरू
- परिवर्तन प्रक्रियामा लाग्न जोश, जाँगर, उत्साहको तयारी

- बालअधिकार सुनिश्चित भएको परिवर्तित अवस्था
- बालअधिकार सुनिश्चित भएपछि बालबालिकाको अवस्था
- स्रोतहरूको परिचालित अवस्था (मानव, सामाजिक, प्राकृतिक, आर्थिक, आदि स्रोतहरूको परिचालित अवस्था)
- परिवर्तनको परिणाम : बालबालिकाहरूको अवस्थामा आएको परिवर्तन - परिवार तहमा, समुदाय तहमा, स्थानीय सरकारको कार्य प्रक्रियामा आएको परिवर्तन

अवस्था विश्लेषणपश्चात् हालको अवस्थामा कसरी सुधार ल्याउने, समुदायले कस्तो परिवर्तनको अपेक्षा गर्दछन्, सो परिवर्तन प्रक्रिया कस्तो हुनुपर्छ, परिवर्तन प्रक्रियामा विभिन्न सरोकारवालाहरूको भूमिका कस्तो कस्तो हुन्छ, अपेक्षित

परिवर्तित अवस्थाका सूचकहरू के के हुन्, आदि विषयमा विस्तृत छलफल गरी विकासका लागि एक खाका वा स्वरुप तयार पारिन्छ । यसैलाई योजना भनिन्छ ।

## २.२ सहभागितामूलक योजना

वर्तमान समयमा सामुदायिक विकास, व्यापार-व्यवशाय, राजनीतिलगायत सबै क्षेत्रमा सहभागिता शब्दको व्यापक प्रयोग हुने गरेको छ । सामुदायिक विकासका लागि कार्यरत संघसंस्थामा त यस शब्दको प्रयोग अपरिहार्य जस्तै देखिन्छ । सहभागिता शब्दको यति व्यापक प्रयोग हुँदाहुँदै पनि यसको व्याख्यामा भने विविधता देखिन्छ । 'सहभागिताको अर्थलाई विभिन्न व्यक्ति तथा संस्थाले आ-आफ्नो सुविधाअनुसार फरक-फरक ढंगले व्याख्या गर्ने गरेका छन्' भन्ने आम गुनासो पनि सुनिन्छ, जुन धेरैहदसम्म जायज नै देखिन्छ । सामुदायिक विकास क्षेत्रमा सहभागिताको अवधारणा मुलतः सन् ८० को दशकको प्रारम्भबाट व्यापक रुपमा प्रयोग हुन थालेको पाइन्छ । माथि विवेचना गरिएझैँ विकासको आधुनिकताको मोडेलले अपेक्षाकृत रुपमा सफलता हासिल गर्न नसकेपछि कुनै पनि समुदायको समाजको विकास बाहिरबाट गएका विकास विज्ञ (व्यक्ति वा संस्था)को सक्रियतामा मात्र हुन नसक्ने बरु यसको लागि समाजका सबै वर्ग, समूहको सहभागितामा चाहिन्छ भन्ने मान्यतालाई जोड दिन थालिएको हो । विशेषतः समाजमा विकासबाट वञ्चित वर्गको सहभागिता अनिवार्य हुन्छ भन्ने सवाललाई सशक्त ढंगबाट उठाइएको पाइन्छ ।




विभिन्न विद्वानहरूको विकासका लागि जनसहभागिताबारे गरिएको व्याख्याको समीक्षा गर्दा यसलाई मुलतः चार प्रकारमा विभाजन गरेर बुझ्न सकिन्छ[1] : (क) निस्कृय सहभागिता, (ख) सूचना दिने कार्यमा सहभागिता, (ग) अन्तरक्रियात्मक सहभागिता, र (घ) निर्णय प्रक्रियामा सहभागिता ।

कतिपय विकासका योजना बनाउँदा सम्बन्धित समुदायका मानिसहरूलाई 'आमन्त्रण' मात्र गरिन्छ तर उनीहरूको कुनै पनि कुराको सुनुवाई हुँदैन । यस प्रकारको योजनामा प्राय योजना सम्बन्धित संस्था वा विज्ञहरूले पहिले नै बनाईसकेका हुन्छन् र समुदायलाई बोलाएर योजना सुनाउने कार्य मात्र हुन्छ । वा, समुदायका केही टाठाबाठा अगुवाहरूको सहभागितामा योजना बनाईन्छ तर, आम जनताको सहभागिता निस्कृय वा सुसुप्त मात्र हुन्छ । यो तहमा पर्ने व्यक्तिहरू अरुले बनाएको योजनालाई सुन्ने कार्यमा मात्र सहभागी हुन्छन् । यस्तो उनीहरूको चाहना, आवश्यकता जस्ता कुराहरू पर्दा पनि पर्दैनन् र यस्तो योजनामा उनीहरूको अपनत्व पनि हुँदैन ।

सहभागिताको अर्को प्रकार 'सूचना दिने कार्यमा सहभागिता' (वा ऋयलकगतिबतषखभ) हो । यो तहअनुरुप योजना बनाउने कार्यको नेतृत्व संस्था विविज्ञले नै लिन्छन् । ती विज्ञहरूले समुदायका मानिसहरूलाई आफ्नो आवश्यकतानुसार सूचना उपलब्ध गराउने कार्यमा मात्र सहभागी गराउँछन् । समुदायलाई सोधिन्छ, उनीहरूको बिचार लिइन्छ, तर ती बिचारहरूका अनुसार नै योजना बन्ने भन्ने कुरा सुनिश्चत हुँदैन ।

तेस्रो प्रकार अन्तरक्रियात्मक सहभागिता हो । यो तहअनुसार योजना तर्जुमा प्रक्रियाका सबै सहभागीहरू अन्तरक्रियामा भाग लिन्छन् । अरुको बिचार सुन्छन् र आफ्नो बिचार पनि राख्दछन् । सोहीअनुरुप योजना तयार पारिन्छ । सहभागिताको यो प्रकारलाई प्रभावकारी मानिन्छ तथापि सबैको बिचार योजनामा समाहित हुन्छ भन्ने कुराको सतप्रतिशत ग्यारेन्टी हुन सक्दैन । तापनि सहभागिताको माथिल्लो तहमा जानका लागि यस तहले महत्वपूर्ण भूमिका भने खेल्दछ ।

१ कमल फुयाल (२०१३), सहजीकरण : किन र कसरी (ह्याण्ड-आउट्स), काठमाडौ : सगुन

‘निर्णय प्रक्रियामा सहभागिता’ वा सशक्तीकरण गराउने तहको सहभागितालाई सहभागिता सबैभन्दा प्रभावकारी तहको रुपमा बुझिन्छ । यसअनुसार सबै सहभागीको सक्रिय सहभागितामा समुदायका समस्या तथा सवालहरूको पहिचान गरिन्छ, त्यसका कारणहरूलाई खोतलिन्छ र समाधानका लागि कार्यक्रम र आवश्यक रणनीति तयार पारिन्छ । समुदायको अवस्था विश्लेषण र योजना तर्जुमालगायत सम्पूर्ण तहमा जनताहरूको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गरिएको हुन्छ ।

‘निस्कृय/सुसुप्त सहभागिता’ र ‘सूचना दिने तहको सहभागिता’लाई वास्तविक सहभागिताको रुपमा बुझ्न सकिँदैन । यसले सहभागिताको नाममा समुदालाई उपयोग गर्ने कार्य मात्र गर्दछ । अन्तरक्रियात्मक र निर्णय प्रक्रियामा सहभागितालाई मात्र अर्थपूर्ण सहभागिताको रुपमा लिन सकिन्छ[२] । बालबालिकाका अधिकारलाई संरक्षण गर्नका लागि बालबालिकालगायत सम्पूर्ण सरोकारवालहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी योजना तर्जुमा गर्नु पर्दछ ।

जनसहभागितामा तयार पारिने योजनाले मुलतः दुईवटा अपेक्षामा आधारित हुन्छ : पहिलो, जनता स्वयंले आफ्नो लागि तया पारेको योजना वास्तविक हुन्छ र यसले उनीहरूको आवश्यकतालाई समेटेको हुनेछ । दोस्रो, यसरी तयार पारिएको योजनालाई समुदायले आफ्नो ठान्दछन् र योजनाको कार्यान्वयन गर्नुका साथै त्यसको संरक्षण पनि गर्नेछन् ।

## २.३ बालअधिकारमा आधारित योजना तर्जुमा

### २.३.१ बालअधिकार

बालबालिकाको रुचि, चाहना, सोच, शैली र व्यवहारहरू तथा शारीरिक, मानसिक, संवेगात्मक एवं भावनात्मक अवस्था वयस्कहरूको भन्दा फरक हुन्छ । तसर्थ, बालअधिकारको भावनाअनुरुप बालापनको विशेष अवस्थाको पहिचान र सम्मान गरिनु पर्दछ । बालबालिकाको पनि नागरिक हैसियत हुनु पर्दछ । उनीहरूको राज्यसँगको प्रत्यक्ष सम्बन्ध रहेको र राज्यको उनीहरूप्रति अन्य नागरिक सरह उत्तरदायित्व रहेको अवस्था हुनु पर्दछ । बालबालिकाको पनि अन्य नागरिकसरहको राजनीतिक, नागरिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक हक अधिकारको व्यवस्था गरिनु पर्दछ ।

बालबालिका भनेका केवल कमजोर, जोखिममा रहेका, अपरिपक्व, हिंसा, दुर्व्यवहार र शोषणबाट पीडित समुदायमात्र नभई आफ्नो परिवेश र परिस्थितिका बारेमा अधिकतम जानकारी राख्ने र समस्याहरूको समाधानका लागि सुझाव दिनसक्ने सक्रिय व्यक्ति पनि हुने हुँदा उनीहरूको हुर्कदो क्षमताको पहिचान र सम्मान गरिनु पर्दछ ।

वयस्कहरूको तुलनामा बालबालिका बढी संवेदनशील हुन्छन् । उनीहरूका भिन्नै खालका आवश्यकता हुन्छन् । अलग सामाजिक, भावनात्मक र शारीरिक आवश्यकताहरू हुन्छन् । वर्तमान अवस्थामा बालबालिकामाथि विविधखाले दूर्व्यवहार भइरहेका छन् । घर, विद्यालयमा हुने पिटाइदेखि, बेचविखन, यौनदुर्व्यवहार, यौनशोषण, श्रमशोषणसम्मका दुर्व्यवहार हुने गरेका छन् । कतिपय अवस्थामा समाजमा बालबालिकालाई पूर्ण मानवको रुपमा नै स्विकार गरिएको हुँदैन । बालकको तुलनामा बालिकामाथि थप उत्पीडन रहेको अवस्था पनि छ । बालिकामाथि थप भेदभाव हुने गर्दछ र उनीहरूलाई फरक व्यवहार गरिन्छ । छोरीहरूलाई छोरासरह पढ्न नदिने र खाना पनि छोरा सरह दिने नगरेको घटनाहरू पनि पाइएका छन् ।

बालबालिका समाजको शक्ति संरचनामा सँधै तल परेका हुन्छन् । उनीहरूको कुरा सामान्यतयाः कमै मात्र सुनिने गरिन्छ । उनीहरूलाई सानो ठानेर हेप्ने गरेको र उनीहरूको भावनामा ठेस पुऱ्याउने काम गरेको पनि पाइन्छ । बालबालिकाले विशेष हेरचाह, मायाममता, स्याहार र संरक्षण पाउनु पर्दछ । यो उनीहरूको अधिकार हो । कतिपय अवस्थामा सानो उमेरका, जोखिममा परेका र सामाजिक संरक्षणबाट बञ्चित भएका कारण बालबालिकाले आफ्नो हकअधिकारको मागदावी गर्न सक्दैनन् । उनीहरूको अधिकारलाई संरक्षण गर्नुपर्ने हुन्छ । बालबालिकाको अधिकारको संरक्षण गर्नु वयस्कहरूको जिम्मेवारी हो ।

२ White, S. (1996), The Art of Facilitating Participation, New Delhi: Sage

संयुक्त राष्ट्रसंघको बालअधिकार महासन्धि, सन् १९८९ मा उल्लिखित बालअधिकारलाई सरल तरिकाले बुझ्न यसलाई चार समूहमा राखेर हेर्न सकिन्छ । तर यी बालअधिकारका चार समूहहरू एक आपसमा अत्यन्त सम्बन्धित र परिपूरक छन् । यी सबै अधिकार प्रत्येक बालबालिकाले बिना भेदभाव पाउनुपर्छ ।




(क) बाँच्न पाउने अधिकार

बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुनका लागि गर्भवती महिलाको विशेष स्याहार तथा बालबालिकाको सुरक्षित रूपमा जन्म हुनुपर्दछ । जन्मेपछि पौष्टिक आहार र आवास, स्वस्थ वातावरण, सफापानी, खोप तथा प्राथमिक उपचार लगायतका आधारभूत कुराको व्यवस्था हुनुपर्दछ ।

(ख) संरक्षण पाउने अधिकार

प्रत्येक बालबालिकाले भेदभाव, शोषण, दुर्व्यवहार, अपहेलना, उत्पीडन एवं हानिकारक काम तथा युद्धमा सङ्लग्न हुनुपर्ने स्थिति, ओसारपसार तथा बेचबिखन र बाबुआमाबाट अलग्गिनु पर्ने लगायतका जोखिमपूर्ण स्थितिबाट सुरक्षित हुन पाउनुपर्छ । अपाङ्गता भएका तथा परिवारविहीन बालबालिकाको निम्ति विशेष व्यवस्था हुनुपर्छ । सम्पूर्ण बालबालिकालाई कानुनी संरक्षण प्राप्त हुनुपर्छ ।

(ग) विकसित हुन पाउने अधिकार

स्वच्छ वातावरणमा सार्थक शिक्षा आर्जन गर्ने, मनोरन्जन, खेल र आराम गर्ने, बाबुआमाको समान माया ममता पाउने, उचित स्वास्थ्योपचार लगायत बालबालिकाको शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासका निमित्त आवश्यक पर्नेसुविधा र अवसरहरू सबै बालबालिकाले पाउनुपर्छ ।

(घ) सहभागी हुन पाउने अधिकार

बालबालिकाको जीवनमा प्रभाव पार्ने नीति निर्माण गर्दा र उनीहरूको विकासका लागि कुनै पनि निर्णय हुँदा उनीहरूले आफ्नो विचार व्यक्त गर्न पाउनुपर्छ । बालबालिकाका विचार र भावनाको कदर गर्दै उनीहरूको उमेर र परिपक्वताअनुसार त्यसलाई उचित मान्यता पनि दिइनु पर्दछ । रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक क्रियाकलापमा बिना भेदभाव सहभागी हुन पाउने, बालबालिकाको क्लब, समूह खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरू सबै बालबालिकाले पाउनुपर्छ ।

बालबालिकाको सहभागिताका सम्बन्धमा कतिपय स्थानमा वयस्कहरुद्वारा 'बालसहभागिता किन चाहियो वा यसको महत्व के छ' भन्ने सवाल गर्ने गरेको पाइएको छ । यस प्रश्नबारे बालसहभागिताका सम्बन्धमा सवाल उठाउने वयस्क वा अन्य समूहलाई स्पष्ट पार्न जरुरी हुन्छ । सामाजिक विकास प्रक्रियामा र यसका लागि विभिन्न संघ, संस्था वा समितिमा बालसहभागिता किन चाहियो भन्नेबारे तलको बुँदाहरुले स्पष्ट पार्न सहयोग गर्न सक्छ । बालसहभागिताले बालबालिकालाई निम्न कुराहरु गर्न मद्धत गर्दछ ः

१. बालबालिकालाई नयाँ ज्ञान र सीप प्राप्त गर्ने अवशर दिन्छ ।
२. बालबालिकाको आत्मविश्वास वढाउँछ र आत्मसम्मानको अवसर दिन्छ ।
३. सामाजिक विकास प्रक्रियामा बालबालिकाको सक्रियता बढाउँछ ।
४. बालबालिकालाई उनीहरुमाथि हुने शोषण र बेवास्तासँग जुध्न सक्ने बनाउँछ ।
५. बालबालिकाले आफ्ना कुराहरु वयस्कसँग राख्ने अवसर पाउँछन् ।
६. वयस्कहरुले गरेको कामका विषयमा समेत विश्लेषण गर्ने अवशर पाउँछन् ।
७. बालबालिकाको अनुभवले व्यवहारिक निर्णय गर्न सहयोग पुग्दछ ।
८. बालबालिकाका मुद्धाहरु वयस्कले सुन्ने र वुझ्ने अवसर पाउँछन् ।
९. शिक्षक, अभिभावक, सामाजिक कार्यकर्ता, राजनीतिकर्मी, जनप्रतिनिधिहरुलाई विभिन्न वातावरण, अनुभव र उमेरका बालबालिकासँग भेट्ने र अन्तरकृया गर्ने अवसर प्राप्त हुन्छ ।
१०. बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा सहयोग पुग्दछ ।
११. स्थानीय निकायको योजना छनौट प्रक्रियामा बालबालिकाको आवाजको संस्थागत प्रतिनिधित्व हुन्छ ।
१२. समाजमा सहअस्तित्वलाई स्विकार गर्दै सहकार्य गर्ने वातावरण सिर्जना हुन्छ ।

## २.३.२ बालअधिकारमा आधारित योजना

विश्वमा आधुनिक विकास अवधारणाको व्यवस्थित रुपमा व्याख्या र प्रयोग सन् १९४५ पछि भएको देखिन्छ । सन् १९५० र ६० को दशकमा 'आधुनिक प्रविधिको प्रयोग' र 'औद्योगिकिकरणको व्यापकता'लाई नै विकासको लागि महत्वपूर्ण आधारको रुपमा बुझिन्थ्यो । अमेरिका र पश्चिमा युरोपलाई विकासको लागि रोल-मोडेलको रुपमा हेरिन्थ्यो र अन्य समाजलाई परम्परागत समाजको रुपमा व्याख्या गरिन्थ्यो । अमेरिका र युरोपको जस्तो अवस्थामा पुग्नु नै विकसित हुनु हो भनेर बुझ्ने गरिन्थ्यो । विकासको आधुनिकताको मोडेलअनुसार आर्थिक बृद्धि (जिडिपि र जिएनपि)लाई विकासको प्रमुख सूचकको रुपमा लिइन्थ्यो । यसै अवधारणाअनुरुप सन् ५० र ६० को दशकमा विश्वका अनेकन मुलुकमा विकासको लागि प्रयासहरू भए । तर, आधुनिकताको विकासको मोडेलले अपेक्षाकृत रुपमा (यस अवधारणाले दावि गरेअनुरुप) लक्ष्य हासिल गर्न सकेको देखिएन । आर्थिक बृद्धि त भयो तर, समाजमा धनी र गरिवबीचको खाडल पनि झनै फराकिलो हुँदै गयो, परिवारहरू विखण्डित हुनथाले, वातावरणीय ह्रास हुने क्रममा बृद्धि भयो, वेरोजगारीमा अकल्पनीय बृद्धि भयो र मानिसहरूमा निरासामा बढ्न थाल्यो । यसरी आधुनिकताको अवधारणा माथि थुप्रै प्रश्नहरू खडा भए र वैकल्पिक विकासको अवधारणाको खोजी हुनथाल्यो ।

सन् १९७० अन्त्य र ८० को दशकको प्रारम्भतिर जन-केन्द्रित वा जन-सहभागितामूलक विकास अवधारणाबारे वहस हुनथाल्यो । यस अवधारणाले 'कुनै पनि विकास सम्बन्धित मुलुकको सामाजिक-सांस्कृतिक अवस्थाअनुरुप हुनुपर्ने र त्यसको लागि सम्बन्धित समाजले नै नेतृत्व लिनुपर्ने' मान्यतामा जोड दियो[३] । विकास बाहिरी विज्ञ वा संस्थाले लागु गर्ने नभई सम्बन्धित समुदायको सक्रिय सहभागितामा उनीहरूको अवस्था र आवश्यकताअनुसार हुनु पर्दछ र यसले त्यहाँको नागरिकहरूको अवस्थामा परिवर्तन ल्याउनका लागि हुनुपर्दछ भन्ने कुरामा जोड दिइयो । सन् १९८६ मा संयुक्तराष्ट्र संघको घोषणापत्रमा विश्वका हरेक नागरिकलाई 'आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक विकास प्रक्रियामा सहभागी हुने, त्यसका लागि योगदान गर्ने र त्यसबाट हुने लाभ प्राप्त गर्ने अधिकार हुन्छ जसका कारण नागरिकका सबै प्रकारका मानव अधिकार र आधारभूत स्वतन्त्रता सुनिश्चित हुनसक्छ' भन्ने कुरा उल्लेख गरिएपछि[४] विकासलाई नागरिकको अधिकारको रुपमा व्याख्या गरिन थाल्यो । कुनै पनि नागरिकको शिक्षामा पहुँच हुनु, स्वास्थ्य सेवा पाउनु, गाँसवास र कपासको व्यवस्था

३ कमल फुयाल (२०१२), जनमूखि विकास प्रक्रिया : अवधारणा र अभ्यास (ह्याण्ड-आउट्स), काठमाडौ : सगुन
४ http://www.ohchr.org/EN/Issues/Development/Pages/Introduction.aspx

हुनु र उसको सामाजिक न्यायको सुनिश्चितता हुनु भनेको उसको नागरिक अधिकारको हो भन्ने मान्यता स्थापित भयो । यसरी विकासलाई अधिकारको रुपमा बुझी सोहीअनुरुप विकासको योजना बनाउने कार्यको प्रारम्भ भयो । नेपालले भने आठौं योजनाबाट जनसहभागितामूलक योजना तथा विकास प्रक्रियाको अवलम्वन गरेको थियो । र, सन् १९९० को मध्य-दशकमा आइपुग्दा नेपाल सरकारले योजनामा बालबालिकाका विषयहरूलाई समाविष्ट गर्न तथा बालअधिकारको सम्वर्द्धन तथा प्रवर्धन गर्न कानुनी, नीतिगत, संस्थागत प्रावधान तथा समन्वय, सहकार्यका लागि मार्गहरू प्रशस्त गरिसकेको थियो । यस अन्तर्गत बालकेन्द्रित सामुदायिक विकासको अवधारणा स्थापित भएपश्चात बालबालिका लक्षित विकास प्रक्रियाका हरेक चरणहरूमा बालबालिकाको सहभागितालाई अनिवार्य शर्तको रुपमा स्वीकारिएको छ ।

बालबालिका लक्षित विकास कार्यका हरेक चरणहरूमा बालबालिकाको अर्थपूर्ण सहभागिता सूनिश्चित गर्दै बालअधिकारको सम्मान, पालना तथा परिपुर्तिको प्रत्याभूतिका लागि परिवार, समुदाय, अनि राज्य बालबालिकाप्रति संवेदनशील हुनुपर्दछ । यसका लागि योजना प्रक्रिया बालअधिकारमा आधारित हुनु आवश्यक छ भने बालबालिकाको लागि समय, स्रोत तथा सोचको यथोचित लगानी पनि हुनुपर्दछ । यसै मान्यताका साथ केन्द्रीय बालकल्याण समितिले नमुना कार्यक्रमका रुपमा २०६४ सालबाट नै विभिन्न तहमा जनसहभागिताका साथ सूचांकहरू तयार गरी बालमैत्री गाविस[५] निर्माणको थालनी गरेको थियो । यस अवधारणाले अझ व्यापकता पाउने गरी नेपाल सरकारबाट बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ जारी भई मूलप्रवाहीकरण भएको छ जसले योजना तर्जूमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताको सूनिश्चित गर्दछ ।

बालबालिका लक्षित कुनै पनि योजना, परियोजना तथा कार्यक्रम त्यतिवेला मात्र बालअधिकारमा आधारित हुन्छ जतिवेला त्यसले बालबालिकाको उच्चतम हीतलाई ध्यानमा राख्दै बिना भेदभाव बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको हुन्छ । साथै, उक्त योजना, परियोजना तथा कार्यक्रमबाट प्रवाह हुने सेवा तथा सेवा प्रवाहमा अपनाइने अभ्यासहरू पनि बालमैत्री हुनुपर्दछ र बालबालिकालगायत सम्बन्धित सरोकारवालाहरूलाई समेत सकारात्मक सुसूचित गर्दै क्षमता अभिबृद्धि गर्नसमेत योगदान पुऱ्याउन सक्ने खालको हुनुपर्दछ ।

बालबालिकाका कुनै पनि अधिकार पुरा हुन सकेका छैनन् वा बालबालिकाले ती अधिकारसँग सम्बन्धित समस्याहरू भोगी रहनु परेको छ भने त्यसलाई बालबालिकाका सवाल वा मुद्धा भनेर बुझिन्छ । तिनै सवालहरूको पहिचान गरी तिनको समाधान गर्न र बालअधिकारलाई सुनिश्चत हुने गरी तयार पारिने योजना नै 'बालअधिकारमा आधारित योजना' हो । यसमा मुलतः बालअधिकारका आधारभूत सिद्धान्तहरू : (१) कुनै पनि बालबालिकालाई कुनै पनि आधारमा भेदभाव गर्न नहुने, (२) हरेक कार्यमा सबैले बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनु पर्ने, (३) बालबालिकाको दीर्घ जीवन र विकासलाई ध्यान दिनु पर्ने र (४) सबै तहमा बालबालिकाको विचार र भावनालाई उचित कदर गर्ने, लगायतका कुरालाई विशेष ध्यानमा राखी बालअधिकारलाई सुनिश्चत गर्न सघाउ पुऱ्याउने गरी योजना तयार गरिन्छ ।

समग्रमा बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जूमा प्रक्रिया भन्नाले बालबालिकासँग सम्बन्धित वास्तविक सवाल तथा समस्याहरू (बालबचाउ, बालसंरक्षण, बालविकास र बाल सहभागितासँग सम्बन्धित) बालबालिकाका साथसाथै महिला, पुरुष, शिक्षक, नागरिक समाज, स्थानीय राजनीतिक दलका प्रतिनिधि, स्थानीय संघसंस्थासँग छुट्टाछुट्टै छलफल गरी पहिचान गर्ने, सवालहरूको प्राथमिकीकरण गर्ने र कारण तथा प्रभाव वृक्ष निर्माण गर्दै योजना तर्जूमा गर्नेसम्मको समग्र प्रक्रियालाई जनाउँदछ ।

---

५ पुरानो संरचनामा गाविस स्थानीय निकायको रुपमा थियो जसले केन्द्रको नीति, नियम र योजनाअनुसार विकासको कार्य अगाडि बढाउँथ्यो । वर्तमान समयमा राज्यको पुनसंरचना भइसकेको हुँदा गाउँपालिका स्थानीय सरकारको रुपमा बझिन्छ, जसले आफ्नै नेतृत्वमा विकासको सम्पूर्ण कार्य (योजना तर्जुमा, स्रोत व्यस्थापन/विभाजन, कार्यान्वयन, आदि) को नेतृत्व लिन्छ । तसर्थ, बाअधिकारमा आधारित योजना तर्जुमा प्रक्रियाको पूर्ण जिम्मेवारी पनि स्थानीय तहको हुन्छ ।

### २.३.३ बालअधिकारमा आधारित योजना तर्जुमाको महत्व

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४ उपदफा ५ मा नगरपालिका तथा गाउँपालिकाले योजना तर्जूमा र कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नुपर्नेछ भन्ने स्पष्ट उल्लेख भएको हुँदा बाअधिकारमा आधारित योजना तर्जुमा गर्नुपर्ने नीतिगत प्रावधान छ । साथै, दफा १२ उपदफा २ (क१) मा सहभागितामूलक योजना तर्जूमा प्रणाली अनुसार बस्ती वा टोल स्तरबाट योजना तर्जूमा प्रक्रिया अवलम्वन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण र छनौट गर्ने भनी उल्लेख भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को वडा समितिको काम, कर्तव्य र अधिकारको विकास कार्यअन्तर्गत 'वडालाई बालमैत्री बनाउने' भन्ने जिम्मेवारी वडा समितिलाई दिइएको हुँदा वडालाई बालमैत्री बनाउनका लागि पनि बालअधिकारमा आधारित योजना तर्जुमा गर्नु अपरिहार्य छ ।

बालबालिकासँग सम्बन्धित समस्या तथा सवालहरूको पहिचान र यसको समाधानको लागि योजना तर्जूमा गर्न उनीहरूको सहभागिता नित्तान्त जरुरी छ । तथापि, बालबालिकाको मात्र सहभागितामा बालअधिकारमा आधारित योजना तर्जुमा हुन सक्दैन । जानेर, नजानेर, वास्ता नगरेर वा थाहा नपाएर समाजका विभिन्न समूह तथा वर्गले बालबालिकाका अधिकार हनन गरिरहेका हुन्छन् । कतिपय अवस्थामा अभिभावक, शिक्षक, सामाजिक कार्यकर्ता, सामाजिक संघसंस्थाका कर्मचारी लगायत अन्य वयस्कले थाहा नपाएर (वा कतिपयले जानीजानी पनि) बालबालिकाको अधिकारलाई वेवास्ता गर्ने कार्य गरिरहेका हुन्छन् । तसर्थ, बालअधिकारको संरक्षणको लागि त्यस्ता व्यक्ति, समूह तथा तप्काको सहभागिता झनै महत्वपूर्ण हुन्छ । उनीहरूले बालबालिकाका सवालहरूको पहिचान गरी सवालको दिगो समाधानको लागि प्रतिवद्धतासहित योजना तर्जुमा नगरी बालअधिकारको संरक्षण हुन सक्दैन ।

बालबालिकाका समस्या तथा सवालहरू के हुन्, तिनका कारणहरू के-के हुन्, त्यसले बालबालिकाको जीवनमा, उनीहरूको परिवारमा र सिङ्गो समुदायमा के-कस्तो प्रभाव पारेको छ र उक्त समस्या समाधानको लागि के-कस्ता क्रियाकलापहरू गर्नु आवश्यक छ भन्ने प्रश्नमाथि सबै सरोकारवालाबीच गहन छलफल गरी योजना बनाइने हुँदा त्यसको प्रभावकारिता निश्चय नै बढी हुन्छ । स्थानीय सवालहरूमा आधारित भएर योजना बनाइने हुँदा यो दीगो पनि हुन्छ । बालबालिकासँग मात्र छलफल गरी योजना तयार गर्दा अधिकार माग गर्ने पक्षको मात्र संलग्नतामा योजना बन्न सक्दछ । तर, यस विधिबाट योजना तर्जूमा गर्दा स्थानीय तहका सवै सरोकारवाला पक्ष र बालअधिकार प्रत्याभूत गर्ने वर्गको समेत संलग्नतामा सहभागितामूलक योजना बन्ने भएकोले योजनाको अपनत्व हुने र कार्यान्वयमा समेत सहजता आउने भई बालअधिकार संरक्षण तथा प्रर्वद्धनमा सहयोग पुग्छ ।

समुदायमा विविध जातजाति, वर्ग, पेशा र उमेर समूहका मानिसहरू हुन्छन् । फरक फरक समूह तथा वर्गका फरक फरक सवालहरू हुन्छन् । यस योजना तर्जुमा गर्दा बालबालिकाले भोग्नु परेका प्रमुख समस्या तथा सवालहरूलाई केन्द्रमा राखिन्छ । बालबालिकाका समस्या तथा सवालहरू के हुन्, तीनका कारणहरू के के हुन्, त्यसले बालबालिकाको जीवनमा, उनीहरूको परिवारमा र सिङ्गो समुदायमा के-कस्तो प्रभाव पारेको छ र उक्त समस्या समाधानको लागि के कस्ता क्रियाकलापहरू गर्नु आवश्यक छ भन्ने प्रश्नमाथि गहन छलफल गरी योजना बनाइन्छ । योजना तर्जुमाका क्रममा सवालहरूको सही विश्लेषण गरी त्यसको दिगो समाधानका लागि रणनीति बनाउनु पर्दछ । योजनामा समस्या समाधानको लागि कार्यक्रम कार्यान्वयन गर्न कस्ता स्रोतहरू चाहिन्छ र स्रोत कसरी जुटाउने भन्ने कुरा पनि समावेस गरिन्छ । समग्रमा योजना तर्जुमा गर्दा तलका तीन कुराहरूमा ध्यान दिनु पर्दछ :

- बालबालिकाका वास्तविक सवालहरूको पहिचान हुनु पर्दछ
- सवालहरूको सही विश्लेषण हुनु पर्दछ
- समुदायले योजनालाई ग्रहण गर्नु पर्दछ वा 'यो हाम्रो योजना हो' भन्ने महसुस गर्नु पर्दछ

## २.४ बालअधिकारमा आधारित योजना तर्जुमा प्रक्रिया

स्थानीय तहको योजना तर्जूमा तथा बजेट दिग्दर्शन, २०७४ ले निर्दिष्ट गरेका वार्षिक बजेट तथा कार्यक्रम तर्जूमा प्रक्रियाका चरण नं ३ः बस्ती/टोल स्तरबाट आयोजना/कार्यक्रम छनौट र चरण नं ४ वडा स्तरीय आयोजना/कार्यक्रमहरूको प्राथमिकीकरण अन्तर्गत बजेट तथा कार्यक्रम तर्जूमा समिति र वडा समितिको सक्रियतामा बालबालिका, अभिभावकहरू, शिक्षक तथा बुद्धिजीवि वर्ग, स्थानीय प्रहरी, समुदायमा स्थापना भएका विभिन्न उपभोक्ता समूह (जस्तोः वचत समूह, आमा समूह) तथा समितिहरू र सामाजिक संस्थाका प्रतिनिधिहरू, स्थानीय तहमा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, स्थानीय तहका सम्पूर्ण प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधिहरू, बालमैत्री स्थानीय शासन समितिका प्रतिनिधिहरू एवम् वडा नागरिक मञ्चका प्रतिनिधिहरू बीच बालअधिकारमा आधारित योजना तर्जूमा विधि तथा प्रक्रियाको अवलम्वन गर्न सकिन्छ ।

### २.४.१ योजना तर्जुमाका ७ चरण

स्थानीय तहले बालअधिकारमा आधारित योजना तर्जुमा गर्दा, माथि उल्लेख गरिए झैँ, नेपाल सरकारको सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले लागु गरेको 'स्थानीय तहको योजना तथा बजेट तर्जुमासम्बन्धी दिग्दर्शन २०७४' मा उल्लेख गरिएको 'योजना तर्जुमाका ७ चरणहरू'लाई अनुशरण गर्नुपर्ने हुन्छ । हुन त उक्त दिग्दर्शनमा उल्लेख गरिएका योजना तर्जुमा ७ चरणहरू गाउँ तथा नगरपालिकाको समग्र योजना तर्जुमा गर्नका लागि तयार पारिएको हो । तथापि, बालअधिकारणको संरक्षण गर्दै बालबालिकाको चौतर्फी विकासको लागि सहभागितामूलक योजना तर्जुमा गर्दा पनि तिनै ७ चरणहरूको अनुशरण गर्नुपर्ने हुन्छ, जुन तल समावेस गरिएको छ । बालअधिकारमा आधारित योजना तर्जुमा गर्द मुलतः दुईवटा कुराहरू महत्वपूर्ण हुन्छन् : (क) वस्ती/टोल स्तरमा गरिने योजना तर्जुमा र, (ख) वस्ती/टोल स्तरमा तर्जुमा गरिएका योजनाहरूको प्राथमिकीकरण (जुन वडा तहमा गरिन्छ) । योजना तर्जुमाका ७ चरणहरूमध्ये 'वस्ती/टोल स्तरमा गरिने योजना तर्जुमा' लाई तेस्रो चरणमा (बुँदा ४.३) र 'वस्ती/टोल स्तरमा तर्जुमा गरिएका योजनाहरूको प्राथमिकीकरण' लाई चौथो चरणमा (बुँदा ४.४) मा व्याख्या गरिएको छ । तसर्थ, बालअधिकारमा आधारित योजना तर्जुमाका लागि तयार पारिएको यस पुस्तिकाले यी दुई चरणहरूलाई कसरी प्रभावकारी रुपमा सम्पन्न गर्ने भन्ने कुरालाई लक्षित गर्दछ ।

तालिका १ : सहभागितामूलक योजना प्रक्रियाका ७ चरणहरू

'स्थानीय तहको योजना तथा बजेट तर्जुमासम्बन्धी दिग्दर्शन २०७४'मा बुँदा ४ देखि योजना तर्जुमा प्रक्रियासम्बन्धी बुँदाहरू उल्लेख भएको हुँदा यहाँ उक्त योजना तर्जुमा प्रक्रियालाई जस्ताको तस्तै साभार गरिएको हो ।

४. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया

स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न चरणहरूको अवलम्बन गर्नुपर्नेछ ।

४.१ संघ तथा प्रदेशबाट वित्तिय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने ।

४.१.१ स्थानीय तहले प्रत्येक वर्ष संघीय/प्रदेश सरकारबाट वित्तिय हस्तान्तरणको खाका तथा मार्गदर्शन प्राप्त गरी उक्त खाका, मार्गदर्शन एवं स्थानीय स्रोत साधन समेतको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

४.२ स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण :

४.२.१ राजश्व परामर्श समितिले राजश्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजस्वको अनुमान गर्नेछ ।

४.२.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आवको बजेटको कुल सीमा, विषयक्षेत्रगत बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार र मार्गदर्शन तय गरी स्वीकृतीको लागि गाउँ/नगर कार्यपालिकामा पेश गर्नेछ ।

४.२.३ विषयक्षेत्रगत सीमा निर्धारण गर्दा समपुरक कोष, लक्षित समूह विकास, आर्थिक, सामाजिक तथा पुर्वाधार विकास र प्रवर्द्धनात्मक कार्यक्रमहरूको लागि निश्चित रकम छुट्याउन सकिनेछ ।

४.२.४ गाउँ/नगर कार्यपालिकाले विषयक्षेत्रगत बजेट सीमा, मार्गदर्शन तथा प्राथमिकिरणका आधारहरू स्विकृत गरी वडा तहमा पठाउने ।

४.२.५ वडा समितिले प्राप्त विषयक्षेत्रगत सिलिङ र मार्गदर्शनमा छलफल गर्ने, वडा अन्तर्गतका वस्तिहरूमा योजना छनोटको मोडालिटी तयार गर्ने, वस्तीहरूमा योजना छलफलको मिति तय गरी सूचना गर्ने ।

४.३ वस्ती/टोल स्तरबाट आयोजना/कार्यक्रम छनोट :

४.३.१ वडा समितिले वस्तीस्तरको आयोजना/कार्यक्रम छनोटको ढाँचा तय गर्दा वडा भित्रका वस्तीहरूलाई भौगोलिक अवस्थिति, जनसङ्ख्या, यातायातको सुविधा लगायतका आधारमा क्लस्टर निर्माण गरी सबै नागरिकलाई योजना छनोटको वस्ती स्तरिय भेलामा सहभागी हुने व्यवस्था मिलाउनु पर्नेछ ।

४.३.२ वस्ती/टोलस्तरको आयोजना/कार्यक्रम छनोटका लागि वडा सदस्यको नेतृत्वमा टोली परिचालन गर्नु पर्नेछ ।

४.३.३ वस्ती/टोलस्तरको आयोजना/कार्यक्रम छनोट गर्दा बालबालिका, महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, सिमान्तकृत, पिछडावर्गत लगायत सबै समुदायको अर्थपुर्ण उपस्थिति हुने व्यवस्था मिलाउनु पर्नेछ ।

४.३.४ वस्ती/टोलस्तरको आयोजना/कार्यक्रम छनोटमा नागरिक समाजका संस्थाहरू, महिला/आमा समूहहरू, बालक्लवहरू, स्थानीय गैरसरकारी संस्थाहरू, सहकारी संस्थाहरू, नीजि क्षेत्रका संस्थाहरू जस्ता स्थानीय संघसंस्थाहरूको सक्रिय सहभागिता गराउनु पर्नेछ ।

४.३.५ वस्ती/टोल स्तरमा छनोट भएका आयोजना/कार्यक्रमहरूको सूची तयार गरी वडा समितिमा पेश गर्नु पर्नेछ ।

४.४ वडा स्तरिय आयोजना/कार्यक्रमहरूको प्राथमिकीकरण

४.४.१ वडा समितिले गाउँपालिकाबाट प्राप्त आयोजना/कार्यक्रमहरूको प्राथमिकीकरण मापदण्डको आधारमा टोल/वस्तीस्तरबाट प्राप्त आयोजना/कार्यक्रमहरूलाई विषयक्षेत्रगत समेत छुट्याई प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफरिश गरी पठाउनु पर्नेछ ।

४.४.२ वडा समितिले वस्तीस्तरबाट माग नभएका तर गाउँ/नगरस्तरमा महत्वपुर्ण देखिएका आयोजना/कार्यक्रमहरूलाई समेत औचित्य खुलाई प्राथमिकिरणको सूचीमा राखी पठाउन सक्नेछ ।

४.५ बजेट तथा कार्यक्रम तर्जुमा

४.५.१ बजेट तथा कार्यक्रम तर्जुमा समितिले वडा समितिबाट प्राथमिकीकरण भई आएका आयोजना/कार्यक्रमहरू तथा गाउँ/नगर स्तरमा सञ्चालन गर्न आवश्यक देखिएका आयोजना/कार्यक्रमसमेतका आधारमा विषक्षेत्रगत सूची तयार गर्नु पर्नेछ ।

४.५.२ विषयक्षेत्रगत सूची तयार गर्दा देहाय वमोजिम क्षेत्र छुट्याउनु पर्नेछ ः

क) आर्थिक विकास ः कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तिय क्षेत्र,

ख) सामाजिक विकास ः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण,

ग) पूर्वाधार विकास ः सडक तथा पुल (झोलुंगे पुलसमेत), सिँचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जासमेत), संचार,

घ) वातावरण तथा विपद व्यवस्थापन ः वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, Sanitary Land Fill Sites, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारुण यन्त्र सञ्चालन,

ङ) संस्थागत विकास तथा सेवा प्रवाह ः मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग,

च) वित्तीय व्यवस्थापन र सुशासन ः लेखाङ्कन, राजस्व परिचालन, वित्तीय अनुशासन, वित्तीय जोखिम न्युनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परीक्षण तथा वेरुजु फर्छौट, सूचना तथा सञ्चार व्यवस्था,

४.५.३ आयोजना तथा कार्यक्रमहरूको विषयगत सूची माथि छलफलको लागि विषयगत क्षेत्र हेर्ने सदस्यको संयोजनमा गाउँ/नगर सभाका कम्तिमा १/१ जना महिला तथा दलित सदस्य, सम्बन्धित विषय हेर्ने शाखा/विभागका प्रमुखसमेत रहने गरी ५ सदस्यीय कार्य समूह गठन गरी समूहगत छलफलको व्यवस्था मिलाउनु पर्नेछ । यस्तो कार्यसमूहको सदस्य सचिव बजेट तथा कार्यक्रम समितिले तोकेको सम्बन्धित विषय हेर्ने शाखा/विभागका प्रमुख रहनेछन् ।

४.५.४ विषयगत कार्य समूहले निम्न पक्षहरूलाई समेत मध्यनजर गर्दै आयोजना/कार्यक्रमहरूको प्राथमिकिरण गर्नु पर्नेछ ः

क) गाउँ/नगर कार्यपालिकाले तय गरेको आयोजना/कार्यक्रम प्राथमिकीकरण मापदण्ड र आधार,

ख) आयोजनाहरूको सञ्चालनको सम्भाव्यता, प्राविधिक क्षमता र बजेट सीमा,

ग) आयोजना/कार्यक्रममा हुनसक्ने दोहोरोपना, अन्तर विषयगत परिपुरकता र अन्तरसम्बन्ध

४.५.५ विषयगत कार्य समूहले विषयक्षेत्रगत छलफलमा सम्बन्धित विषयका विज्ञ वा क्षेत्रका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

४.५.६ विषयगत कार्य समूहबाट छलफल भई प्राथमिकीकरण भएका आयोजना/कार्यक्रमलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले स्विकृतीको लागि गाउँ/नगर कार्यपालिकामा सिफारिस गर्नेछ ।

४.५.७ बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयोजना/कार्यक्रम सिफारिस गर्दा खर्च व्यहोर्ने स्रोत किटान भएका तथा बजेट सुनिश्चित भएका आयोजना/कार्यक्रमहरू मात्र पेश गर्नु पर्नेछ ।

४.५.८ बजेट तथा कार्यक्रम समितिले बजेट तथा कार्यक्रम पेश गर्दा देशाय वमोजिमका विवरणहरू समेत तयार गरी पेश गर्नु पर्नेछ । विवरण तयार गर्ने ढाँचा अनुसूचिहरूमा संलग्न भएवमोजिमको हुनु पर्नेछ ।

क) आगामी वर्षको लागि प्रस्तावित राजस्व/करका दरहरू

ख) स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रम

ग) स्थानीय तहको गत आवको यथार्थ, चालु आवको संसोधित अनुमान र आगामी आवको अनुमानित आयव्ययको विवरण

घ) स्थानीय तहको वार्षिक विकास कार्यक्रम (आयोजना/कार्यक्रमको विवरण)

ङ) विनियोजन विधेयक

च) आर्थिक विधेयक

४.६ गाउँ/नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्विकृत गर्ने

४.६.१ बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको नीति तथा कार्यक्रम, वार्षिक विकास कार्यक्रम र बजेट गाउँ/नगर कार्यपालिकामा छलफल गरी स्विकृत गर्नु पर्नेछ ।

४.६.२ यसरी स्विकृत नीति तथा कार्यक्रम, बजेट र वार्षिक विकास कार्यक्रम बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकले गाउँ/नगर सभामा असार १५ गर्ते बजेट भाषण मार्फत पेश गर्नेछ ।

४.७ गाउँ/नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति

४.७.१ गाउँ/नगर कार्यपालिकाले पेश गरेको नीति, कार्यक्रम र बजेट उपर गाउँ/नगर सभामा दफावार छलफल गरी बहुमतले पारित गर्नु पर्नेछ ।

४.७.२ यसरी पारित भएको नीति, कार्यक्रम र बजेट कार्यान्वयनको लागि गाउँ/नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

४.७.३ गाउँ/नगर कार्यपालिकाको कार्यालयले यसरी प्राप्त भएको नीति कार्यक्रम र बजेटको कार्यान्वयनको समय तालिका समेत तयार गरी कार्यान्वयनमा लैजानु पर्नेछ ।

योजना तर्जुमा प्रक्रियामा उल्लेख भएका गाउँपालिका तहमा गरिने विस्तृत कार्यहरू यस प्रकार छन् ः

## पहिलो चरण (४.१) ः संघ तथा प्रदेशबाट कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने

यस चरणमा स्थानीय तहले गाउँ/नगरपालिका र वडा तथा बस्तीमा योजना तर्जुमा गर्नका लागि आवश्यक खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्नेछ । योजना तर्जुमाका सम्बन्धमा के गर्ने, कसरी गर्ने भन्ने जस्ता सवालहरूबारे स्थानीय तहमा योजना तर्जुमा कार्यमा संलग्न हुने सबै व्यक्ति तथा निकाय स्पष्ट हुनेछन् ।

## दोस्रो चरण (४.२) ः स्रोत अनुमान र कुल बजेट सिमा निर्धारण

यस चरणमा स्थानीय सरकारले राजश्व परामर्श समितिबाट राजश्वको अनुमान गरी स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट आगामी आर्थिक वर्षको बजेटको कुल सिमा, विषय-क्षेत्रगत बजेट सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरणको आधार र मार्गदर्शन प्राप्त गर्नेछ । यसले स्थानीय तहलाई कार्यक्रमहरूको लागि निश्चित रकम छुट्याउन सहयोग मिल्नेछ ।

यसैको आधारमा नगर/गाउँपालिकाले विषय-क्षेत्रगत बजेट सिमा, मार्गदर्शन तथा प्राथमिकीकरणका आधारहरूलाई स्विकृत गरी वडा तहमा पठाउनेछ । वडा समितिले विषय-क्षेत्रगत बजेटको सिलिङ र मार्गदर्शनमा छलफल गरी वडामा रहेका विभिन्न वस्तीहरूमा कसरी योजना छनोट गर्ने भन्नेबारे एक मोडालिटि तयार पार्नेछ र प्रत्येक वस्तीमा योजना तर्जुमा गर्नका लागि मिति तय गरी सोही मितिमा योजना तर्जुमा गर्न वस्तीवासीहरूको सक्रिय सहभागिताको लागि सूचना जारी गर्नेछ ।

## तेस्रो चरण (४.३) ः वस्ती/टोल स्तरमा आयोजना/कार्यक्रमको छनोट

स्थानीय सरकाले आफ्नो वार्षिक आयोजना तर्जुमा गर्नका लागि सबैभन्दा महत्वपूर्ण कार्य यसै चरणमा सम्पन्न गर्नु पर्ने हुन्छ। समुदायमा विद्यमान वास्तविक सवालहरूको पहिचान गर्न सकिएन र ती सवालहरूका कारणहरू खुट्याउन सकिएन भने सहि योजना तर्जुमा हुन सक्दैन । तसर्थ, वस्ती र टोल तहमा बालबालिकासम्बन्धी के-कस्ता समस्या तथा सवालहरू छन् ? ती समस्या तथा सवालहरूका कारणहरू के-के हुन् ? ती समस्या तथा सवालले बालबालिकामा, बालबालिकाका परिवारमा र समग्र समाजमा कस्तो असर पारेको छ ? आदि कुराहरूको वस्तुगत विश्लेषण हुन सकेन भने सहि योजना तर्जुमा हुन सक्दैन र हचुवाको भरमा तयार पारिएको योजनाका लागि जति नै लगानी गरेपनि त्यसले बालबालिकाको अवस्थामा परिवर्तन ल्याउन सक्दैन ।

तसर्थ, वस्ती तहमा योजना तर्जुमा गर्दा त्यहाँको भौगोलिक अवस्था, जनसङ्ख्या र यातायातको अवस्थालाई मध्यनजर गरी सबैलाई सुविधा हुने स्थानमा योजना तर्जुमा कार्यक्रम राख्नु पर्दछ। यसका लागि एक स्थान वा फरक-फरक स्थानमा योजना तर्जुमा अभ्यास राख्न सकिन्छ । वस्ती/टोलीवासी सबैको सहभागिता हुने कुरालाई सुनिश्चित गरिनु पर्दछ । बालअधिकारलाई सुनिश्चित गर्नका लागि योजना तर्जुमा गर्नुपर्ने हुँदा बालबालिकाको सहभागिता त अनिवार्य हुन्छ नै त्यसबाहेक बालबालिकाको विकासको लागि उनीहरूको अभिभावक र त्यस क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाको उपस्थिति पनि अनिवार्य हुन्छ । विशेषतः योजना तजुमा गर्दा त्यहाँ वसोवास गर्ने बालबालिकालगायत महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, सिमान्तकृत र पिछडावर्गलगायत सबैको अर्थपूर्ण सहभागिता अनिवार्य हुन्छ। यहाँ उल्लेख गरिएका सबैलाई एकैस्थानमा राखेर छलफल चलाउँदा सबैको उत्तिकै  सहभागिता नहुन सक्छ। तसर्थ, कार्यक्रम सहजकर्ताले आवश्यकतानुसार सहभागीहरूलाई समूह-समूहमा छुट्याएर छलफल चलाउनु उपयुक्त हुन्छ।

बालअधिकारमा आधारित भई योजना तर्जुमा गरेपछि त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने भएकोले योजना तर्जुमा अवधिमा नै स्थानीय तहमा बालबालिकाका विकासका लागि कार्य गर्ने विभिन्न संघसंस्था, नागरिक समाजका संस्थाहरू, महिला/आमा समूह, बालक्लवहरू, गाउँ बालसञ्जाल, सहकारी संस्था, निजी क्षेत्रका संस्था, बालबालिकाका सवालसँग प्रत्यक्ष सरोकार राख्ने गैरसरकारी संस्थाहरूको सहभागिता आवश्यक हुन्छ।

माथि उल्लेख गरिएका सबैको सहभागितामा योजना तर्जुमा गरी वडा समितिमा पेस गर्नु पर्दछ। वस्ती/टोल तहमा योजना तर्जुमा गर्नका लागि वडा सदस्यहरूको नेतृत्वमा टोलीहरू तयार पारी परिचालन गर्नु पर्दछ। समग्रमा वस्ती/टोल तहमा बालबालिकाका लागि योजना तर्जुमा गर्दा निम्न कार्य गर्नु पर्दछ :

- वडा सदस्यको नेतृत्वमा योजना तर्जुमा टोली तयार पार्ने ।
- योजना तर्जुमा टोलीलाई बालअधिकारमा आधारित योजना तर्जुमाका लागि अवधारणा र सीपसम्बन्धी अभिमुखिकरण गर्ने ।
- वस्ती/टोल तहमा पुगी स्थानीय सबैको सक्रिय सहभागितामा बालबालिकासम्बन्धी समस्या तथा सवालहरूको पहिचान गर्ने ।
- समस्या तथा सवालहरूको विश्लेषण गर्ने :
    - यसका कारणहरू के-के हुन् ? ती कारणहरू कहाँ अवस्थित छन् ?
    - समस्या तथा सवालले बालबालिकालाई कस्तो असर पारेको छ ? कुन समूह र वर्गको बालबालिकालाई कस्तो-कस्तो असर गरेको छ ? बालबालिकाको परिवारलाई कस्तो असर पारेको छ ? र, समग्र समाजमा कस्तो असर गरेको छ ?
- समस्या तथा सवालको समाधानको लागि योजना तर्जुमा गर्ने :
    - प्रत्येक समस्या र सवालको समाधानको लागि कस्तो क्रियाकलाप गर्नु पर्दछ ?
    - उक्त क्रियाकलापलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने क्रममा क-कस्ता चुनौती आउलान् र  चुनौतीलाई समाधान गर्न कस्तो रणनीति चाहिन्छ ?
- वस्ती/टोल तहमा योजना तर्जुमा गरी वडा समितिमा पेस गर्ने । यस क्रममा योजना तर्जुमा गर्ने टोलीले उक्त योजना किन गर्नुपर्ने, योजना कार्यान्वयन भएमा वस्ती/टोलका बालबालिकाको अवस्थामा कस्तो परिवर्तन आउँछ भन्ने कुराहरूबारे स्पष्ट हुनु पर्दछ। योजनाको औचित्य स्पष्ट नभएमा उक्त योजनाको आवश्यकता रहेको कुरालाई प्रमाणित गर्न अप्ठेरो पर्दछ।

बालअधिकारलाई संरक्षण गर्नका लागि योजना तर्जुमा गरिए तापनि यसलाई नगर/गाउँपालिकाको मुल योजनामा समाहित गरी त्यसको कार्यान्वयनको लागि अगाडि बढाउँदा उपयुक्त हुन्छ। यदि नगर/गाउँपालिकाले बालबालिकाको लागि छुट्टै रकम विनियोजन गरेको स्थितिमा भने बालबालिकासम्बन्धी योजनालाई नै केन्द्रित गरी कार्यान्वयन गर्न सकिन्छ।

### चौथो चरण (४.४) : वडा स्तरिय आयोजना/कार्यक्रमहरूको प्राथमिकीकरण

यस चरणमा वस्ती/टोलहरूबाट प्राप्त परियोजनाहरूको प्राथमिकीकरण गरिन्छ। यस कार्यमा वडा तहका जनप्रतिनिधिहरू, बालअधिकारसँग सम्बन्धित अन्य सरोकारवालाहरू, बालबालिकाका प्रतिनिधिहरू लगायतको सहभागिता रहनु पर्दछ। कुन वस्ती/टोलमा कुन-कुन कार्य गर्ने, कुन कार्यक्रम पहिला गर्ने र कसरी गर्ने भन्ने कुराको तय गरिन्छ। समग्रमा वस्ती/टोल तहमा बालअधिकार संरक्षणका लागि तर्जुमा गरिएका योजनाहरूको प्राथमिकीकरण गर्न निम्न कार्य गर्नु पर्दछ :

- वस्ती/टोल तहमा तयार पारिएका योजनाहरूको प्रस्तुति। यस क्रममा योजना तर्जुमा गर्नका कारण तथा आधारहरू पनि प्रस्तुत गर्नु पर्दछ। कुन सवाल र त्यसको असरबारे प्रस्तुत भएपछि प्राथमिकिरण गर्न सहज हुन्छ।
- योजनाहरूको प्राथमिकीकरण। यसका लागि समस्या र सवालले पारेको असरलाई ध्यानमा राखी कुन योजना आवश्यक छ र कुन योजना पहिला गर्नु पर्दछ भन्ने कुराको निर्क्योल गर्नु पर्दछ।

### पाँचौं चरण (४.५) : बजेट तथा कार्यक्रम तर्जुमा

यस चरणमा बजेट तथा कार्यक्रम तर्जुमा समितिले वडा समितिबाट प्राथमिकीकरण भई आएका आयोजना/कार्यक्रमहरू तथा गाउँ/नगर स्तरमा सञ्चालन गर्न आवश्यक देखिएका आयोजना/कार्यक्रमसमेतका आधारमा विषय-क्षेत्रगत सूचि तयार गर्नेछ। यस क्रममा विषयगत कार्य समूहले विषय-क्षेत्रगत छलफलका लागि विज्ञहरूको सहयोग पनि लिनेछ। तत्पश्चात् विषयगत समितिबाट प्राथमिकीकरण भएका आयोजना/कार्यक्रमलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले स्वीकृतिको लागि गाउँ/नगरपालिकामा सिफरिस गर्नेछ।

### छैठौं चरण (४.६) : गाउँ/नगरपालिकाबाट बजेट तथा कार्यक्रमको स्वीकृति

यस चरणअन्तर्गत बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको नीति तथा कार्यक्रम, वार्षिक विकास कार्यक्रम र बजेट गाउँ/नगर कार्यपालिकामा छलफल गरी स्विकृत गर्नेछ। यसरी स्वीकृति भएको नीति तथा कार्यक्रम, बजेट र वार्षिक विकास कार्यक्रम बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकले गाउँ/नगर सभामा असार १५ गते बजेट भाषणमार्फत् पेश गर्नेछ।

### सातौं चरण (४.७) : गाउँ/नगर सभाको बैठकबाट बजेट तथा कार्यक्रमको स्वीकृति

यस चरणमा गाउँ/नगरपालिकाले पेश गरेको नीति, कार्यक्रम र बजेट उपर गाउँ/नगर सभामा दफावार छलफल गरी बहुमतले पारित गर्नेछ र सोलाई कार्यान्वयनको लागि गाउँ/नगर कार्यपालिकाको कार्यालयमा पठाइनेछ। गाउँ/नगर कार्यपालिकाको कार्यालयले यसको प्रभावकारी कार्यान्वयनको लागि एक 'कार्यान्वयन समय तालिका' समेत तयार पारी कार्यान्वयनमा लगिनेछ।

योजना तर्जुमाका लागि सात चरण पार गर्नुपर्ने हुन्छ। तथापि, माथि उल्लेख गरिएझैं यस सहयोगी पुस्तिकाको मुल उद्देश्य वस्ती/टोल तहमा बालबालिकासम्बन्धी समस्या तथा सवालहरूको पहिचान गरी, त्यसको वस्तुगत विश्लेषण गर्दै सवालहरूको सहि समाधानको लागि उपयुक्त योजना तर्जुमा गर्नुका साथै त्यसको प्रभावकारी प्राथमिकीकरण गर्न सहयोग पुऱ्याउनु हो। त्यसैले, माथि उल्लेख गरिएको तेस्रो र चौथो चरणमा समावेस गरिएका क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनबारे यस पुस्तिकामा विस्तृत रुपमा मार्गनिर्देश गरिएको छ।

### २.४.२ योजना तर्जुमा अभ्यास प्रक्रिया

माथि ४.३ बुँदामा प्रस्तुत वस्ती/टोल तहमा गरिने योजना तर्जुमा अभ्यासलाई यहाँ विस्तृत रुपमा प्रस्तुत गरिएको छ। योजना तर्जुमा अभ्यास प्रक्रियालाई वडा अध्यक्षको संयोजन र वडा सदस्यको अगुवाईमा सञ्चालन गर्नु पर्दछ। तथापि, सबै गाउँ/नगर पालिकाका वडा सदस्यहरूमा 'बालअधिकारमा आधारित योजना तर्जुमा अभ्यास कार्यक्रम'को सहजीकरण गर्न आवश्यक ज्ञान र सीप छैन भने बालअधिकारमा आधारित योजना तर्जुमा अभ्यास गर्न जान्ने व्यक्ति वा संस्थाले सहयोग गर्नु पर्दछ। यस सम्बन्धमा केन्द्रीय बालकल्याण समितिको संयोजकत्व तथा जिल्ला बालकल्याण समितिको अगुवाईमा जिल्लामा बालअधिकारसँग सम्बन्धित जिल्ला बालकल्याण अधिकृत वा बालअधिकार स्रोत व्यक्ति वा यसै विषयमा कार्यरत जिल्लाका बालअधिकारसँग सम्वद्ध सहजकर्ताहरूले सहयोग गर्नुपर्ने हुन्छ। तथापि, योजना तर्जुमा अभ्यासको सहजीकरण यस विषयको दक्ष जुन व्यक्ति वा संस्थाले गरे तापनि यसको मुल जिम्मेवारी वडा सदस्यको हुनेहुँदा प्रत्येक योजना तर्जुमा अभ्यासमा वडा सदस्यको उपस्थिति अनिवार्य हुन्छ।

वस्ती/टोल तहमा योजना तर्जुमा अभ्यास सञ्चालन गर्नु अघि यसका लागि विशेष तयारी गर्नु पर्ने हुन्छ। योजना तर्जुमाको उद्देश्य के हो ? योजना तर्जुमा किन गर्ने ? योजना तर्जुमा अभ्यासमा को-को सहभागी हुनु पर्दछ ? योजना तर्जुमा कहाँ र कहिले गर्ने ? योजना तर्जुमा गर्ने विधि कस्तो हुनुपर्छ ? योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरू के हुन् ? वस्ती/टोलमा योजना तर्जुमा अभ्यास कसरी सञ्चालन गर्ने ? जस्ता प्रश्नहरूमाथि केन्द्रित भई तयार गर्नु पर्दछ। योजना तर्जुमा अभ्यासलाई सहजीकरण गर्ने टोली यी प्रश्नहरूबारे स्पष्ट हुनु पर्दछ। सहजकर्ता टोली यी प्रश्नहरूबारे स्पष्ट हुन र योजना तर्जुमाको लागि तयार गर्न तलका बुँदाहरूले सहयोग गर्नेछन्।

#### (क) योजना तर्जुमाको उद्देश्य र महत्व

समुदायमा बालअधिकारको संरक्षण र बालबालिकाको चौतर्फी विकासका लागि योजना तर्जुमा गनुपर्ने भएकोले योजना तर्जुमाको उद्देश्य के हो र यो किन गर्नुपर्ने हो भन्नेबारे सबैभन्दा पहिला समुदाय नै स्पष्ट हुनु पर्दछ। यसका लागि योजना तर्जुमा किन गर्ने, यसको उद्देश्य के हो भन्नेबारे समुदायसँग छलफल गरी योजना तर्जुमा अभ्यासको थालनी गर्नु अगाडि नै योजना तर्जुमा गर्नुको उद्देश्यबारे समुदाय र समुदायमा बालअधिकारसँग सम्बन्धित सबै सरोकारवालाहरूलाई स्पष्ट पार्नु पर्दछ। योजना तर्जुमाको उद्देश्यबारे समुदाय स्पष्ट भएपछि मात्र योजना तर्जुमा प्रक्रियामा समुदायको सक्रिय सहभागिता सम्भव हुनसक्छ र समुदायले यसलाई आफ्नो ठान्दछन् र त्यसको प्रभावकारी कार्यान्वयनको जिम्मेवारी लिन्छन्। योजना तर्जुमाका उद्देश्यहरू त समुदाय र सँग अन्य सरोकारवालाहरूसँग छलफल गरेर नै निर्धारण गर्नु पर्दछ। तथापि, सहजकर्ता टोलीलाई यसबारे पहिले नै केही तयारी गर्नु पर्दछ। योजना तर्जुमाका उद्देश्यहरू निम्न हुनसक्छन् :

- समुदायमा विद्यमान बालबालिकासँग सम्बन्धित वास्तविक समस्या तथा सवालहरूको पहिचान गर्ने।
- ती समस्या तथा सवालहरू हुनका कारण र यसले बालबालिका तथा समुदायमा पारेको प्रभावको विश्लेषण गर्ने।
- समुदायका बालबालिकाका साथै अन्य लक्षित समूहहरूको सक्रिय सहभागितामा योजना तयार पार्ने।
- समुदायमा 'यो हाम्रो योजना हो' भन्ने भावना जागृत गराउने।
- बालअधिकारमा आधारित योजना तयार पारी यसको कार्यान्वयनलाई सुनिश्चित गर्ने।

#### (ख) योजना तर्जुमाका लागि सहजकर्ता तथा सहभागी निर्धारण

सहभागितामूलक योजना तर्जुमा शब्दावलीले समुदायका कार्यक्रमसँग सम्बन्धित सबैको सहभागिता भन्ने बुझाउँछ। कुनै पनि समस्याको समाधानका लागि योजना तर्जुमा गर्दा समस्याबाट प्रभावित हुने पक्षको र प्रत्यक्ष वा परोक्ष रुपमा समस्या सिर्जना गर्ने पक्ष सहभागिता अत्यन्तै महत्वपूर्ण हुन्छ। बालबालिकाका सवालमा पनि यहि मान्यता लागू हुन्छ। बालबालिकासँग सम्बन्धित समस्या तथा सवालहरूको पहिचान र यसको समाधानको लागि योजना तर्जुमा गर्न उनीहरूको सहभागिता नित्तान्त जरुरी छ। साथै, जानेर, नजानेर, वास्ता नगरेर वा थाहा नपाएर बालबालिकाका अधिकार

हनन गर्ने वर्गहरूको सहभागिता झनै आवश्यक हुन्छ । बालअधिकार संरक्षणका लागि सबैभन्दा जिम्मेवार भनेको तिनका अभिभावक नै हुन् । तसर्थ, बालअधिकार संरक्षणका लागि योजना तर्जुमा गर्दा वयस्कहरू (जो बालबालिकाका अभिभावक हुन्)को सहभागिता अनिवार्य हुन्छ । साथै, बालबालिकाका सवालमा कार्यरत संघसंस्थाको सहभागिताको पनि जरुरी हुन्छ । तसर्थ, योजना तर्जुमा प्रक्रियामा निम्न पक्षको सहभागिता हुनु पर्दछ ः

- बालबालिका
- अभिभावक
- शिक्षक तथा बुद्धिजीवि वर्ग
- समुदायमा स्थापना भएको विभिन्न समूह (जस्तो ः वचत समूह, आमा समूह), समिति र सामाजिक संस्थाका प्रतिनिधिहरू
- वडामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधिहरू
- वडाका प्रतिनिधिहरू (वडाध्यक्ष, वडा सदस्यहरू लगायत)
- राजनैतिक दलका प्रतिनिधिहरू
- बालमैत्री स्थानीय शासन गाउँ समितिका प्रतिनिधिहरू

## (ग) योजना तर्जुमा स्थान

'स्थानीय तहको योजना तथा बजेट तर्जुमासम्बन्धी दिग्दर्शन २०७४' ले स्पष्ट रुपमा योजना बनाउने कार्य वस्ती/टोलमा नै सञ्चालन गर्नुपर्ने उल्लेख गरेका छ । वडामा कतिवटा वस्ती/टोलहरू छन् र भौगोलिक रुपमा कसरी अवस्थित छन् भन्ने कुरालाई बिचार गरी प्रत्येक वडामा कतिवटा योजना तर्जुमा अभ्यासहरू सञ्चालन गर्ने भन्ने कुराको निर्क्योल गरिनु पर्दछ । मुलतः वस्ती/टोलवासीको सहज पहुँच पुग्ने कुरालाई मध्यनजर राखी योजना तर्जुमा अभ्यासको लागि स्थान निर्धारण गर्नु पर्दछ । यसको लागि सम्बन्धित वस्ती/टोलवासीसँग नै छलफल गरी निर्णय गर्नु उपयुक्त हुन्छ । योजना तर्जुमा गर्ने समय सबै सहभागीलाई उपयुक्त हुनुपर्ने भएकोले यसबारे पनि समुदायसँग छलफल गरी समुदायलाई समय निर्धारण गर्न दिनु उपयुक्त हुन्छ । योजना तर्जुमाको लागि स्थान तथा समय निर्धारण गर्दा निम्न कुराहरूलाई ध्यानमा राख्नु पर्दछ ः

- दुरी र यात्राका हिसाबले सबैलाई पायक पर्ने स्थान ।
- योजना तर्जुमा अभ्यासका क्रममा छलफल मात्र गर्ने नभई अभ्यास पनि गर्नुपर्ने हुँदा सहभागीहरू सबैजना सहजै अटाउने र अभ्यास पनि गर्न सकिने क्षेत्रफल (हल वा खुल्ला स्थान) भएको स्थान ।
- घाम र पानीले असर पार्ने अवस्था भएमा योजना तर्जुमा अभ्यास सहज रुपमा अगाडि बढ्न सक्दैन । तसर्थ, घाम पानीबाट जोगिन सक्ने स्थान हुनु पर्दछ ।
- अनावश्यक रुपमा होहल्ला नहुने स्थान ।
- योजना तर्जुमा अभ्यासमा विभिन्न जातजाजाति, उमेर समूह, धर्म, लिङ्गका व्यक्तिहरू सहभागी हुनेहुँदा स्थानको कारण कसैलाई पनि असर नपर्ने र सबैले सहजै उपस्थित हुनसक्ने स्थान हुनु पर्दछ ।
- बसाईको व्यवस्थाले पनि सहभागीहरूको सक्रियतामा असर पर्ने हुँदा बसाई व्यवस्थालाई विशेष ध्यान पुर्‍याउनु पर्दछ । समूहगत छलफल गर्दा एकै स्थानमा गोलाकार बसाईको व्यवस्था हुन सकेमा सबैले सबैलाई देख्न-सुन्न सक्ने हुँदा सहभागीहरू बिना हिचकिचाहट आफ्नो बिचार व्यक्त गर्न सक्दछन् ।
- कार्यक्रमलाई सकेसम्म अनौपचारिक बनाउने र योजना तर्जुमा अभ्यास गर्दा सहजकर्ता र सहभागीहरू एकै स्थान तथा तहमा बस्नु उपयुक्त हुन्छ । कोही माथि मेचमा बस्ने र कोही भुईमा बस्ने स्थिति नभएमा राम्रो हुन्छ । जातिय वा अन्य हिसाबले बसाईको स्थान निर्धारण हुनु हुँदैन ।
- चाडपर्व वा कुनै पनि प्रकारको जात्रामात्रा नपर्ने गरी समय निर्धारण गर्ने । समुदायलाई सहज हुनेगरी समुदायकै सुझावअनुसार योजना तर्जुमा अभ्यासको लागि बिहान वा दिनको समय निर्धारण गर्ने । तर, योजना तर्जुमा अभ्यासको लागि पर्याप्त समय चाहिने हुँदा हतारहतारमा योजना बनाउनु पर्ने गरी समय निर्धारण गर्नु हुँदैन ।

### (घ) योजना तर्जुमा विधि

समुदायमा विविध प्रकारका व्यक्ति, समूह वसोवास गर्ने हुँदा योजना तर्जुमा अभ्यासमा सबै सहभागीहरू सबैलाई सहज हुने विधिको प्रयोग गर्नु पर्दछ। नेपाली भाषा लेखपढ गर्न सक्ने र नसक्ने दुबैथरी सहभागी हुनेहुँदा सरल भाषा र साथमा चित्र तथा विभिन्न संकेतहरूको प्रयोगले सबैले बुझ्ने गरी अभ्यासलाई सहजीकरण गर्नु पर्दछ। आवश्यकतानुसार स्थानीय भाषाको उपयोग गरी सबैले आफ्ना बिचारहरू व्यक्त गर्न सक्ने वातावरण तयार पार्नु पर्दछ। सहभागितामूलक विधिहरूको उपयोग गर्न सकिएमा योजना तर्जुमा अभ्यासका लागि सहज वातावरण सिर्जना गर्न सकिन्छ र यसले सबैलाई सक्रिय रुपमा सहभागी हुनका लागि उत्प्रेरित गर्दछ। विधिबारे योजना तर्जुमा अभ्यास प्रक्रियासम्बन्धी विस्तृत व्याख्या गरिएको छ।

### (ङ) योजना तर्जुमा गर्दा दिनुपर्ने प्राथमिकताहरू

गाउँपालिका वा नगरपालिकाले वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिनु पर्नेछ[६] :

- बालबालिकाका समस्या तथा सवालहरूलाई प्रत्यक्ष लक्षित गरी ती समस्या तथा सवालहरूको समाधानको लागि योगदान गर्ने,
- बालअधिकार संरक्षणको लागि सहयोग गर्ने,
- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने,
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने, स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरू।

### (च) योजना तर्जुमाका क्रममा आउन सक्ने चुनौती तथा समाधानको लागि रणनीति

बालअधिकार संरक्षणका लागि योजना तर्जुमा गर्दा विभिन्न प्रकारका चुनौतीहरू आउन सक्छन्। त्यस्ता सम्भावित चुनौतीबारे पहिले नै छलफल गरिएमा चुनौती समाधानका लागि अग्रिम रुपमा रणनीति तयार पार्न सकिन्छ र योजना तर्जुमा प्रक्रियालाई प्रभावकारी बनाउन सकिन्छ। कतिपय चुनौतीहरू योजना तर्जुमा विधि र प्रक्रियासँग सम्बन्धित हुन्छन् भने केही समाजमा विद्यमान शक्ति संरचनाका कारण उपस्थित व्यक्तिहरूको सहभागिता सम्बन्धित हुन्छन्। केही चुनौतीहरू योजनाबारे सहभागीहरूको बुझाईका कारण पैदा हुन्छन् भने केही बालबालिकाप्रतिको धारणासम्बन्धी हुन्छन्। कहिलेकाहिँ वातावरणीय चुनौतीले पनि योजना तर्जुमा प्रक्रियामा बाधा पुऱ्याउन सक्छ। चर्को घाम वा पानी पर्ने कारण समस्या पर्न सक्छ। यसको लागि पहिले नै तयारी गर्नु पर्दछ केही चुनौती प्राय सबैतिर आउने खालका हुन्छन् भने केही चाहिँ समुदाय सापेक्ष हुन्छन्। तसर्थ, सम्भावित चुनौतीबारे योजना तर्जुमाका लागि जिम्मेवार सहजकर्ता टोली बसेर छलफल गरी त्यसको समाधानको लागि आवश्यक रणनीति तयार पार्नु पर्दछ। तथापि, यस सहयोगी पुस्तिकाको उपयोगिता परीक्षण गर्ने क्रममा अनुभव गरिएका चुनौतीहरूलाई यहाँ समावेस गरिएको छ, जुन निम्नानुसार छन् :

६ स्थानीय तहको बार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)

- कतिपय समुदायलाई वा त्यहाँको केही व्यक्तिहरूलाई बालअधिकारको अर्थ र महत्वबारे वोध नहुँदा 'बालअधिकारसम्बन्धी योजना'लाई हल्का रुपमा लिई वास्तविक योजना तर्जुमा नहुन सक्छ । पहिले पनि बालबालिकाका लागि योजना बनाउँदा, बालबालिका हिँड्ने त हो भनी बाटोसम्बन्धी योजना बनाउने, बालबालिकाको पनि प्रयोग गर्छन् भनी सभा भवन बनाउने जस्ता कार्य भएका छन् । यस्ता चुनौतीहरूको न्यूनिकरणका लागि समुदायलाई सबैभन्दा पहिला बालअधिकारको अर्थ, बालसंरक्षणको महत्व र यसले भविष्यमा बालबालिकाको चौतर्फी विकासमा पर्ने असर तथा त्यसले समुदायको समग्र विकासमा पार्ने प्रभावबारे स्पष्ट पार्नु पर्दछ । त्यसपछि मात्र बालअधिकार संरक्षणको लागि योजना बनाउनु पर्दछ ।
- अझै पनि कतिपय समुदायमा 'केटाकेटीले ठूलाको कुरा सुन्न हुन्न' भन्ने मान्यता राख्ने गरेको कारण ठूलाहरू कुरा गरिरहेको ठाउँमा बालबालिकालाई निषेध गर्ने गरेको पाइन्छ । यस्तो अवस्थामा बालबालिकाले योजना बनाउने कार्यमा योगदान गर्न सक्दैनन् वा यस्ता कार्यमा उनीहरूको सहभागिताको आवश्यकता पर्दैन भन्ने मान्यता छ । त्यस्तो समुदायमा बालअधिकारमा आधारित वास्तविक योजना बन्न सक्दैन । सर्वप्रथम त्यस्तो मान्यतालाई चिरेपछि मात्र वास्तविक योजना बनाउन सकिन्छ ।
- हाम्रो समाज अझै पनि जातजाति, आर्थिक अवस्था, लैङ्गिक अवस्था, उमेर समूह र पेशागत हिसाबले समुदायमा गरिने सहकार्यमा प्रभाव पार्दछ । तल्ला जातको भनिनेहरूले बोल्न नपाउने वा ठूला जातको भनिनेहरूको माझमा उनीहरूले बोल्न नसक्ने, महिला र पुरुषको संयुक्त छलफलमा महिलाहरूको आवाज ओझेलमा पर्ने/पारिने, गरिवहरूको आवाज नसुनिने, वयस्कहरूको अगाडि बालबालिकाको बिचारले मान्यता नपाउने, 'पढेलेखेका शिक्षित'हरूको अगाडि लेखपढ गर्न नसक्नेहरूको बोलीको कदर नहुने जस्ता समस्या अद्यापि विद्यमान छ । यस्तो अवस्थामा योजना प्रक्रियामा सिमान्तकृत वर्गको सहभागिता अत्यन्तै ठूलो विषय बन्दछ । तसर्थ, यस्तो अवस्थाबारे योजना तर्जुमा सहजकर्ता टोली पहिले नै सजग भई सबैको सहभागिता हुने विधि र प्रक्रियाको उपयोग हुनु पर्दछ ।
- सामान्य मान्छेले योजना बनाउन सक्दैनन् यस्तो कार्य गर्ने भनेको बुद्धिजिवि, अगुवा र नेताहरूको हो भन्ने धारणा आम मानिसमा पाइन्छ । समाजमा व्याप्त यस्तो धारणाका कारण सामान्य किसानहरू, कृषि मजदुरहरू, गैरकृषि मजदुरहरू, गृहिणीहरू समुदायमा बन्ने योजनामा त्यति चासो राख्दैनन् । यस्तो अवस्थामा उनीहरूले दिनानुदिन भोगीरहेका समस्या तथा सवालहरूलाई लक्षित गरी योजना बन्न सक्छ भन्ने कुरालाई सुनिश्चित गर्न सकिँदैन । वास्तविक योजना तर्जुमा हुनका लागि उनीहरूको सहभागिता अनिवार्य हुन्छ । सहजकर्ता टोलीले यसबारे पर्याप्त तयारी गरेर मात्र योजना तर्जुमा प्रक्रियाको थालनी गर्नु पर्दछ ।
- अझै पनि कति समुदायमा प्राय योजना बनाउँदा केही व्यक्तिहरू ('विज्ञ'हरू) बसी सिंगो समुदायको लागि योजना बनाउने गरेको पाइन्छ । समुदायमा विद्यमान समस्या तथा सवालहरूको पहिचान गरी, त्यसको कारण तथा प्रभाव केलाई, स्थानीय सवालाई राष्ट्रिय तथा विश्व-अवस्थासँग जोडेर हेरी, त्यसको समाधानको लागि विद्यमान स्रोतको उपयोगबारे छलफल गरी योजना बनाउने कार्य गरेको देखिँदैन । योजना बनाउने भनेको 'कार्यक्रमहरूको सूचि तयार पार्ने' भन्ने मान्यता पनि धेरैमा छ । यस्तो अवस्थामा सहि योजना तर्जुमा हुन सक्दैन । तसर्थ, गाउँ/नगरपालिकाका प्रतिनिधिहरू, समाजका अगुवाहरू र समुदायवासीहरूलाई योजनाको अर्थ, महत्व र यसले समाजमा पार्ने दूरगामी प्रभावबारे स्पष्ट पारेर मात्र योजना तर्जुमाको सुरुआत गर्नु पर्दछ ।
- जनगणना २०६८ अनुसार नेपालमा अझै पनि सिंगो जनसङ्ख्याको ठूलो हिस्सा (लगभग ३४ प्रतिशत) नेपाली भाषा लेखपढ गर्न सक्दैनन्[७] । दूर्गम भेगमा वसोवास गर्ने जनताहरू सर्वेक्षण, समस्या तथा सवालको विश्लेषण, योजना तर्जुमा जस्ता विषयबारे अनुभवि छैनन् । लगभग १२३ वटा भाषा बोलिने हाम्रो मुलुकका कतिपय समुदायले नेपाली (खस) भाषा बुझ्दैनन् र बोल्न सक्दैनन् वा नेपाली भाषामा आफ्ना बिचार स्पष्ट

७ केन्द्रीय तथ्याङ्क विभाग, जनगणना २०६८ ।

राख्न सक्दैनन् । तर, अधिकांस विकाससम्बन्धी छलफल तथा योजना तर्जुमा जस्ता अभ्यासहरू नेपाली भाषामा नै गरिन्छन् । भाषाकै कारण योजना तर्जुमा अभ्यासमा सहभागिता नहुने र बालबालिकाको अवस्थाको सहि विश्लेषण हुन नसक्ने हुन्छ र यसरी तयार पारिएको योजनाले समस्या तथा सवालहरूलाई सहि अर्थमा लक्षित गर्न सक्दैनन् । त्यसैले, सहजकर्ता टोलीले सहज र प्रभावकारी सञ्चारका लागि भाषा, विधि र प्रक्रियाका सम्बन्धमा पहिले नै तयारी गर्नु पर्दछ । यस सम्बन्धी यसपछिको बुँदा (योजना तर्जुमा प्रक्रिया) मा पनि व्याख्या गरिएको छ ।

यहाँ उल्लेख गरिएका बाहेक अन्य थुप्रै चुनौतीहरू आउन सक्छन् । सम्भावित चुनौतीबारे सहजकर्ता टोली पूर्ण रुपमा अवगत हुनु पर्दछ । यस सम्बन्धमा चुनौतीको समाधानको लागि पूर्वतयारी हुनु पर्दछ । योजना तर्जुमा अभ्यास अगाडि नै आवश्यक रणनीति बनाउन सकिएमा चुनौतीहरूलाई सहज रुपमा समाधान गरी समुदायको अर्थपूर्ण सहभागितामा वास्तविक योजना तयार पार्न सकिन्छ ।

## (छ) योजना तर्जुमा प्रक्रिया

योजना तर्जुमा विभिन्न तरिकाबाट गर्न सकिन्छ । तर, योजना तर्जुमा अभ्यासमा समुदायको सक्रिय सहभागिता अनिवार्य हुन्छ । वडामा थुप्रै स-साना गाउँ, वस्ती वा टोलहरू हुन्छन् । त्यसैले, पहिलो चरणमा योजना तर्जुमा अभ्यास वस्ती/टोल तहमा गर्नु पर्दछ । वस्ती/टोल तहमा योजना बनाईसकेपछि यसलाई वडा तहमा प्रस्तुत गरी सिंगो वडा तहको योजना तयार पार्नु पर्दछ । योजना बनाउँदा आवश्यकतानुसार वस्ती/टोलवासीहरूलाई विभिन्न समूहहरूमा विभाजन गर्नु पर्दछ । सबैलाई एकै समूहमा राखी योजना बनाउँदा गाउँका कमजोरव्यक्ति/समूह/वर्गको भावना, आवश्यकताको सहभागिता हुन सक्दैन । यदि बालबालिका र प्रौढहरूलाई एकै स्थानमा राखी योजना बनाइएमा बालबालिका सहभागी हुन सक्दैनन् वा पाउँदैनन् । त्यस्तै कतिपय बेला महिला र पुरुषलाई एकै समूहमा राखी योजना बनाउँदा महिलाहरूको आवाजको प्रतिनिधित्व नहुन सक्छ ।

समुदायमा फरक-फरक जातजातिहरू छन् भने उनीहरूसँग छुट्टै योजना बनाउनु पर्ने पनि हुनसक्छ । यसको लागि सहजकर्ताले स्थिति हेरेर को-कोसँग कसरी योजना तर्जुमा गर्दा सबैको सहभागिता सहजै जुट्न सक्छ भन्ने कुराको विचार गरी आवश्यक निर्णय लिनु पर्दछ । योजना तर्जुमा प्रक्रियामा सबैको सहभागिता हुनुपर्ने कुरालाई पहिलो प्राथमिकतामा राखिनु पर्दछ ।

वस्ती/टोल तहमा योजना तर्जुमा गर्नु अघि प्रत्येक वस्ती/टोलको आधारभूत तथ्याङ्क र सूचना हुनु आवश्यक हुन्छ । शिक्षा तथा साक्षरताको अवस्था, स्वास्थ्यको अवस्था, परिवारको आर्थिक (विशेषतः जिविकोपार्जनको) अवस्था, भौतिक पूर्वाधारको अवस्था आदि कुराहरूको आधारमा मात्र वस्ती/टोल र सिंगो वडामा अवस्थित समस्या, सवाल र त्यहाँका सवल पक्षहरूबारे जानकारी लिन सकिन्छ र सोही आधारमा योजना तर्जुमा गर्न सकिन्छ । योजना तर्जुमा प्रारम्भ गर्नु अघि वस्ती/टोलको अवस्था प्रस्तुत गर्नु पर्दछ । यसले समुदायका सबैलाई बालबालिकाको वर्तमान अवस्थाबारे स्पष्ट पार्नुका साथै बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि योजना बनाउनु पर्दछ भन्नेबारे सचेत गराउनुका साथै योजना तर्जुमा अभ्यासमा सहभागी हुन उत्प्रेरित गर्दछ ।
योजना तर्जुमाका तीनवटा महत्वपूर्ण चरणहरू निम्नानुसारका हुन्छन् :

१. वस्ती/टोल तहमा योजना तर्जुमा अभ्यास
२. वडा तहमा योजना तर्जुमा अभ्यास
३. योजना प्रतिवेदन लेखन र पुनः वडावासीहरूसँग छलफल

यस अगाडिका बुँदाहरूमा यी तीन चरणहरूलाई कसरी सम्पन्न गर्ने भन्नेबारे विस्तृत रुपमा व्याख्या गर्नुका साथै ती चरणहरूमा गर्नुपर्ने क्रियाकलापहरूबारे स्पष्ट पारिनेछ ।

♦

# भाग ३

# योजना तर्जुमा अभ्यास

'योजना तर्जुमाका ७ चरण'को तेस्रो र चौथो चरणमा निर्देश गरिएको कार्यहरूबारे यस भागमा व्याख्या गरिएको छ । योजना तर्जुमा अभ्यासमा कसको सहभागिता हुने, योजना तर्जुमा कसरी गर्ने, योजना तर्जुमा अभ्यास प्रक्रिया कसरी अगाडि बढाउने जस्ता कुराहरूबारे यस भागमा विस्तृत व्याख्या गरिएको छ । योजना तर्जुमा प्रक्रिया सबै समुदायमा एकै प्रकारले अगाडि बढ्न सक्दैन । स्थितिअनुसार केही कुराहरू घटबढ गर्नु पर्दछ । यसका लागि सहजकर्ताले तुरुन्त निर्णय लिनुपर्ने हुन्छ । तथापि, योजना तर्जुमा अभ्यासलाई प्रभावकारी बनाउन गर्नुपर्ने कार्यहरू यहाँ समावेस गरिएका छन् ।

## ३.१ योजना तर्जुमा तयारी वैठक

यो चरणमा गाउँ/नगरपालिका तहका बालबालिकाका प्रतिनिधि (बालक्लव तथा सञ्जाल) लगायत बालबालिकासँग सरोकार राख्ने सबै व्यक्ति, समूह तथा संस्थाहरूका प्रतिनिधि तथा अन्य सम्बन्धित व्यक्तिहरूको सहभागितामा वैठक सञ्चालन गर्नु पर्दछ । गाउँ/नगरपालिकाका विभिन्न वडाले टोलवस्तीहरूमा सञ्चालन गर्नुपर्ने कार्यक्रम तथा परियोजनाबारे विस्तृत छलफल गर्नु पर्दछ । विभिन्न वडामा बालबालिकासँग सम्बन्धित विद्यमान सवालहरूबारे विवेचना गर्नु पर्दछ । यस वैठकका मुल उद्देश्य यस प्रकार छन् :

- वस्ती/टोल तहमा हुन लागेको योजना तर्जुमाबारे वडाका अगुवाहरू, विभिन्न राजनैतिक दलका प्रतिनिधिहरू, शिक्षक तथा वुद्धिजिविहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू लगायत अन्य सरोकारवालाहरूलाई जानकारी गराउने ।
- वस्ती/टोल तहमा गरिने योजना तर्जुमा अभ्यासलाई प्रभावकारी बनाउन सल्लाह सुझाव लिने ।
- योजना तर्जुमा अभ्यास प्रक्रियाबारे छलफल गरी, सहभागीहरूको पनि सल्लाह सुझाव लिई प्रक्रियालाई अन्तिम रुप दिने ।
- वस्ती/टोल तहमा योजना तर्जुमा गर्नका लागि सम्भावित स्थान र मिति निर्धारण गर्ने ।
- योजना तर्जुमा अभ्यासको सहजीकरणका लागि सम्भावित टोली (अनुभवी सहजकर्ताहरूको टोली) गठन गर्ने ।

गोष्ठीका निम्नानुसार सहभागीहरू भएका प्रभावकारी हुनसक्छ :

- स्थानीय सरकारको तर्फबाट : गाउँ/नगरपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र अन्य सम्बन्धित सदस्यहरू
- राजनैतिक दलका प्रतिनिधिहरू : पालिका सक्रिय राजनैतिक दलका प्रतिनिधिहरू
- कार्यकारी अधिकृत लगायत विषयगत संस्था प्रमुख र सरकारी निकायका अन्य सम्बन्धित प्रतिनिधिहरू
- बालबालिकाका प्रतिनिधि : बालक्लवका प्रतिनिधिहरू र बालसञ्जालका प्रतिनिधिहरू
- विद्यालय प्रतिनिधि : विद्यालयका प्रधानाध्यापक वा शिक्षक प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा उनका प्रतिनिधि

- नागरिक समाजका प्रतिनिधि : सामाजिक कार्यमा संलग्न वुद्धिजिविहरू, विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिहरू
- स्थानीय संस्था/समिति/समूहका प्रतिनिधिहरू : महिला सञ्जाल, महिला/आमा समूह, विभिन्न सहकारी, उपभोक्ता समूहका प्रतिनिधिहरू
- गैरसरकारी संस्थाका प्रतिनिधि : सम्बन्धित वडामा बालबालिकाका सवालमा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधिहरू
- अन्य महत्वपूर्ण व्यक्तित्वहरू

समग्रमा यस चरणमा निम्न कुराहरू गरिनु पर्दछ :

- बालअधिकारबारे छलफल गरी सबै सहभागीहरूलाई स्पष्ट पार्ने ।
- बालअधिकारमा आधारित योजना तर्जुमा कार्यक्रमको उद्देश्य स्पष्ट पार्ने ।
- योजना तर्जुमा प्रक्रियाबार प्रस्तुत गर्ने र सबैलाई यसबारे स्पष्ट पार्ने । यदि सहभागीहरूबाट उपयुक्त सुझाव आएमा त्यसको टिपोट गरी कार्यक्रमलाई सुधार गर्ने ।
- बालबालिकाका सवालहरूको पहिचान गरी त्यसको संक्षिप्त विश्लेषण गर्ने ।
- वस्ती/टोल तहमा प्रभावकारी रुपमा योजना तर्जुमा गर्न कतिवटा वस्तीलाई कसरी समेट्ने भन्ने कुराको निधो गर्ने । यदि वस्ती/टोल ठूलो छ र एकै स्थानमा योजना तर्जुमा गर्दा सबैको अवस्थाको प्रतिनिधित्व हुन सक्दैन भने कुन-कुन वस्तीमा गर्ने भन्ने कुराको निर्क्योल गर्ने । यदि वस्ती/टोलहरू नजिक-नजिक छन् भने सिंगो वस्तीमा एउटै अभ्यास गर्न सकिन्छ । कुनै कुनै वडामा एउटै वस्ती/टोलले सिंगो वडा समेटिएको अवस्था पनि छ । यस्तो अवस्थामा एउटै योजनाले सबैलाई समेट्न सकिने पनि हुनसक्छ । यो कुराको निर्क्योल यसै वडा तहको वैठकमा गर्ने ।
- वस्ती/टोल तहमा कसरी योजना बनाउने भन्नेबारे (प्रक्रिया र विधि) सबैलाई स्पष्ट पार्नुका साथै उक्त प्रक्रिया यस वैठकमा उपस्थित सहभागीहरूको भूमिकाबारे पनि स्पष्ट पार्ने ।

*नोट : आवश्यकताअनुसार माथि (बुँदा ३.१ मा) उल्लेख गरिएका कुराहरु वडा स्तरिय वैठक राखी यस वैठकमा पनि उक्त छलफल गर्न सकिन्छ । वडा तहमा पनि गर्न सकिएमा वस्ती/टोल तहको अभ्यासलाई प्रभावकारी बनाउन सकिन्छ ।*

## ३.२ वस्ती/टोल तहमा योजना तर्जुमा

वडावासीको अवस्था र आवश्यकतानुसार योजना तर्जुमा गर्नका लागि वस्ती/टोल तहमा योजना तर्जुमा अभ्यास गर्नु पर्दछ । वस्ती/टोल तहको योजना तर्जुमा गर्दा आवश्यकताअनुसार फरक फरक समूहसँग छुट्टाछुट्टै अभ्यास गर्नुपर्ने हुन्छ । बालबालिका, महिला, पुरुष, युवा, वृद्धवृद्धा, शिक्षक तथा समाजसेवीहरू, राजनैतिक दलका प्रतिनिधिहरूसँग फरक फरक छलफल कार्यक्रम सञ्चालन गर्नुपर्छ । यी समूहहरूलाई सँगै राखी योजना बनाइएमा कमजोर समूहका विचारहरू योजनामा नपर्न सक्छन् ।

यदि यस अभ्यासका क्रममा समुदायलाई योजना तर्जुमा कार्यको महत्वबारे बुझाउन सकिएन भने योजना तर्जुमा अभ्यासमा उनीहरूको अर्थपूर्ण सहभागिता हुन सक्दैन र सही योजना तर्जुमा हुन सक्दैन । वस्ती/टोल तहमा योजना तर्जुमा अभ्यासलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि तल उल्लेखित प्रक्रियाको अनुशरण गर्दा उपयुक्त हुनसक्छ ।

तापनि, यस प्रक्रियालाई हुवहु अनुशरण नगरी परिस्थितिअनुसार केही फेरबदल गर्न सकिन्छ । योजना तर्जुमा अभ्यास एकपटकमा सामान्यतया ३ देखि ५ घण्टासम्म सञ्चालन गर्न सकिन्छ । यदि एकपटकको अभ्यासमा नै सकिएन भने पुनः अर्को अभ्यास गर्न सकिन्छ । बालबालिकाको वर्तमान अवस्था विश्लेषण गरी त्यसको आधारमा योजना तर्जुमा गर्नुपर्ने हुँदा यस अभ्यासका लागि समय लाग्दछ । यस अभ्यासमा सकेसम्म धेरैभन्दा धेरै वडावासीहरूको सहभागिता आवश्यक पर्ने हुनाले यस अभ्यासको दिन र समय उनीहरू कै सुविधाअनुसार निर्धारण गरिनु पर्दछ ।

वस्ती/टोल तहको योजना तर्जुमा अभ्यास गर्नु अघि निम्न कार्य सम्पन्न भइसकेको हुनुपर्छ :

- वस्तीको आधारभूत सूचना (घरधुरी सङ्ख्या, जनसङ्ख्या, महिला र पुरुषको सङ्ख्या, बालबालिका सङ्ख्या, शिक्षा र साक्षरताको अवस्था, परिवारहरूको जिविकोपार्जनको अवस्था, स्वास्थ्य सरसफाई तथा खानेपानीको अवस्था, आदि) सहजकर्ता टोलीसँग हुनुपर्छ । यी सूचनाको लागि पहिले नै आधारभूत सर्वेक्षण गर्न सकिन्छ वा अन्य कुनै भरपर्दो स्रोतबाट उक्त सूचना लिन सकिन्छ ।
- बालबालिकासम्बन्धी सवालहरूको सूचि संकलन गरिसकिएको हुनु पर्दछ । सहजकर्ता टोलीलाई बालबालिकाका सवाल र सवाल हुनुका कारण तथा त्यसले समुदायमा (बालबालिकामा, तिनको परिवारमा र समग्र समाजमा) कस्तो असर पारेको छ भन्नेबारे जानकारी हुनु पर्दछ । उदाहरणको लागि उक्त समुदायमा यदि बालश्रम एक सवालको रुपमा रहेको छ भने त्यसको कारण के हो, त्यसले बालबालिकामा के असर पारेको छ, तिनको परिवारमा र सिंगो समुदायमा कस्तो असर परेको छ भन्ने जानकारी हुनु पर्दछ । यसले योजना तर्जुमा अभ्यासको समयलाई वचत गर्दछ भने योजना बनाउनका लागि पूर्व तयारी गर्न सहयोग मिल्दछ ।
- सहजकर्ता टोलीलाई उक्त वस्ती/टोलमा जातिगत रुपमा कसको वसोवास छ, त्यहाँ कुन-कुन भाषा बोलिन्छ, धर्म र संस्कृति कस्तो छ, त्यहाँको शक्ति संरचना कस्तो छ, सिमान्तकृत वर्ग को हुन् भन्नेबारे पूर्वजानकारी हुनु पर्दछ । उक्त जानकारीले योजना तर्जुमा प्रक्रियामा सबैको अर्थपूर्ण सहभागितामा बृद्धि गर्न तयारी गर्न सहयोग पुग्दछ ।

वस्ती/टोलमा योजना तर्जुमा अभ्यासलाई निम्नानुसार अगाडि बढाउन सकिन्छ :

| | |
|---|---|
| परिचय तथा उद्देश्यबारे छलफल | ३.२.१ |
| बालअधिकारको अवधारणागत छलफल | ३.२.२ |
| बालबालिकाको अवस्था विश्लेषण | ३.२.३ |
| योजना तर्जुमा अभ्यास (समूहमा) | ३.२.४ |
| प्रस्तुती र छलफल | ३.२.५ |
| योजनाहरूको संक्षेपीकरण र कार्यक्रमको समापन | ३.२.६ |

योजना तर्जुमा अभ्यासका क्रममा प्रत्येकतहमा के-कस्ता क्रियाकलापहरू गर्ने भन्नेबारे यसपछिका बुँदाहरूमा सविस्तार व्याख्या गरिएको छ । तथापि, योजना तर्जुमा अभ्यास सहजकर्ताले यस पुस्तिकामा लेखिएका कुराहरूलाई नै हुवहु अनुशरण गर्नुपर्छ भन्ने होइन । त्यसो गर्नु पनि हुँदैन, तत्कालिन परि स्थितिअनुसार त्यसमा केही हेरफेर गर्न सकिन्छ ।

### ३.२.१ परिचय तथा उद्देश्यबारे छलफल

यसतहमा निम्न कार्यहरू गर्नु पर्दछ :

- कार्यक्रमको शुभारम्भ गर्ने । शुभारम्भ वडा अध्यक्ष वा वडाका अन्य कोही मान्य सामाजिक व्यक्तित्वमार्फत् गर्दा उपयुक्त हुन्छ ।
- योजना तर्जुमा अभ्यासको उद्देश्य स्पष्ट पार्ने । उद्देश्य स्पष्ट पार्दा माथि २.४.२ को (क) मा उल्लेख गरिएका बुँदाहरूलाई व्याख्या गरी सहभागीहरूलाई स्पष्ट पार्न सकिन्छ ।
- अभ्यास कति समय चल्दछ र प्रक्रिया कसरी अगाडि बढाइन्छ भन्नेबारे स्पष्ट पार्ने ।
- योजनाको महत्वबारे बताउने । किन वास्तविक योजना बनाउनु पर्दछ भन्नेबारे स्पष्ट पार्ने । यसै क्रममा 'केन्द्रमुखि योजना तर्जुमा प्रक्रिया' र 'समुदाय/जनमूखि योजना तर्जुमा'को बीचको भिन्नता बताउने । यसले सहभागीहरूले 'आफ्नो लागि आफैले योजना बनाउनु पर्दछ' भन्नेबारे महसुस गराउन सहयोग पुग्दछ । अभ्यासमा सहभागीहरूको भूमिका के रहन्छ भन्नेबारे बताउने ।
- अभ्यासका क्रममा के के कुरा गरिन्छन् र अभ्यासबाट अपेक्षा गरिएको परिणाम के हो भन्नेबारे स्पष्ट पार्ने ।
- यस अभ्यासपश्चात् के गरिन्छ भन्नेबारे बताउने ।
- सहभागीहरूलाई योजना तर्जुमाबारे केही प्रश्न छ भने सोध्न लगाउने र यसबारे सबै सहभागीहरूलाई स्पष्ट पारेपछि मात्र अभ्यासलाई अगाडि बढाउने ।

### ३.२.२ बालअधिकारको अवधारणाबारे छलफल

यसतहमा निम्न कार्यहरू गर्नु पर्दछ :

- बालअधिकारको अर्थ र महत्वबारे छलफल चलाउने ।
- बालअधिकारका सम्बन्धमा संविधानले कस्तो व्यवस्था गरेको छ र यससम्बन्धी सरकारको नीति नियम के भन्नेबारे स्पष्ट पार्ने ।
- बालअधिकार सुनिश्चित भएपश्चात् वडाको विकासका कसरी मदत पुग्दछ भन्नेबारे स्पष्ट पार्ने ।
- बालअधिकार र समुदायको सिङ्गो विकास तथा परिवर्तन प्रक्रियाको सम्बन्धबारे छलफल चलाउने ।
- बालअधिकारलाई सुनिश्चित गर्न अभिभावक, शिक्षक वुद्धिजिवि, सामाजिक कार्यकर्ता, राजनैतिक दल, संघसंस्थाको भूमिका कस्तो हुनुपर्छ भन्नेबारे छलफल चलाउने ।

*नोट : बालअधिकारबारे सम्पूर्ण सहभागीहरू स्पष्ट भएपछि मात्र बालअधिकारमा आधारित योजना तर्जुमा गर्न सकिन्छ ।*

### ३.२.३ बालबालिकाको अवस्था विश्लेषण

यसतहमा निम्न कार्यहरू गर्नु पर्दछ :

- वडा केही महत्वपूर्ण तथ्याङ्कहरू प्रस्तुत गर्ने (जस्तो : घरधुरी सङ्ख्या, जनसङ्ख्या, उमेर समूहको आधारमा जनसङ्ख्या, बालबालिका सङ्ख्या, शिक्षा तथा साक्षरताको अवस्था, गरिवीको अवस्था, वडामा रहेका स्थानीय संघसंस्था, वडामा कार्यरत विभिन्न संघसंस्था, स्वास्थ्यको अवस्था,

भौतिक पूर्वाधारको अवस्था, आदि) । यसका लागि सहजकर्ताले पहिले नै यी सूचनाहरू तयार पारेको हुनु पर्दछ । यी सूचनाहरूको प्रस्तुती गर्दा सम्बन्धित वडाको अवस्थासँग तुलना गर्दै प्रस्तुत गर्दा प्रभावकारी हुन्छ । उदाहरणको लागि, यदि वडा नं. १ को कुनै एक वस्ती/टोलमा अभ्यास गर्न लागिएको छ भने पहिला सिङ्गो वडाको सूचना तथा तथ्याङ्क प्रस्तुत गर्ने र त्यसलाई तुलना गर्दै सम्बन्धित वस्ती/टोलको अवस्था बताउने ।

- बालबालिकाका सवालहरूको पहिचान गर्ने । यसक्रममा सबैभन्दा पहिले 'सवाल' वा 'मुद्धा' भनेको के हो भन्नेबारे स्पष्ट पार्ने । यसको लागि आवश्यकता परेमा सहजकर्ताले केही उदाहरण दिन सक्दछन् । सबैको सहभागितामा उक्त वस्ती/टोलमा बालबालिकासम्बन्धी कस्ता समस्या तथा सवालहरू छन् त्यसको सूचि तयार पार्ने ।

- यस अभ्यास एकैपटक विभिन्न समूहहरूमा साथसाथ चल्ने हुँदा सहजकर्ताहरू पनि विभिन्न समूहमा बाँडिई प्रत्येक समूहलाई सहजीकरण गर्नुपर्ने हुन्छ । तसर्थ, योजना तर्जुमा अभ्यास सञ्चालन गर्न सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गर्ने । यस क्रममा सहभागीहरूलाई निम्नानुसारका समूहहरूमा विभाजन गर्न सकिन्छ :
    - बालबालिका समूह
    - महिला समूह
    - पुरुष समूह
    - युवा समूह (अथवा यिनलाई पुरुष समूहमा पनि राख्न सकिन्छ)
    - शिक्षक वुद्धिजिवि
    - राजनैतिक दलका प्रतिनिधिहरू र सामाजिक कार्यकर्ताको समूह

*नोट : यदि समूह विभाजन नगरी एउटै समूहमा योजना तर्जुमा अभ्यास गरिएमा कमजोर वर्गको योजना नपर्ने सम्भावन धेरै हुन्छ । विशेषगरी, बालबालिका र महिलाका विचारहरूको प्रतिनिधित्व नरहने सम्भावना रहन्छ ।*

## ३.२.४ समूहगत रुपमा योजना तर्जुमा अभ्यास

माथि उल्लेख गरिएका समूहहरूमा छुट्टाछुट्टै योजना तर्जुमा अभ्यास गर्नु पर्दछ । यसको लागि माथिल्लो बुँदामा उल्लेख गरिएअनुरुप सवालहरूको सूचिमध्ये समूहअनुसार सवालहरू भाग लगाई त्यसको समाधानको लागि योजना बनाउन सकिन्छ । उदाहरणको लागि बाल विवाह, बलवेचविखन जस्ता सवालहरू राजनैतिक दलका प्रतिनिधि र सामाजिक कार्यकर्ताको समूहलाई दिई त्यसको समाधानको लागि योजना बनाउन लगाउन सकिन्छ भने बिचैमा विद्यालय छाड्ने (ड्रप-आउट) जस्ता सवाल शिक्षक तथा वुद्धिजिवि समूहलाई दिन सकिन्छ । अथवा, आवश्यकतानुसार कुनै सवाल अत्यन्तै महत्वपूर्ण छन् (वा उक्त वस्ती/टोलमा कुनै सवालले अत्यन्तै धेरै असर पारेको छ) भने उक्त सवाल विभिन्न समूहलाई दिई योजना बनाउन लगाउन पनि सकिन्छ । समूहअनुसार सवाल भाग लगाएर दिने वा कुनै सवाल विभिन्न समूहलाई दिने वा सवालहरूलाई ध्यानमा राखी बालबालिकाको चौतर्फी विकासको लागि समग्र योजना बनाउन लगाउने भन्नेबारे आवश्यकतानुसार सहजकर्ताको टोलीले निर्णय गर्नु पर्दछ । समूहगत रुपमा योजना तर्जुमा अभ्यास गर्दा ध्यान दिनुपर्ने कुराहरू निम्न छन् :

- योजना तर्जुमा अभ्यासको लागि फरक फरक समूहलाई फरक फरक स्थानमा राख्ने । एक समूहको छलफल अर्को समूहले नसुनुन् र एकले अर्कोलाई डिस्टर्व गर्ने स्थिति हुनु हुँदैन ।

- प्रत्येक समूहमा सहजकर्ताको टोलीबाट एकजना रहनु पर्दछ । उक्त व्यक्तिले समूहमा योजना तर्जुमा अभ्यासलाई सहजीकरण गर्नेछन् ।

- समूहगत रुपमा अभ्यास गर्दा प्रत्येक सहभागीलाई आफ्नो बिचार व्यक्त गर्न लगाउने ।

- समूहमा योजना तर्जुमा अभ्यास गर्दा तलको 'योजना तर्जुमा अभ्यास फारम'लाई उपयोग गर्नुपर्छ । सबै समूहले एकै तरिकाले योजना तर्जुमा गर्नुपर्ने हुँदा एकैखाले फारमको उपयोग गर्नु पर्दछ ।

| योजना तथा क्रियाकलाप | लाभान्वित क्षेत्र तथा परिवार सङ्ख्या | योजनाको लागि उपलब्ध पूर्वाधार | अपेक्षित उपलब्धि (कार्यक्रमबाट हुने फाईदा) | समुदायको योगदान | पालिकाबाट आवश्यक सहयोग |
|---|---|---|---|---|---|
| | | | | | |

समूह-समूहमा गरिने योजना तर्जुमा अभ्यासका क्रममा निम्न कार्यहरू गर्नु पर्दछ :

- सहभागीहरू सानो समूहमा भेला हुने र पुनः एकपटक सहभागी र सहजकर्ताबीच परिचय गर्ने । यस क्रममा नाम र ठेगाना लगायत अन्य व्यक्तिगत विषयका कुराहरू गरी समूहका सहभागी र सहजकर्ता टोलीबीच सम्बन्ध विस्तार गर्ने ।
- योजना तर्जुमा अभ्यासको उद्देश्य र प्रक्रियाबारे बताउने । योजना तर्जुमा अभ्यास किन गर्ने, यो गर्दा समुदायलाई के फाईदा हुन्छ, योजना तर्जुमा कसरी गर्ने, यसका लागि उपयोग गरिने विधि तथा फरम्याटबारे (माथि प्रस्तुत गरिएको) स्पष्ट पार्ने ।
- समूहगत रुपमा योजना तर्जुमा अभ्यास सञ्चालन गर्ने ।

नोट : योजना तर्जुमा अभ्यास अत्यन्तै महत्वपूर्ण चरण हो । तसर्थ, समूहमा योजना तर्जुमा गर्दा कसरी गर्ने भन्ने (यसको प्रक्रिया)बारे बुँदा ३.४ मा विस्तृत व्याख्या गरिएको छ । समूहमा अभ्यास गर्नका लागि उक्त बुँदामा उल्लेख गरिएको प्रक्रियालाई अनुशरण गर्नु पर्दछ ।

### ३.२.५ प्रस्तुती र छलफल

यसतहमा निम्न कार्यहरू गर्नु पर्दछ :

- फरक फरक समूहले तयार पारेको योजना पुनः सबै सहभागीहरू भेला भएर तयार पारिएका योजनाहरूलाई पालैपालो प्रस्तुती गर्ने ।
- सबै समूहले आफूले तयार पारेको योजनालाई स्पष्ट रुपमा सबै सामु प्रस्तुत गर्ने र त्यसबारे छलफल गरी सबै सहभागीहरूलाई प्रष्ट पार्ने ।
- एउटा समूहले तयार पारेको योजनालाई अर्को समूहले काट्न वा नकार्न पाउँदैन (यसलाई नियमको रुपमा सबैलाई सहमत गराउने) । यदि यसो नगरिएमा समुदायका शक्तिशाली व्यक्ति/समूह/वर्गले कमजोर समूहको योजनालाई अस्विकार गर्ने हुनसक्छ ।
- यदि दुई भन्दा बढी समूहले एकैखाले योजना बनाएका छन् भने त्यसलाई एउटै योजनामा समाहित गर्न सकिन्छ ।

### ३.२.६ योजनाहरूको संक्षेपीकरण र कार्यक्रमको समापन

यसतहमा निम्न कार्यहरू गर्नु पर्दछ :

- सबै समूहहरूले तयार पारेको योजनाहरू प्रस्तुत गरिसकेपछि सहजकर्ताले कुन समूहले के योजना बनायो, के के कुरामा जोड दियो, विभिन्न समूहरूले तयार पारेको योजनाहरूबीचको सम्बन्ध आदि कुराहरूलाई विश्लेषण गरी सुनाउने ।

- सहजकर्ता टोलीको तर्फबाट एकजनाले यस अभ्यासका क्रममा तयार पारिएका योजनाहरूलाई यसपछि के गरिनेछ भन्नेबारे बताउने ।

- (यसपछि गरिने) वडा तहको योजना तर्जुमा अभ्यासको लागि क-कसको सहभागिता हुनु पर्दछ भन्नेबारे बताउने छन् र यसै क्रममा सहभागीहरूको छनौट गरिनेछ वा सोअनुसार सहभागीहरूको छनौट गर्न अनुरोध गर्ने ।

- योजना तर्जुमा अभ्यासमा सहभागी सबैलाई धन्यवाद दिई अभ्यासलाई समापन गर्ने ।

## ३.३ समूहमा योजना तर्जुमा अभ्यास

बुँदा ३.२.४ उल्लेख गरिएको समूहगत योजना तर्जुमा अभ्यासलाई यस चरणमा अनुशरण गर्नुपर्ने प्रक्रिया र प्रयोग गर्नुपर्ने विधिसहित विस्तृत व्याख्या यहाँ गरिएको छ ।

वडातहमा योजना तर्जुमा अभ्यास गर्दा माथि बुँदा ३.२.४ मा उल्लेख गरिएझैँ विभिन्न समूहमा छुट्टाछुट्टै अभ्यास गर्नु पर्दछ । सहि योजना तर्जुमा गर्न यो अभ्यास अत्यन्तै महत्वपूर्ण हुन्छ । समूहमा योजना तर्जुमा गर्दा निम्न प्रक्रिया अनुशरण गर्न सकिन्छ ।




(क) परिचय तथा उद्देश्य

- सहभागी र सहजकर्ताबीच पुनः परिचय गर्ने । यस पटकको परिचयमा नाम र ठेगानाबाहेक विभिन्न विषयमाथि छलफल गर्न सकिन्छ । यसले सहजकर्ता र सहभागीबीच गाढा सम्बन्ध स्थापनाका लागि सहयोग पुग्दछ । सहजकर्ता र सहभागीबीच आत्मिय सम्बन्ध भएपछि मात्र सहभागीहरू छलफलमा सक्रिय सहभागी हुन सक्छन् र आफ्ना बिचारहरू विना हिचकिचाहट व्यक्त गर्छन् ।

- योजना तर्जुमा अभ्यासको उद्देश्य र महत्व पुनः बताउने । समूहका सबै सदस्यहरू योजना तर्जुमाबारे स्पष्ट भएपछि मात्र योजना तर्जुमा अभ्यासको थालनी गर्नु पर्दछ ।

- समुदाय/जनमूखि योजना तर्जुमाबारे थप छलफल गरी सबैलाई स्पष्ट पार्ने । यस क्रममा सहभागीहरूलाई बालअधिकारलाई सुनिश्चित गर्न के कस्ता योजनाको आवश्यकता पर्दछ भन्ने कुरालाई लक्षित गरी योजना बनाउनु पर्ने कुरा बुझाउनु पर्दछ ।

(ख) वस्ती/टोलको अवस्था प्रस्तुती

- सर्वप्रथम वडाका केही महत्वपूर्ण सूचना प्रस्तुत गर्ने (जम्मा जनसङ्ख्या, बालबालिकाको जनसङ्ख्या, वडाको शिक्षाको अवस्था, स्वास्थ्यको अवस्था, जिविकोपार्जनको अवस्था, आदि) ।

- सम्बन्धित वस्ती/टोलका (जुन वडामा अभ्यास गरिएको छ) महत्वपूर्ण सूचना प्रस्तुत गर्ने । जनसङ्ख्या, बालबालिकाको सङ्ख्या, बालबालिकाको शिक्षाको अवस्था, खानपिनको अवस्था, स्वास्थ्यको अवस्था, आदिबारे सूचना प्रस्तुत गर्ने । वस्ती/टोलको सूचना प्रस्तुत गर्दा वडा तहको अवस्थासँग तुलना गर्दै (वा अन्य वस्ती/टोलको अवस्थासँग पनि तुलना गर्दै) प्रस्तुत गर्न सकिएमा सहभागीहरूले अन्यको तुलनामा आफ्नो वस्ती/टोलको अवस्था कस्तो रहेछ भनी स्पष्ट बुझ्नेछन् ।

- यस चरणमा वस्ती/टोलका सवल पक्षहरू र सुधार गर्नुपर्ने कुराहरू पनि प्रस्तुत गर्ने । के के स्रोतहरू छन्, स्रोतहरूको कसरी उपयोग भइरहेको छ, स्रोतमा क-कसको पहुँच छ, आदि कुराहरू प्रस्तुत गर्ने ।

- सम्बन्धित वस्ती/टोलमा रहेका बालबालिकासम्बन्धी सवालहरू प्रस्तुत गर्ने । यस अघि ठूलो समूहमा छलफल गरिएका (३.२.३ मा प्रस्तुत गरिएको) बालबालिकासम्बन्धी सवालहरूको सूचि प्रस्तुत गर्ने ।

- यस चरणको अन्त्यसम्ममा वडा तहका सहभागीहरू आफ्नो वडाको अवस्थाबारे स्पष्ट भएका हुनेछन् । वडाका सवल पक्षहरूबारे छलफल गरिएको हुनेछ र यसबारे सबैजना सहमत भएका हुनेछन् । सहमत नहोउन्जेल (सबैजना स्पष्ट नहोउन्जेल) छलफल गरिएको हुनेछ ।

(ग) बालबालिकाका सवालहरूको विश्लेषण

- बालबालिकाका प्रमुख सवालहरू के हुन् भन्नेबारे यस अघि (समूहमा विभाजन हुनु अघि) ठूलो समूहमा (३.२.३ मा प्रस्तुत गरिएको छ) छलफल भइसकेको छ । योजना तर्जुमाको लागि सम्बन्धित समूहको भागमा परेका सवालहरू सहभागीहरू सामु पुनः प्रस्तुत गर्ने ।

- समूहको भागमा परेको प्रत्येक सवाललाई विश्लेषण गर्ने । विश्लेषण गर्दा उक्त सवाल कहिलेदेखि रहेको हो, सवाल बढ्दै वा घट्दै कस्तो अवस्थामा छ, उक्त सवाल हुनुका पछाडि कारणहरू के हुन् र उक्त सवालले क-कसलाई कस्तो असर परेको छ, उक्त सवालले सिंगो समाजको विकासमा कस्तो प्रभाव पारेको छ भन्ने प्रश्नमाथि केन्द्रित हुने । उदाहरणको लागि यदि बालविवाह एक सवालको रुपमा रहेको छ भने यसको विश्लेषण गर्दा निम्न प्रश्नहरूमाथि केन्द्रित भई छलफल चलाउने :

    - यस क्षेत्रमा बालविवाहको सुरुआत कहिलेदेखि हुन थालेको हो ?
    - वर्तमान अवस्था बालविवाह कतिजनाको भएको छ ? केही वर्ष यता (जस्तोः गत १० वर्षमा) बालविवाहको घटनामा बढ्दो छ वा घट्ने क्रममा छ ?
    - बालविवाह हुनाका कारण के के हुन् ? कारणहरू पहिले र अहिले पनि उस्तै नै हुन् या कारणमा पनि भिन्नता छ ?
    - बालविवाहले बालबालिकाका (उनीहरूको स्वास्थ्य, मनोविज्ञान, शिक्षा, व्यक्तित्व विकास, आदि) कस्तो असर पारेको छ ? बालविवाहले सम्बन्धित परिवारमा कस्तो असर पारेको छ ? यसले सिंगो समुदायमा कस्तो असर पारेको छ ?

    *नोट : यी कुराहरू थाहा पाएपछि मात्र बालविवाहको समाधानको लागि योजना तर्जुमा गर्न सकिन्छ ।*

- बालबालिकासँग सम्बन्धित प्रत्येक सवालका कारणहरू र यसले बालबालिकामा, उनीहरूको परिवारमा र सिङ्गो समाजमा (वडामा) पारेको असरबारे छलफल गर्ने । यसको लागि 'वृक्ष चित्र विधि' (वा कारण तथा प्रभाव चित्र विधि)को प्रयोग गर्न सकिन्छ ।

  वृक्षचित्रको उदाहरण :

  डायग्राम २ : बालविवाहका कारण तथा प्रभावहरू

**कारणहरू**

- अभिभावकमा कानुनी प्रावधानबारे ज्ञान नहुनु
- बालविवाहले पार्ने नकारात्मक असरबारे अभिभावकमा चेतना नहुनु
- मोबाइल फोनको दुरुप्रयोग हुनु (फोन मार्फत् सम्पर्क भएको व्यक्तिसँग चुपचाप विवाह गर्नु)
- फेसबुक मार्फत् चिनजान भई चुपचाप विवाह गर्नु
- किशोरकिशोरीमा बालविवाहको असरबारे ज्ञान नहुनु
- किशोरकिशोरीले के ठीक - के वेठीक छुट्याउन नसक्नु

**बालविवाह**

**असरहरू**

- पढाई बिग्रने (बिचैमा टुंगिने)
- भविष्य अनिश्चित हुने -किशोरकिशोरीमा भएको क्षमताको उपयोग नहुने
- अभिभावकलाई पिडा हुने
- कम उमेरमा नै गर्भवती हुने र स्वास्थ्यमा समस्या आउन सक्ने
- कमजोर बच्चा जन्मन सक्ने
- आर्थिक समस्या परी पारिवारिक कलह हुन सक्ने
- शिघ्र पारपाचुके हुने सम्भावना
- बालविवाह हुने समाजलाई नै नराम्रो मानिनु

**नोट** : *वृक्ष चित्र विधि के हो, यस विधिको उद्देश्य के हो र यसलाई कसरी प्रयोग गर्ने भन्नेबारे अनुसूची २ मा व्याख्या गरिएको छ ।*

- बालबालिकाका सवालहरूको समाधानको लागि सञ्चालन गर्नुपर्ने क्रियाकलापहरूबारे छलफल गरी त्यसको सूची तयार पार्ने । सम्भावित क्रियाकलापहरू अनुसूची १ मा समावेस गरिएको छ ।

- सवालहरूको विश्लेषण (कारण तथा प्रभावमाथिको छलफल सहित) गरिसकेपछि यी सवालहरूमध्ये कुन सवाललाई समाधानको लागि पहिला लक्षित गर्नुपर्दछ भन्ने प्रश्नमा केन्द्रित भई सवालहरूको प्राथमिकीकरण गर्नु पर्दछ । यस अभ्यासले समुदाय (सवालसँग सम्बन्धित समूह/वर्ग) ले कुन सवाललाई बढी महत्व दिने रहेछन् भन्ने बुझ्न सकिन्छ । सहभागी र सहजकर्ता फरक फरक परिप्रेक्षबाट आएका हुन्छन् (हुन सक्छन्) । यस्तो अवस्थामा समस्या तथा सवालसँग दिनानुदिन जुझ्नु पर्ने समुदायलाई नै सवालको प्राथमिकीकरण गर्न दिनु पर्दछ । तसर्थ, समस्या र तथा सवालहरूको प्राथमिकीकरण समूह अभ्यासको क्रममा गर्नु पर्दछ । यसको लागि प्रयोग गर्न सकिने विभिन्न विधिहरु निम्नानुसार छन् :

  १. छलफल विधि : सहभागीहरूबीच छलफल गराएरै कुन सवाल सबैभन्दा महत्वपूर्ण छ वा कुन समस्या सबैभन्दा ठूलो समस्या हो भनी छलफल गराई त्यसको प्राथमिकीकरण गर्न सकिन्छ ।

  २. भोटिङ् विधि : मेटाकार्डमा तयार पारिएका समस्या तथा सवालहरूलाई फिँजाएर राख्ने । उदाहरणको लागि यदि ७ वटा सवालहरू छन् भने प्रत्येक सहभागीलाई ३-३ वटा मकैका दानाहरू (वा अन्य कुनै गन्न सकिने

वस्तु) दिने र आफूलाई ती सवालहरूमध्ये जुन ३ वटा प्रमुख लाग्दछन् ती कार्डहरूमा मकैको दाना (एक कार्डमा एक दाना) राख्न लगाउने । सहभागीहरू सबैले राखी सकेपछि कार्डमा राखिएको मकैको दाना गनेर प्राथमिकीकरणको नतिजा बुझ्न सकिन्छ ।

३. अंकानुगत स्तरिकरण (म्याट्रिक्स र्‍याङ्किङ) विधि : सहभागीहरूले तयार पारेका सवालहरूको सूची (मेटाकार्ड) लाई लहरै (देब्रेबाट दाहिनेतर्फ) राख्ने । प्रत्येक सहभागीलाई मकैको दानाहरू वा अन्य कुने गन्न सकिने वस्तु दिने र पालैपालो स्तरीकरण गर्न लगाउने । यसको लागि यदि ७ वटा सवालहरू छन् भने प्रत्येक सहभागीले आफूलाई सबैभन्दा महत्वपूर्ण लागेको कार्डका लागि ७ वटा मकै राख्नेछन् भने दोस्रो महत्वपूर्णमा ६ र तेस्रोमा ५ गर्दै क्रमसः मकैका दानाहरू राख्दै जानेछन् । एकजनाले राखेपछि त्यसको तल्लो लहरमा अर्कोले र त्यसपछि अर्कोले राख्दै जानेछन् । सबैले राखेपछि मकैको दानाहरू गनेर सवालहरूको प्राथमिकीकरण गरिनेछ ।

डायग्राम १ : अङ्कानुगत स्तरीकरणको उदाहरण




उदाहरणको लागि माथि प्रस्तुत डायग्राममा माथिल्लो लहरमा बालबालिकासम्बन्धी सवालहरूलाई क्रमसः राखिएका छन् भने डायग्रामको देब्रेतर्फ माथिदेखि क्रमसः सहभागीको नाम ('क' जी, 'ख' जी...) लेखी प्रत्येक सहभागीले आफ्नो परिवारको अवस्थाअनुसार सवालहरूलाई प्राथमिकीकरण गरेका छन् । अन्त्यमा सबै सहभागीले प्राथमिकताअनुरुप राखेका अंकहरूलाई गनेर जम्मा अंक लेखिएको छ । माथिको उदाहरणमा सबैभन्दा बढी अंक (१८) खाद्य अभाव (खान नपुग्ने) सवालले प्राप्त गरेको छ भने बालविवाह (१६) र बालश्रम (१२) क्रमसः दोस्रो र तेस्रो प्राथमिकतामा परेका छन् ।

*नोट : समस्या तथा सवालहरूको प्राथमिकीकरणका लागि यी विधिहरूबाहेक अन्य विधि पनि हुन्छन् । यसको लागि सहजकर्ताले अवस्थाअनुसार सहभागीहरूलाई सहज हुने विधिको प्रयोग गर्नु पर्दछ ।*

यसरी समूहगत रुपमा सवालहरूलाई प्राथमिकीकरण गर्दा विभिन्न समूहको प्राथमिकताबारे बुझ्न सकिन्छ । बालबालिकासम्बन्धी सवाललाई सबै समूहले एकै रुपमा बुझेका हुन्छन् भन्ने जरुरी हुँदैन । जस्तो, अभिभावकले बालविवाहलाई सबैभन्दा ठूलो सवालको रुपमा लिएका हुन सक्छन् भने बालबालिकाले बालविवाहलाई उत्तिकै प्राथमिकता दिन्छन् भन्ने नहुन सक्छ । प्राथमिकीकरण अभ्यासका क्रममा प्राथमिकीकरणको कारणबारे छलफल गर्नु पर्दछ । प्राथमिकीकरण गरिसकेपछि प्राथमिकताको क्रमवद्धताअनुरुप योजना तर्जुमा गर्नु पर्दछ ।

(घ) योजना तर्जुमा

- योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरूबारे छलफल गर्ने (सहभागीहरूलाई सुनाउने) । योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरूतलको बाकसमा समावेस गरिएको छ ।
- बालबालिकाका सवालहरूलाई समेटी योजना बनाउने । योजना तर्जुमा अभ्यास समूहमा गर्ने । एकवटा समूहलाई दुई वा तीन वटा सवालहरू (बालबालिकासम्बन्धी सवालहरू) दिई योजना बनाउन लगाउने । प्रत्येक समूहमा सहजकर्ता टोलीको तर्फबाट एकजना सहजकर्ताले सहयोग गर्ने । योजना बनाउनका लागि तलको फारमको प्रयोग गर्ने ।

सवाल : बाल विवाह (उदाहरणको लागि)

| योजना/क्रियाकलाप | लाभान्वित परिवार/समूह/क्षेत्र | उपलब्ध पूर्वाधार | अपेक्षित परिणाम (कार्यक्रमको फाइदा) | समुदायको योगदान | अपेक्षित सहयोग |
|---|---|---|---|---|---|
| *यस कोष्ठमा बाल विवाह नियन्त्रणको लागि गर्नुपर्ने क्रियाकलापहरू राख्ने* | *उक्त क्रियाकलापले कसलाई लक्षित गर्दछ भन्ने कुरा लेख्ने* | *उक्त कार्यक्रम गर्न कुन कुन स्रोतहरू हाल उपलब्ध छ भन्ने लेख्ने* | *उक्त कार्यक्रम सफल भएमा लक्षित वर्ग र सिङ्गो समाजलाई के उपलब्धि हुन्छ भन्नेबारे लेख्ने* | *उक्त कार्यक्रम गर्न समुदायको योगदान के हुनुपर्छ भन्ने कुरा लेख्ने* | *उक्त कार्यक्रम गर्न बाहिरबाट के सहयोग चाहिन्छ भन्ने कुरा लेख्ने* |

- प्रत्येक सवालहरूलाई लक्षित गरी योजना बनाउने । योजना तर्जुमा गर्दा प्रत्येक योजनाले बालअधिकारलाई सुनिश्चित गर्ने कुरालाई लक्ष्यित गर्नु पर्दछ । माथिको फारमको कसरी उपयोग गर्ने भन्ने उदाहरण अनुसूची ४ मा समावेस गरिएको छ ।

योजना बनाउँदा ध्यान दिनुपर्ने कुराहरू

- योजना बालबालिकाका सवालहरूलाई लक्षित गर्ने हुनुपर्छ ।
- योजना नेपालको कानुनअनुरुप हुनु पर्दछ - कानुनसँग बाझिने हुनु हुँदैन ।
- योजना सम्बन्धित गाउँ/नगरपालिका (तथा वडा) को सामाजिक, आर्थिक, सांस्कृतिक र भौतिक पूर्वाधारको विकासको लागि उपयुक्त हुनु पर्दछ ।
- योजना समयमा पुरा गर्न सकिने (जति वर्षको लागि बनाइएको छ) हुनुपर्छ ।
- योजना सम्बन्धित समाजको सामाजिक-सांस्कृतिक परिवेषअनुरुप हुनुपर्छ ।
- योजना अत्यन्तै आर्थिक भार पर्ने हुनु हुँदैन । गाउँमा पुरा गर्न सकिने हुनुपर्छ ।
- योजनाले समुदायको प्राकृतिक वातावरणलाई ह्रास गर्ने हुनु हुँदैन ।
- योजनाले बालअधिकार लक्षित हुनुपर्छ, तर यसले महिला अधिकार, जातजातिको अधिकार, अन्य भाषाभाषी, धर्मावलम्वीहरू लगायत कसैको पनि अधिकारलाई हनन गर्ने हुनु हुँदैन ।

(ङ) योजनाको समीक्षा

- समूहले योजना बनाइसकेपछि 'के के योजना बन्यो र यी योजनाले बालबालिकाका कुन कुन सवाललाई सम्वोधन गरेको छ' भनी समीक्षा गर्ने । यदि सबै सवाललाई सम्बोधन गरेको छैन भने बाँकि योजना तयार पार्ने ।
- तयार पारेको योजनाले बालअधिकारलाई सुनिश्चित (कुन योजनाले कुन अधिकारलाई सुनिश्चित गर्दछ) गर्छकि गर्दैन समीक्षा गर्ने ।
- समूहमा योजना तर्जुमा अभ्यास सकिएपछि प्रस्तुतीका लागि तयारी गर्ने ।

♦

# भाग ४

# योजना प्राथमिकीकरण र स्वीकृति प्रदान

योजना तर्जुमाको ७ चरणमा उल्लेख गरिएको चौथो चरण ('स्थानीय तहको योजना तथा बजेट तर्जुमासम्बन्धी दिग्दर्शन २०७४'मा बुँदा ४.४ मा उल्लेख गरिएको) को कार्यलाई यस भागमा प्रस्तुत गरिएको छ। मुलतः योजना तर्जुमाको यस चरणमा वस्ती/टोल स्तरमा तयार पारिएका योजनाहरूलाई प्राथमिकीकरण गरी ती योजनाहरूलाई स्वीकृति प्रदान गर्ने (पास गर्ने) कार्य गरिन्छ। तथापि, यस चरणमा वस्ती/टोल तहमा योजना बनाएपछि ती योजनाहरूलाई वडा तहमा समायोजन गरी वडा स्तरीय योजना निर्माण गर्नु पर्दछ। वस्ती/टोल तहमा योजना तर्जुमा गर्दा प्राय वस्ती/टोलका सवालहरूमा मात्र सिमीत हुनेहुँदा सिङ्गो वडालाई प्रभाव पारेको सवालहरू छुट्न पनि सक्छन् । त्यस्तो अवस्थामा यस्ता सवालबारे छलफल गरी वडा तहको वैठकमा (यस चरणमा) वडास्तरीय योजना बनाउनु पर्ने हुन्छ । समग्रमा वडा तहमा योजनाबारे छलफल गर्नुका मूल उद्देश्यहरू यस प्रकार छन् :

- वस्ती/टोल तहमा तर्जुमा गरिएका योजनाहरू वडाअध्यक्ष, वडा सदस्यहरू, विद्यालयका प्रतिनिधिहरू (प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि), विभिन्न दलका प्रतिनिधिहरू र बालबालिकासँग सम्बन्धित संस्थाहरूबीच आदान-प्रदान गर्नु ।
- विभिन्न वस्ती/टोलहरूमा बनेका एकै प्रकारका योजनाहरू छन् भने त्यसलाई वडा तहको योजनामा समाहित गर्नु ।
- सिङ्गो वडालाई नै प्रभाव पार्ने सवालहरूलाई समेटी वडा तहको योजना बनाउनु ।
- वस्ती/टोल तहमा बनेका योजनाहरूलाई प्राथमिकीकरण गर्नु ।
- वडाको योजनालाई यस भेलाका सहभागीहरूबीच छलफल गरी स्वीकृति प्रदान गर्नु र पारित गर्नु ।

*नोट : तर, वस्ती/टोलमा तयार पारिएका कुनै पनि योजनालाई वडा तहको योजना तर्जुमा भेलाले कटौती गर्न पाउने छैन । यो कुरालाई सहजकर्ताले प्रारम्भमा नै बताई नियमको रुपमा लागु गराउनु पर्दछ । हैनभने, विभिन्न पूर्वाग्रहका आधारमा वस्ती/टोल तहमा तयार पारिएका योजनाहरू कटौती हुन सक्छन् ।*

## ४.१ योजना प्राथमिकीकरण कार्यक्रमको पूर्व तयारी

वडा तहमा योजना प्राथमिकीकरण कार्यक्रम गर्नु अगाडि आवश्यक तयारी पुरा गर्नु पर्दछ। आवश्यक तयारीमा योजना प्राथमिकीकरण कार्यक्रम गर्दा आवश्यक पर्ने सामग्रीहरूको तयारी, योजनाबारे छलफल गर्दा ध्यान दिनुपर्ने कुराहरूबारे र छलफल गर्दा आउन सक्ने चुनौतीहरू र तीनको समाधानको लागि आवश्यक रणनीतिहरूबारे छलफल गर्नु पर्दछ।

वस्ती/टोल तहमा तयार पारिएका योजनाहरूलाई प्राथमिकीकरण गर्नु र आवश्यकता परेमा वडा तहलाई समेट्ने केही योजना बनाउनु पर्ने हुँदा यस क्रममा के-कस्ता चुनौतीहरू आउन सक्छन् र ती चुनौतीहरूलाई कसरी सामना गर्ने भन्नेबारे पहिले नै छलफल गर्नु पर्दछ । वडा तहमा योजना पास गर्दा वडामा निर्वाचित जनप्रतिनिधिहरू र राजनैतिक दलका प्रतिनिधिहरूको पनि सहभागिता हुनेहुँदा विभिन्न दलबीच राजनैतिक टकराव हुनसक्छ । दलका प्रतिनिधिहरूको विचार बाझिन सक्छ र कसैले पनि आफ्नो अडान नछाड्ने अवस्था पनि देखिन सक्छ । यसबारे तयारीका क्रममा

सहजकर्ताहरूबीच पर्याप्त अभ्यास हुनु पर्दछ। समान्यतया योजनाबारे छलफलका क्रममा निम्न चुनौतीहरू आउन सक्छन् :

- योजनाहरूबारे छलफल गरी त्यसको प्राथमिकीकरण गर्ने क्रममा केही शक्तिशाली व्यक्तिको विचार हावि हुनसक्छ। अरु सहभागीले बोल्न नसक्ने स्थिति हुनसक्छ। यस्तो अवस्थामा सहि योजना बन्न सक्दैन।
- योजना तर्जुमा तथा पास गर्ने कार्य भावनात्मक तथा अनुमानका आधारमा हुनु हुँदैन। वस्तुगत विश्लेषणका आधारमा योजना तर्जुमा गरिनु पर्दछ। वडा तहमा योजनाको प्रथामिकिरण र थप योजना तर्जुमा गर्दा वडाका केही प्रभावशाली व्यक्तिले आफ्नो भावनाअनुसार योजनामा पास गराउने स्थिति आउन सक्छ।
- विभिन्न राजनैतिक दलका प्रतिनिधिहरूले आफ्नो राजनैतिक दलगत अवधारणाअनुसार योजना अघि सार्ने अवस्था आउन सक्छ।

यी चुनौतीहरूलाई निराकरण गर्न निम्न रणनीतिहरूको उपयोग गर्न सकिन्छ :

- छलफल प्रारम्भ हुनु अगाडि 'के गर्नु हुन्छ - के गर्नु हुँदैन' भन्ने आचारसंहिता बनाउने। आचारसंहिताको सूचीमा 'कसैले पनि अरुको विचारमा असहमती जनाउन पाइन्छ र अरुको विचार काट्न पाउँदैन' भन्ने जस्ता बुँदा समावेस गर्न सकिएमा शक्तिशाली व्यक्तिको विचार मात्र हावि हुन पाउँदैन।
- पर्याप्त तथ्याङ्क तथा आवश्यक अन्य सूचनाहरूको सङ्कलन गर्न सकिएमा भावनाको आधारमा योजना बन्न सक्दैन। साथै, सहजकर्ताले तर्कसहित विचार राख्न सक्नु पर्दछ।
- सबै सहभागीहरूलाई एकै स्थानमा राखेर योजना बनाउँदा वा छलफल गर्दा राजनैतिक दलका प्रतिनिधिहरू (जो तुलनात्मक रुपमा बढी शक्तिशाली हुन्छन्) को विचारअनुसार निर्णय हुन सक्छ। सहभागीहरूलाई सानो समूहहरूमा विभाजन गरी छलफल गर्दा सबैको विचारअनुसार योजना बनाउन सकिन्छ। यसो गर्दा राजनैतिक दलका प्रतिनिधिहरू र अन्य शक्तिशाली व्यक्तिहरूको एक समूह, पुरुषहरूको एक समूह, महिलाहरूको एक समूह र बालबालिकाको एक समूह बनाउन सकिन्छ।

## ४.२ योजना प्राथमिकीकरण कार्यक्रमका सहभागीहरू

वडा तहमा योजनाबारे छलफल गरी पारित गर्नका लागि तर्जुमा अभ्यास गर्दा यसका सहभागीहरू को हुन्छन् भन्ने प्रश्न महत्वपूर्ण छ। गाउँपालिकाका अध्यक्ष (सम्भव भएमा), वडाध्यक्ष, वडा सदस्यहरू, बालक्लव तथा बाल सञ्जालका प्रतिनिधिहरू, विभिन्न राजनैतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका अगुवाहरू, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरू, स्थानीय संघसंस्थाका प्रतिनिधिहरू, शिक्षक तथा बुद्धिजीविहरू आदिको सहभागिता हुनु जरुरी छ। समग्रमा योजना तर्जुमा अभ्यासका सहभागीहरू निम्नानुसार हुनेछन् :

क. गाउँ/नगरपालिका अध्यक्ष (मेयर)

ख. वडा अध्यक्ष

ग. वडा सदस्यहरू

घ. बालक्लव र बाल सञ्जालका प्रतिनिधि

ङ. स्थानीय संघसंस्थाका प्रतिनिधि : आमा/महिला समूह, सहकारी संस्था, युवा क्लव, आदि

च. सम्बन्धित वडामा कार्यरत गैह्रसरकारी संस्थाका प्रतिनिधिहरू

छ. विद्यालयका प्रतिनिधिहरू (शिक्षक तथा व्यवस्थापन समितिका सदस्यहरू)

ज. अन्य महत्वपूर्ण सामाजिक व्यक्तित्वहरू, लगायत अन्य महत्वपूर्ण व्यक्ति तथा संस्थाहरू

## ४.३ योजना प्राथमिकीकरण कार्यक्रम प्रक्रिया

वडा तहमा सञ्चालन गरिको योजनाहरूको प्राथमिकीकरण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि निम्न प्रक्रियाको अनुशरण गर्न सकिन्छ :

परिचय तथा कार्यक्रमको उद्देश्यबारे स्पष्ट पार्ने (क) → वस्ती/टोल तहको योजनाहरूको प्रस्तुति (ख) → तर्जुमा गरिएका योजनाहरु माथि छलफल (ग)

योजनाहरूको प्राथमिकीकरण (घ) → योजनाहरुको स्वीकृति (योजना पारित गर्ने) (ङ) → मन्तव्य र कार्यक्रमको समापन (च)

योजना प्राथमिकीकरण कार्यक्रम सञ्चालनका लागि अनुशरण गरिने विभिन्न चरणहरुलाई यहाँ विस्तृत रुपमा प्रस्तुत गरिएको छ । तर, यस प्रक्रियलाई सहजकर्ताले हुवहु अनुशरण गर्नु आवश्यक छैन । स्थानीय परिवेष अनुरुप आवश्यक देखिएमा सहजकर्ताले यसमा आवश्यक परिवर्तन गर्न सक्छन् । कार्यक्रमलाई औपचारिक रुपमा सञ्चालन गर्न पर्ने हुँदा सभाअध्यक्षको चयन, आशन ग्रहण र मन्तव्य कार्यक्रम पनि समावेस गर्नुपर्ने हुन्छ ।

### (क) परिचय तथा कार्यक्रमको उद्देश्यबारे स्पष्ट पार्ने

- कार्यक्रमलाई औपचारिक स्वरुप दिन सभाध्यक्षको चयन गर्ने ।
- अतिथिहरूको आशन ग्रहण गराउने ।
- कार्यक्रमका सहभागीहरुलाई स्वागत गर्ने (स्वागत मन्तव्य) ।
- सहभागीहरूबीच परिचय आदान-प्रदान गर्ने : नाम, ठेगाना, आफूले प्रतिनिधित्व गर्ने संस्था र आफ्नो जिम्मेवारी बताउन लगाउने ।
- छलफल कार्यक्रमको उद्देश्य बताउने ।
- यस अघि वस्ती/टोल तहमा कसरी योजना बनाइयो भन्नेबारे स्पष्ट पार्ने ।

### (ख) वस्ती/टोल तहको योजनाहरूको प्रस्तुति

- यस अघि वस्ती/टोल तहमा तयार पारिएका योजनाहरूलाई क्रमसः प्रस्तुत गर्ने - यस अभ्यासका सबै सहभागीहरूले कुन वस्ती/टोलले कुन-कुन योजना बनाएको छ भन्नेबारे जान्नु जरुरी हुन्छ ।
- प्रस्तुतीपश्चात् यदि कुनै कुरा अस्पष्ट भएको छ भने त्यसलाई स्पष्ट पार्ने ।

### (ग) तर्जुमा गरिएका योजनाहरूमाथि छलफल

- वस्ती/टोल तहमा तर्जुमा गरिएका योजनाहरूको प्रस्तुतीपश्चात् छलफल गर्ने ।
- यदि कुनै सहभागीको केही जिज्ञासा भएमा त्यसलाई स्पष्ट पार्ने ।
- कुनै पनि योजना कानुनी रुपमा बाझिने खालका छन् भने त्यसमाथि छलफल गरी मिलाउने ।

- तयार पारिएका योजनाहरू कार्यान्वयन भएपश्चात् 'बालबालिकाको अवस्थामा कस्तो परिवर्तन आउनेछ' वा ' बालअधिकार सुनिश्चित हुन्छ कि हुँदैन' भन्नेबारे छलफल गर्ने ।

(घ) योजनाहरूको प्राथमिकीकरण

- वस्ती/टोल तहमा तयार पारिएका योजनाहरूको सूची बनाउने - एक मेटाकार्डमा एक योजना लेखी सूची बनाउँदा उपयुक्त हुन्छ, वस्ती/टोल तहमा योजना दोहोरिएका छन् भने एक मेटाकार्डमा मात्र लेख्नु पर्दछ, दोहोऱ्याएर लेख्नु हुँदैन, उदाहरणको लागि यदि दुई वा दुईभन्दा बढी वस्ती/टोलमा बालश्रम सवालसम्बन्धी योजना तर्जुमा भएको छ भने बालश्रमसम्बन्धी योजनालाई एउटै कार्डमा लेख्नु पर्दछ ।

- लेखिएका मेटाकार्डलाई बोर्डमा (वा स्थान पर्याप्त छ भने भुइँमा पनि राख्न सकिन्छ) देब्रेबाट दाहिने तर्फ लहरै राख्ने र स्तरीकरण गर्ने ।

- ती योजनाहरूको प्राथमिकीकरण गर्ने - प्राथमिकीकरण गर्दा "जोडागत स्तरीकरण विधि" वा बुँदा ३.३ को ' ग' मा उल्लेख गरिएका विधिहरू (छलफल विधि, भोटिङ विधि, अंकानुगत स्तरीकण विधि) को प्रयोग गर्न सकिन्छ । (जोडागत स्तरीकरण विधिबारे अनुसूची ३ मा व्याख्या गरिएको छ) ।

(ङ) योजनाहरूको स्वीकृति र विस्तृत कार्यान्वयन योजना निर्माण

- योजनाहरूको प्राथमिकीकरण गरिसकेपछि सहजकर्ताले त्यसको परिणाम सुनाउने ।

- वैठकमा उपस्थित सबै सहभागीहरूको स्वीकृतिमा योजना पारित गर्ने ।

- कार्यक्रमको प्रभावकारी रुपमा समयमा नै कार्यान्वयनका लागि विस्तृत कार्यान्वयन योजना बनाउने (अनुसूची ५ मा उल्लेख छ) ।

(च) मन्तव्य र कार्यक्रमको समापन

- योजना प्रस्तुतीपश्चात केही सहभागीहरूलाई कार्यक्रमबारे आफ्ना बिचार (मन्तव्य) व्यक्त गर्न लगाउने ।

- मन्तव्य राख्दा सबैलाई तर्जुमा गरिएको योजना कार्यान्वयनका लागि प्रतिबद्धता पनि व्यक्त गर्न लगाउने (प्रत्येकले यसको लागि आफूले के गर्न सक्छन् भन्न लगाउने) ।

- योजनाको कार्यान्वयन कसरी गर्ने भन्नेबारे बताउने ।

- सबैलाई धन्यवाद दिई कार्यक्रमको समापन गर्ने ।

♦

# भाग ५

# योजना तर्जुमा अभ्यासको सहजीकरण

## ५.१ सहजीकरणबारे

सहजीकरण शब्दले "कुनै पनि कार्य सफलतापूर्वक सम्पन्न गर्न कार्यक्रमसँग सम्बन्धित सहभागीहरुलाई सजिलो बनाईदिने वा सहज बनाउन सहयोग गर्ने" भन्ने बुझाउँछ। सामाजिक विकासका सन्दर्भमा स्थानीय समुदायलाई उनीहरूको सामाजिक विकास कार्यमा अग्रसर गराउँदै उक्त कार्यको सफल कार्यान्वयनको लागि सहयोग गर्ने कार्यलाई नै सहजीकरणको रुपमा व्याख्या गर्ने गरिन्छ। साथै, उक्त सहयोग गर्ने कार्य विषयवस्तुसँग सम्बन्धित जानकार वा उक्त विषयवस्तुबारे ज्ञान र सीप भएको व्यक्ति वा संस्थाले सहजकर्ताको भूमिका खेल्दछन् ।

बालअधिकारमा आधारित योजना तर्जुमा गर्ने सन्दर्भमा योजना तर्जुमा प्रक्रियालाई प्रभावकारी ढङ्गबाट अगाडि बढाउन सहयोगीको भूमिका खेल्ने व्यक्ति तथा संस्थालाई नै सहजकर्ता वा सहजीकरण गर्ने संस्थाका रुपमा बुझिन्छ। विशेषगरी, योजना तर्जुमा प्रक्रियाको नेतृत्व लिने वडा र यसका लागि सहयोग गर्ने निकाय नै मूल सहजकर्ता हुन् ।

सहजकर्ताको सहजीकरण दक्षता र योजनाको प्रभावकारिता तथा यसले समुदायमा ल्याउने परिवर्तनबीच महत्वपूर्ण सम्बन्ध हुन्छ। त्यस्तै, सहजीकरण प्रक्रियाले योजनाको दिगोपनामा पनि प्रत्यक्ष प्रभाव पारेको हुन्छ।

> 'कुनै पनि कार्यक्रम (योजना) त्यतिबेला मात्र दिगो हुन सक्छ, जब त्यसलाई सम्बन्धित समुदायले आफ्नो ठान्दछ। कार्यक्रमलाई समुदायले त्यतिबेला मात्र आफ्नो ठान्दछ, जब त्यसको निर्णयलगायत सम्पूर्ण प्रक्रियामा सक्रिय रुपमा सहभागी हुन पाउँछ। समुदाय कार्यक्रम प्रक्रियामा त्यतिबेला मात्र सहभागी हुनसक्दछ, जतिबेला उक्त प्रक्रिया समुदाय-मैत्री (सहज, सरल र रोचक हुन्छ) र कार्यक्रम प्रक्रिया त्यतिबेला समुदाय-मैत्री हुनसक्छ, जब त्यसका सहजकर्ता उक्त प्रक्रियाको सहजीकरण गर्न सक्षम हुन्छ'[1] ।

## ५.२ सहजकर्ताको भूमिका

बालअधिकारमा आधारित योजना तर्जुमा अभ्यासको सफल कार्यान्वयनको लागि सबै सरोकारहरूको महत्वपूर्ण भूमिका रहन्छ। तथापि, समुदायमा प्रत्यक्ष सहजीकरण गर्ने स्थानीय तह र यसका पदाधिकारीहरूले योजना तर्जुमा प्रक्रियामा निम्न भूमिका खेल्नुपर्ने हुन्छ :

- वडाका (सबै वस्ती/टोलका) नागरिकहरूलाई बालअधिकार अवधारणाबारे जानकारी दिने। मुलतः यस सम्बन्धमा बालअधिकार के हो, यसको महत्व किन छ, बालअधिकार कसरी सुनिश्चित गर्ने, योजना तर्जुमा के हो, यो कसरी गर्ने, बालअधिकार सुनिश्चित गर्न कसरी योजना बनाउने जस्ता कुराहरूबारे जानकारी गराउनु पर्दछ।
- स्थानीय नागरिकहरूलाई योजना तर्जुमाका सम्पूर्ण चरणहरूमा सक्रिय रुपमा सहभागी हुनका लागि उत्प्रेरित गर्नुका साथै परिचालन गर्नु पर्दछ।
- योजना तर्जुमा अभ्यास गर्दा आइपर्ने चुनौतीहरूको पहिचान गरी त्यसको सही समाधानको लागि सहयोग गर्नु पर्दछ।
- समाज गतिशिल हुन्छ। हाम्रो समाज विविधताले भरिएको छ। नेपालमा लगभग १२६ जातजाति छन् भने १२३ जाति भाषा बोलिन्छन्। भौगोलिक परिस्थिति फरक छ, सांस्कृतिक परिवेषमा भिन्नता छ र जीवनशैलीमा विविधता छ। यस्तो अवस्थामा यस पुस्तिकामा उल्लेख गरिएका कुराहरूलाई हुवहु अनुशरण गर्नु हुँदैन। जुन समाजमा यसको उपयोग गर्ने हो त्यहाँको परिस्थितिअनुसार केही हेरफेर र थपघट गर्नु पर्दछ। यसबारे सहजकर्ताले स्थिति हेरी निर्णय गर्नु पर्दछ।

---

१ कमल फुयाल (२०१२), जनमूखि विकास प्रक्रिया : अवधारणा र अभ्यास (ह्याण्ड-आउट्स), काठमाडौ : सगुन

## सन्दर्भ सामग्री


१ कमल फुयाल (२०१३), सहजीकरण : किन र कसरी (ह्याण्ड-आउट्स), काठमाडौ : सगुन

२ S. White, (1996), The Art of Facilitating Participation, New Delhi: Sage

३ कमल फुयाल (२०१२), जनमुखि विकास प्रक्रिया : अवधारणा र अभ्यास (ह्याण्ड-आउट्स), काठमाडौ : सगुन

४ http://www.ohchr.org/EN/Issues/Development/Pages/Introduction.aspx

५ संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, 'स्थानीय तहको योजना तथा बजेट तर्जुमासम्बन्धी दिग्दर्शन २०७४', काठमाडौ

६ संघिय मामला तथा स्थानीय विकास मन्त्रालय, (२०७४) 'स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४' (परिमार्जित)

७ केन्द्रीय तथ्याङ्क विभाग, जनगणना २०६८

८ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, (२०७२), बालभेला सञ्चालन सहजीकरण स्रोत पुस्तिका (२०७२), काठमाडौ

९ R. Hart, (1992), Children's Participation: From Tokenism to Citizenship, UNICEF: Florence


♦

# अनुसूचीहरू

**अनुसूची १ : बालबालिकाका समस्या तथा सवाल र समाधानका लागि प्रस्तावित क्रियाकलापहरू**

| बालबालिकाका सवालहरू | सम्भावित क्रियाकलापहरू |
|---|---|
| (१) बालविवाह | • कानुनी शिक्षा सहित अभिमुखीकरण<br>• व्यापक सन्देश प्रवाह<br>• धर्मगुरु, शिक्षक, चिकित्सक र सुरक्षाकर्मी तथा ज्योतिष परिचालन<br>• प्रहरीमा मिलाउने प्रवृत्ति अन्त्य गर्ने<br>• वाल विवाह गर्ने व्यक्ति र अभिभावकलाई सामाजिक मूल्याङ्कन गर्ने<br>• विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• विद्यालयमा किशोरकिशोरी लक्षित नियमित अनुशिक्षण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण सिकाई गर्ने<br>• आफ्नो भविष्यको लक्ष्य, उद्देश्य निर्धारणसम्बन्धी शैक्षिक क्रियाकलाप गर्ने<br>• सामाजिक सञ्जालको सही प्रयोग सम्बन्धी शिक्षा दिने<br>• यस विषयवस्तु माथि सार्वजनिक सुनुवाई, सम्बाद, अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने |
| (२) बालश्रम | • बालश्रमको अवस्था अनुगमन<br>• सम्बन्धित निकायमा कारवाहीका लागि उजुरी हाल्ने<br>• विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण सिकाई गर्ने<br>• बालश्रमसम्बन्धी कानुनी शिक्षा<br>• सामाजिक तथा कानुनी दवाब<br>• सञ्चार माध्यमको प्रयोग<br>• जनचेतना अभिबृद्धि<br>• अभिभावक शिक्षाका साथै जीविकोपार्जनसम्बन्धी कार्यक्रम |
| (३) गर्भपतन | • स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण सिकाई गर्ने<br>• कानुनी शिक्षा<br>• अभिभावक शिक्षा : छोरा र छोरीबीच भेदभावको न्यूनिकरण<br>• सम्बन्धित निकायमा कारवाहीका लागि उजुरी हाल्ने<br>• अनिच्छिन गर्भ रोक्न परिवार नियोजन कार्यक्रम |
| (४) एचआईभी एड्स प्रभावित बालबालिका | • सचेतना कार्यक्रम र स्वास्थ्यकर्मी मार्फत् प्रचार-प्रसार<br>• विद्यालयमा नियमित अनुशिक्षण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण सिकाई गर्ने<br>• कानुनी शिक्षा<br>• निशुल्क उपचार व्यवस्था<br>• विभिन्न क्याम्प सञ्चालन : सामाजिक घृणा न्यूनिकरण |

| बालबालिकाका सवालहरू | सम्भावित क्रियाकलापहरू |
|---|---|
| (५) बालबालिका परित्याग गर्ने | • सचेतना र प्रचार प्रसार<br>• स्थानीय तह र अधिकारका लागि संजालहरू मार्फत् सामाजिक सुरक्षा अभियान सञ्चालन<br>• बालबालिका परित्यागको अवस्था अनुगमन<br>• सक्षम निकायमा कारवाहीका लागि उजुरी हाल्ने र कानूनी कारवाही अभियान थाल्ने<br>• विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• विद्यालयमा नियमित अनुशिक्षण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण सिकाई गर्ने<br>• सामाजिक तथा कानुनी दवाब |
| (६) बालयौन दुर्व्यवहार | • कानुनी शिक्षा<br>• सञ्चार माध्यमको परिचालन<br>• मोबाइल म्यासेज<br>• कानूनी कारवाहीका लागि उजुरी हाल्ने<br>• विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• विद्यालयमा नियमित अनुशिक्षण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण सिकाई गर्ने<br>• उजूरी पेटिका स्थापना गर्ने<br>• जनचेतनामूलक क्रियाकलाप सञ्चालन |
| (७) बालभेदभाव | • सचेतना कार्यक्रम र प्रचार प्रसार<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• सहयोग प्रणालीको ध्यानाकर्षण विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• विद्यालयमा नियमित अनुशिक्षण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण सिकाई गर्ने<br>• कानुनी शिक्षा |
| (८) खोप | • खोप केन्द्रको निर्माण गर्ने<br>• खोपका वारेमा व्यापक प्रचार प्रसार गर्ने<br>• विद्यालय भर्नामा खोप प्रमाणपत्र अनिवार्य गर्ने<br>• जोखिममा रहेका बालबालिकालाई खोप केन्द्रमा ल्याउने |
| (९) कुपोषण | • खानपीनसम्बन्धी सचेतना कार्यक्रम र प्रचार प्रसार<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• सहयोग प्रणालीको ध्यानाकर्षण<br>• जिविकोपार्जन कार्यक्रम सञ्चालन<br>• पकवान (सही तारिकाले) तालिम |

| बालबालिकाका सवालहरू | सम्भावित क्रियाकलापहरू |
|---|---|
| (१०) अपाङ्गता (शारीरिक र मानसिक) | • सचेतना कार्यक्रम र प्रचार प्रसार<br>• अपांगता भएका तथा जोखिममा रहेका बालबालिकाको पहिचान<br>• सहयोग प्रणालीको ध्यानाकर्षण गर्ने<br>• विशेष समाहित शिक्षा लागू गर्ने<br>• सहयोग सामग्री उपलब्ध गराउने<br>• अपांगतामैत्री वातावरण (घर, विद्यालय, बाटोघाटो)को निर्माण |
| (११) विद्यालय ड्रप आउट | • राष्ट्रिय तहबाट नै अनिवार्य शिक्षानीति लागु गराउन पैरवी<br>• सचेतना कार्यक्रम र प्रचार प्रसार : बालक्लव तथा सञ्जालको परिचालन<br>• ड्रप आउटका कारण सहित जोखिममा रहेका बालबालिकाको पहिचान गर्ने र आवश्यकता सम्वोधन गर्ने<br>• छात्रवृत्ति कार्यक्रम<br>• जिविकोपार्जन कार्यक्रम सञ्चालन (गरिवीको कारण विद्यालय छाड्नेहरूका लागि) |
| (१२) स्कुल बुलिङ | • आचारसंहिताको निर्माण तथा कार्यान्वयन<br>• शिक्षक र वाल क्लवले नियमित निगरानी गर्ने<br>• विद्यालयमा अनुशिक्षण गर्ने<br>• मनोसामाजिक परामर्ष सेवा सञ्चालन<br>• बालविकास र यसको महत्वबारे समुदायमा अभिमुखीकरण |
| (१३) बालगृहमा सिफारिश गर्ने (अभिभावक हुँदाहुँदै पनि) | • आफन्तहरूको खोजी गर्ने र पुनस्थापना गर्ने<br>• सचेतना कार्यक्रम र प्रचार प्रसार<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• सहयोगी निकायको पहिचान र प्रमाणिकरण<br>• बालगृहमा राखी उचित शिक्षादिक्षा दिने |
| (१४) ओसारपसार तथा बेचविखन | • सचेतना कार्यक्रम र प्रचार प्रसार<br>• जोखिम अवस्थाबारे पूर्व सावधानी अपनाउने<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• संस्थागत रुपमा सूचना सङ्कलन<br>• सहयोग प्रणालीको ध्यानाकर्षण<br>• सम्बन्धित निकायमा उजुरी हाल्ने<br>• कानुनी शिक्षा दिने |

| बालबालिकाका सवालहरू | सम्भावित क्रियाकलापहरू |
|---|---|
| (१५) लागू पदार्थ दुर्व्यसनी | • लागू पदार्थमा लाग्ने जोखिममा रहेका बालबालिकाको पहिचान<br>• सहयोग प्रणालीको ध्यानाकर्षण<br>• संस्थागत रुपमा सूचना सङ्कलन<br>• लक्षित समूहका लागि सचेतना कार्यक्रम र परामर्श दिने<br>• कानुनी व्यवस्था र सजायको व्यवस्था<br>• सचेतना कार्यक्रम : बेफाईदा र असरबारे जानकारी<br>• अतिरिक्त क्रियाकलाप सञ्चालन<br>• सञ्चार माध्यमको उपयोग |
| (१६) जन्मदर्ता/पहिचान | • सचेतना कार्यक्रम र प्रचार प्रसार<br>• गाउँ/नगरपालिका र वडादेखि वस्ती/टोलस्तरसम्म अभियानको थालनीमा सहयोग<br>• विद्यालय र अन्य सेवा लिन जन्म दर्ता अनिवार्य गर्ने<br>• अनिवार्य जन्मद्दर्ताको व्यवस्था |
| (१६) इन्टरनेट सुविधाको दुरुप्रयोग | • सचेतना कार्यक्रम र प्रचार प्रसार<br>• कानूनी व्यवस्था गर्ने |
| (१७) बालन्याय (कानुनी विवादमा परेका बालबालिका) | • सचेतना कार्यक्रम र प्रचार प्रसार<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• सहयोग प्रणालीको ध्यानाकर्षण<br>• विद्यालयमा नियमित अनुशिक्षण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण सिकाई गर्ने<br>• मनोसामाजिक परामर्श कार्यक्रम |
| (१८) आत्महत्या | • सचेतना कार्यक्रम र प्रचार प्रसार<br>• मनोसामाजिक परामर्श<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• सहयोग प्रणालीको ध्यानाकर्षण |
| (१९) विपद्मा बालबालिका | • सचेतना कार्यक्रम र प्रचार प्रसार<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• सहयोग प्रणालीको ध्यानाकर्षण<br>• विपद् व्यवस्थापनसम्बन्धी कोषको व्यवस्था<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण<br>• बालक्लव तथा सञ्जालको परिचालन |

| बालबालिकाका सवालहरू | सम्भावित क्रियाकलापहरू |
|---|---|
| (२०) बालबालिकाको दुरुपयोग (लागूपदार्थको ओसारपसार, सामान तस्करी, अपराधमा सङ्लग्नता, राजनीतिक कार्यक्रममा सङ्लग्नता, मानव साङ्लो) | • सचेतनाका लागि अभिमुखीकरण<br>• संचार माध्यममा सन्देश प्रवाह<br>• जोखिममा रहेका बालबालिकाको पहिचान गरी सुरक्षा जांच प्रभावकारी वनाउने विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• विद्यालयमा नियमित अनुशिक्षण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण सिकाई गन<br>• सहयोग प्रणालीको ध्यानाकर्षण<br>• कानुनी शिक्षा |
| (२१) डिप्रेसन | • सचेतना कार्यक्रम र प्रचार प्रसार<br>• मनोसामाजिक परामर्श<br>• यस्तो जोखिममा रहेका बालबालिकाको पहिचान |
| (२२) परम्परागत हानिकारक अभ्यासहरू (बली, देउकी, छाउपडी, झुमा, दाइजो आदि) | • संचार माध्यमको परिचालन<br>• सचेतना कार्यक्रम र प्रचार प्रसार<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण |
| (२३) सडक बालबालिका | • सडक बालबालिकाको पहिचान तथा तत्कालीन आवश्यकता पहिचान<br>• पारिवारिक पुनर्स्थापना कार्यक्रम सञ्चालन<br>• संचार माध्यम परिचालन<br>• जिविकोपार्जन कार्यक्रम : गरिवी न्यूनिकरणका लागि |
| (२४) जवरजस्ती/ प्रलोभनमा धर्म परिवर्तन | • प्रचार प्रसारका लागि संचार माध्यम परिचालन<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• कानुनी शिक्षा<br>• कडा कानुन निर्माणको लागि पैरवी<br>• विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण सिकाई गर्ने |
| (२५) सडक दुर्घटनामा बालबालिका | • बालबालिकाका लागि निशुल्क उपचारको व्यवस्था<br>• संचार माध्यम परिचालन<br>• बालमैत्री सडक निर्माणको लागि पैरवी<br>• सडकको प्रयोगबारे विद्यालय र समुदायमा नियमित अभिमुखीकरण<br>• चालकहरूलाई अभिमूखिकरण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण सिकाई गर्ने |

| बालबालिकाका सवालहरू | सम्भावित क्रियाकलापहरू |
|---|---|
| (२६) विद्यालयहरूमा छात्रामैत्री शौचालय | • मौजूदा शौचालय सुधार : छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था<br>• सहयोग प्रणाली र अनुदान वितरणमा छात्रामैत्री शौचालयका लागि वकालत तथा सहजीकरण<br>• योजना तर्जुमामा वाल सहभागिताको सुनिश्चितता |
| (२७) मास हिस्टेरिया | • मनोसामाजिक परामर्श सेवा सहित सचेतना कार्यक्रम<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• समुदायलाई विषयवस्तुबारे अभिमुखीकरण |
| (२८) गरिबीमा बालबालिका | • गरिव परिवारको पहिचान<br>• जीविकोपार्जन कार्यक्रम सञ्चालन<br>• सहयोग प्रणालीको ध्यानाकर्षण<br>• सीपमूलक तालिम |
| (२९) अव्यवस्थित बसाइसराइँ | • स्थानीय स्तरमा कारण पत्ता लगाई समाधानको लागितहमा छलफल<br>• यस समस्याले बालबालिकामा पार्ने नकारात्मक असरबारे समुदायलाई अभिमुखीकरण<br>• गाउँ तथा नगर विकास योजनामा वस्ती संरचना परिवर्तन विकासको खण्ड राख्ने |
| (३०) बालसंवेदनशील अभिभावक शिक्षा नहुनु | • अभिभावकसँग नियमित अन्तरक्रिया<br>• सूचना तथा सन्देश प्रवाह<br>• सचेतना कार्यक्रम<br>• समुदायमा आचारसंहिता निर्माण<br>• अभिभावक शिक्षा सञ्चालन |
| (३१) व्यवसायिक बालयौन शोषण | • विद्यार्थी र अभिभावकसँग नियमित अन्तरक्रिया<br>• सूचना तथा सन्देश प्रवाह<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• सहयोग प्रणालीको ध्यानाकर्षण<br>• निगरानी केन्द्र स्थापना<br>• संचार माध्यम परिचालन<br>• विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण<br>• जीविकोपार्जन कार्यक्रम सञ्चालन<br>• कानुनी शिक्षा<br>• सचेतना कार्यक्रम : यसका विविध असरबारे |

| बालबालिकाका सवालहरू | सम्भावित क्रियाकलापहरू |
|---|---|
| (३२) शारीरिक तथा मानसिक दण्डसजाय | • शिक्षक र विद्यार्थीबीच अन्तरक्रिया<br>• जोखिममा रहेका बालबालिका र अवस्थाको पहिचान<br>• विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण<br>• सचेतना कार्यक्रम<br>• सूचना तथा सन्देश प्रवाह<br>• कानुनी शिक्षा |
| (३३) बालआवाज सुनुवाई नहुनु | • स्थानीय तहका संरचना र वाल संजाल क्रियाशील वनाउने<br>• बाल सवालसँग सम्बन्धित प्रत्येक निकायमा अर्थपूर्ण बाल सहभागिताको सुनिश्चितता<br>• बालक्लव र सञ्जालको प्रभावकारी सञ्चालन<br>• बालबालिकाको क्षमता अभिबृद्धि कार्यक्रम |
| (३४) अशिक्षा (शिक्षाबाट वञ्चित) | • समुदायमा अन्तरक्रिया<br>• शिक्षाबाट वञ्चित बालबालिकाको पहिचान<br>• जीविकोपार्जन कार्यक्रम सञ्चालन<br>• शिक्षाको गुणस्तरमा बृद्धि |
| (३५) खाद्य असुरक्षा | • खाद्य गुणस्तरबारे सचेतना कार्यक्रम<br>• विद्यालयमा विषयवस्तुबारे पठनपाठन व्यवस्था<br>• सहयोग प्रणालीको ध्यानाकर्षण<br>• स्थान (समुदाय) उपयुक्त फलफूल तथा तरकारी खेती |
| (३६) सामाजिक असुरक्षा | • सचेतनाका लागि सूचना प्रवाह तथा प्रचार प्रसार<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• सहयोग प्रणालीको ध्यानाकर्षण<br>• हिंसा निगरानी प्रणाली स्थापना गर्ने |
| (३७) जोखिमपूर्ण विद्यालय यात्रा (तुइन, कुविण्डो, ट्युव, घिर्नी आदिको प्रयोग) | • जोखिममा रहेका बालबालिका र स्थानको पहिचान<br>• भौतिक निर्माण (पुल, बाटो, आदि)<br>• जोखिमरहित यात्रा प्रक्रियाबारे बालबालिकालाई अभिमुखीकरण |
| (३८) जादू, सर्कसमा बालबालिकाको प्रयोग | • सचेतना कार्यक्रम र प्रचार प्रसार<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• वेचविखनको दुरुपयोगको जोखिमबारे सामाजिक र सुरक्षा निकायको उच्च निगरानी<br>• विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण<br>• कानुनी शिक्षा (साथै, कडा कानुन निर्माणको लागि पैरवी) |

| बालबालिकाका सवालहरू | सम्भावित क्रियाकलापहरू |
|---|---|
| (३९) बहुविवाह | • सामाजिक वहिष्कार अभियानको थालनी<br>• सामाजिक आचारसंहिता निर्माण<br>• संचार माध्यम परिचालन<br>• महिला र बाल संजाल परिचालन<br>• सूचना सङ्कलन र कानूनी कारवाही<br>• कानुनी शिक्षा |
| (४०) घरमूली बालबालिका (अभिभावक नहुँदा घरमूली हुन बाध्य) | • जोखिममा रहेकाको पहिचान र प्रचार प्रसार<br>• स्थानीय तहबाट जीविकोपार्जनमा सहयोग<br>• सहयोग प्रणालीको ध्यानाकर्षण |
| (४१) पारिवारिक बिग्रहका कारण बालबालिका जोखिममा | • अभिभावक शिक्षा<br>• जोखिममा रहेका बालबालिका तथा त्यस्ता परिवारको पहिचान<br>• सहयोग प्रणालीको ध्यानाकर्षण<br>• जीविकोपार्जन कार्यक्रममा सहयोग |
| (४२) बालहिंसा | • सचेतनाका लागि सन्देश प्रवाह र प्रचार प्रसार<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण<br>• मोवाईल कार्यक्रम (निरन्तर शन्देश प्रवाह)<br>• सम्बन्धित निकायमा उजुरी हाल्ने |
| (४३) जंक फुडको प्रयोग | • सचेतनाका लागि सन्देश प्रवाह र प्रचार प्रसार<br>• विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण सिकाई गर्ने |

**अनुसूचि २ : रोजर हार्टको अनुसार बालबालिकाको सहभागिता (सहभागिताका तह वा प्रकारहरु)**




आठौं तह : बालबालिकाको निर्णय र बालबालिकाकै नेतृत्वमा कार्य सञ्चालन

यो तहमा बालबालिकाले आफ्नो लागि निर्णय गर्नेछन्, उक्त निर्णय वयस्कहरुलाई जानकारी गराउने छन् र सोही निर्णयअनुरुप कार्यक्रम सञ्चालन गर्नेछन् । तर, यो तहसम्म आईपुग्दा समुदायका वयस्कहरुले बालबालिकाको सहभागिता र उनीहरुको क्षमताको महत्व बुझिसकेका हुनेछन् । बालबालिकाले आफ्नो बिचार र दक्षताका आधारमा समाजमा सकारात्मक परिवर्तनका लागि कार्य गर्न सक्षम छने भन्ने कुरालाई समाजले स्विकार गरेको हुनेछ। बालबालिकाको निर्णय तथा नेतृत्वको लागि सहयोग गर्न उनीहरुसँग सहकार्य गर्न समाजका अन्य वर्ग तयार भएका हुनेछन् ।

सातौँ तह : बालबालिकाको नेतृत्व र निर्देशनमा कार्य सञ्चालन

यो तहमा बालबालिकाले वयस्कहरुको सहयोगमा बालबालिकासम्बन्धी कार्य सञ्चालनको नेतृत्व लिनेछन् । यसको लागि वयस्कहरुले बालबालिकालाई विधि, स्रोत, सूचना र अन्य आवस्यक आईडिया उपलब्ध गराएर सहयोग गर्नेछन् । तथापि, उक्त सहयोग लिई आफ्नो कार्यक्रमका लागि नेतृत्व भने बालबालिकाले नै लिनेछन् ।

छैठौँ तह : वयस्कको नेतृत्वमा बालबालिकाको निर्णय र कार्य सञ्चालन

यो तहमा छलफल कार्यको नेतृत्व वयस्कले लिनेछन् भने निर्णय लिने कार्यका लागि बालबालिकालाई सहभागी गराइन्छन् । कार्यक्रमको प्रारम्भिक सोँच र बिचार वयस्कबाट आउने भए तापनि त्यसबारे छलफल गर्ने, निर्णय गर्ने, योजना बनाउने र त्यसको कार्यान्वयन प्रक्रियामा सक्रिय रुपमा बालबालिका लाग्दछन् ।

पाँचौँ तह : वयस्कले बिचार लिने र जानकारी गराउने

यो तहमा बालबालिकाका लागि गरिने परियोजना निर्माणको लागि वयस्कहरुद्वारा बालबालिकाको सुझाव लिइन्छ, सोहीअनुरुप छलफल गरी वयस्कहरुले निर्णय गर्दछन् र सोको बालबालिकालाई जानकारी गराईन्छ । यस क्रममा कसरी बालबालिकाको सूचना र सुझावलाई निर्णय गर्दा समावेस गराइयो भनी स्पष्ट पारिन्छ किनकि यसबारे थाहा पाउनु बालबालिकाको अधिकार हो भन्ने मान्यता राखिन्छ ।

चौथो तह : कार्यको जिम्मेवारी दिने र जानकारी पनि दिने

यो तहमा परियोजनाको नेतृत्व वयस्कले लिन्छन् र बालबालिकालाई निर्दिष्ट भूमिकामा सहभागी गराइन्छ । बालबालिका परियोजनाको परियोजनाको धेय तथा उद्देश्यबारे स्पष्ट हुन्छन्  र उनीहरुको सहभागिताको महत्व के हो र उनीहरुको सहभागिताका लागि कसले - किन निर्णय गरेको हो भन्नेबारे जानकार हुन्छन् । परियोजनाबारे बालबालिका स्पष्ट हुन्छन् र उनीहरुलाई महत्वपूर्ण जिम्मेवारी दिइन्छ ।

तेस्रो तह : साङ्केतिक उपस्थिति गराउने

यो तहमा बालबालिकालाई साङ्केतिक रुपमा सहभागी गराइन्छ वा परियोजनामा उनीहरुको भूमिका न्यून हुन्छ । उदाहरणको लागि कुनै सभा वा समितिमा उनिहरुलाई उपस्थित त गराइन्छ तर उनीहरुलाई किन र कसरी छानिएको हो र उनीहरुको निर्दिष्ट भूमिका के हो भन्नेबारे बालबालिका स्पष्ट हुँदैनन् ।

दोस्रो तह : देखावटी सहभागिता (देखाउनको लागि मात्र सहभागिता)

यो तहमा परियोजनाको सम्पूर्ण नेतृत्व (छलफल, निर्णय र नेतृत्व) वयस्कले नै लिन्छन् र बालबालिकालाई कुनै कार्यमा वयस्कहरुकै डिजाइनअनुसार भूमिका दिई उपस्थित गराइन्छ । यस क्रममा बालबालिकाले आफूले के गरिरहेको, किन गरेको र यसले उनीहरुलाई के उपलब्धि हुन्छ भन्नेबारे पत्तो पाउँदैनन् ।

पहिलो तह : उपयोग गर्ने धेयसहितको सहभागिता

यो तहमा बालबालिकालाई थाहै नदिई उनीहरुलाई उपयोग गरिन्छ । परियोजनाको प्रवर्द्दनका लागि उनीहरुलाई प्रयोग गरिन्छ । यस क्रममा बालबालिकालाई आफूले के गरिरहेको, किन गरिरहेको भन्ने पनि थाहा हुँदैन र उनीहरुलाई आफू प्रयोग भइरहेको छ भन्ने वोध पनि हुँदैन । निर्दिष्ट स्वार्थ्यसहित कुनै प्रयोजनका लागि बालबालिकालाई उपयोग गरिएको हुन्छ ।

स्रोत : Hart, Roger A., (1992), Children's Participation: From Tokenism to Citizenship, UNICEF: Florence.

**अनुसूची ३ : सहभागितामूलक विधि – वृक्ष चित्र विधिको परिचय**

समुदाय विद्यमान समस्या तथा सवालहरू के के छन्, ती समस्या तथा सवालहरूका कारणहरू के-के हुन् र ती समस्याहरूले समुदायमा वा त्यहाँका वासिन्दाहरूमा के कस्ता प्रभाव पारेका छन् भनी सहभागीमूलक रुपमा छलफल चलाउनु नै यो विधिको प्रमुख उद्देश्य हो । यहाँ बालबालिकासम्बन्धी समस्याहरू के-के छन् र ती समस्याहरूको कारण के-के हुन् भनी छलफल गरी सूचना सङ्कलन गरिनेछ । साथै, ती समस्याहरूले समाजमा पारेको समग्र प्रभावबारे पनि विश्लेषण गरिनेछ । यस प्रक्रियाले समस्याका कारण र प्रभावबारे जानकारी प्राप्त हुने मात्र नभई अभ्यासका सहभागीहरूस्वयम्ले आफ्नो अवस्थालाई नजिकबाट नियाल्न पाउने हुँदा "ओहो ! यस्तो पो रहेछ" भनेर महसुस गर्ने अवस्थाको पनि सिर्जना गर्दछ ।

**यस विधिले छलफल चलाउनु पर्ने सूचनाहरू :**

- सहभागी महिलाहरूको विचारमा समुदायमा बालबालिकासम्बन्धी समस्याहरू के-के छन् ?
- ती समस्याहरूका कारणहरू के होलान् ?
- कारणहरूबारे छलफल गर्दा कारणहरूबीच एकआपसमा सम्बन्ध पनि हेर्ने ।
- ती समस्याहरूले के कस्ता असर पारेका छन् ?
- समस्याहरूले बालबालिका, परिवार तथा समाजमा समग्र प्रभाव कस्तो पारेको छ ?

**प्रयोग प्रक्रिया :**

- सर्वप्रथम के विषयमा छलफल गर्न खोजिएको हो भन्ने स्पष्ट पार्ने ।
- बालबालिकासम्बन्धी समस्याहरू के-के छन् छलफल गरी त्यसको सूची तयार पार्ने ।
- मिल्दाजुल्दा समस्याहरू छन् भने एकै स्थानमा राखेर छलफल गर्न सकिन्छ, हैनभने एकपटकमा एकवटा समस्यालाई लिएर छलफल गर्नु पर्दछ ।
- एउटा समस्यालाई कागजको बीचमा गोलाकार बनाएर भित्र राख्ने ।
- गोलाकारको देब्रे तर्फको भागलाई 'समस्याको कारण क्षेत्र' बनाई उक्त समस्याका कारणहरू के हुन् सोध्ने र देब्रे तर्फ लेख्दै जाने । कारण र त्यसको पनि कारण (उप कारण) र त्यसको पनि कारण छ भने क्रमैसँग लेख्दै जाने ।
- कारणको छलफल सकिसकेपछि समस्याको दाहिने तर्फको भागलाई समस्याको प्रभाव क्षेत्र बनाउने । र, त्यो समस्याले के कस्ता प्रभावहरू पारेको छ सोधी लेख्दै जाने । यसलाई प्रभावको पनि प्रभाव र त्यसको पनि प्रभावलाई क्रमैसँग लेख्दै जाने ।
- विधिको अभ्यास सकिए पछि छलफल गरिएका सूचनाहरू सहभागीहरूलाई सुनाउने र केही सच्याउनु पर्ने छ भने सोध्ने र सच्याउने ।

## अनुसूची ४ : स्तरीकरण विधि

यो विधि कुनै पनि विषयवस्तुबारे समुदायको (यस पुस्तिकामा वडामा तर्जुमा गरिएका योजनाहरूको प्राथमकिकरण गर्न) प्राथमिकता के छ थाहा पाउनको लागि प्रयोग गरिन्छ। उदाहरणको लागि प्रत्येक वडामा योजना तर्जुमा गरिसकेपछि कुनकुन योजनालाई प्राथमिकतामा राख्नु पर्दछ र त्यसको कारण के हो भन्नेबारे सम्बन्धित सरोकारवालाहरूको विचारअनुरुप निर्क्योल गर्नका लागि यस विधिको उपयोग गर्न सकिन्छ।

**प्रयोग प्रक्रिया :**

- जोडागत स्तरीकरण विधिको प्रयोग कुन विषयका लागि भन्ने तय गर्ने।
- समूहलाई यस अभ्यासको उद्देश्य र प्रक्रियाबारे स्पष्ट पार्ने। कहिलेकाहीँ समूहले प्रयोगका सवालमा केही नवीन धारणा दिन्छन्। सो अवस्थामा समूहको अनुसार गर्ने।
- तर्जुमा गरिएका योजनाहरूलाई देब्रेबाट दाहिन तर्फ लेख्दै जाने (वा सोहीअनुरुप मेटाकार्डहरू क्रमैसँग राख्दै जाने।
- त्यस्तै, सोही योजनाहरूलाई कागज (वा बोर्ड) को देब्रेतर्फ माथिदेखि तल लेख्दै जाने (वा कार्डहरूलाई राख्दै जाने)।
- त्यसपछि क्रमैसँग एकलाई अर्कोसँग तुलना गर्दै जाने।
- तुलना भई त्यसको परिणाम निस्केपछि सो परिणामबारे समूहसँग छलफल गर्ने।
- दोश्रो चरणमा प्राथमिकतामा पर्नुका आधारहरूबारे पुनः छलफल गर्ने।
- अन्त्यमा छलफलबाट निस्केका सम्पूर्ण कुराहरू समूहलाई बताउने र छलफल गर्ने। यो क्रममा समूहले कुनै सूचनालाई सच्याउन चाहेमा त्यसलाई मिलाउने।

उदाहरण : बालबालिकाका सवालहरूको प्राथमिकीकरण

| | बालश्रम | बाल विवाह | बाल हिंसा | विद्यालय छाड्ने (ड्रप आउट) | खान नपुग्ने |
|---|---|---|---|---|---|
| बालश्रम | x | बाल विवाह | बाल हिंसा | बाल श्रम | खान नपुग्ने |
| बाल विवाह | x | x | बाल हिंसा | बाल विवाह | खान नपुग्ने |
| बाल हिंसा | x | x | x | बाल हिंसा | खान नपुग्ने |
| विद्यालय छाड्ने (ड्रप आउट) | x | x | x | x | खान नपुग्ने |
| खान नपुग्ने | x | x | x | x | x |
| | २ | ३ | ४ | १ | ५ |
| | चौथो प्राथमिकता | तेस्रो प्राथमिकता | दोस्रो प्राथमिकता | पाँचौं प्राथमिकता | पहिलो प्राथमिकता |

**अनुसूची ५ : योजना तर्जुमा अभ्यास फारमको प्रयोग** (उदाहरणको लागि यहाँ बाल विवाहको सवालको योजना बनाइएको छ)

| क्र.सं. | योजना/कार्यक्रम | लक्षित परिवार/समूह/वर्ग | उपलब्ध पूर्वाधारहरू | अपेक्षित उपलब्धिहरू (कार्यक्रमले के फाइदा गर्दछ) | समुदायको जिम्मेवारी | बाहिरबाट अपेक्षित सहयोग |
|---|---|---|---|---|---|---|
| १. | **बाल विवाहको सवाल**<br>क. सचेतना बढाउने<br>ख. किशोरकिशोरीबीच छलफल चलाउने<br>ग. सामाजिक सञ्जालमार्फत् सूचना प्रवाह गर्ने<br>घ. मोवाईलको प्रयोगबारे विद्यालयमा आचारसंहिता बनाउने<br>ङ. कानुनी शिक्षा दिने | वडाका सबै किशोरकिशोरीहरू<br>अभिभावकहरू | • बालक्लव र बालसञ्जाल छन्, जसलाई उपयोग गर्न सकिन्छ<br>• बाल विवाह भएको सङ्ख्या र यसका कारण तथा प्रभावबारे गरिएको अध्ययनको प्रतिवेदन छ - असरबारे बुझाउन सजिलो हुन्छ<br>• बालबालिकासँग सम्बन्धित सवालमा कार्य गर्ने स्थानीय संघसंस्थाहरू छन्<br>• चिन्तित अभिभावकहरू छन्, बाल विवाह रोक्न सक्रिय हुन चाहन्छन् | • किशोरकिशोरीको चौतर्फी विकासमा सहयोग पुग्छ<br>• उनीहरूको स्वास्थ्य अवस्थामा सुधार आउँछ<br>• कानुनको पालना हुन्छ<br>• सक्षम युवाशक्ति तयार हुन्छ | • कार्यक्रम कार्यान्वयन गर्न वडालाई सहयोग गर्ने<br>• अभिभावकले आफ्ना केटाकेटीको क्रियाकलापको निगरानी गर्ने<br>• विद्यालयमा निरन्तर गई शिक्षकसँग छलफल गर्ने | • संघसंस्थाको साझेदारिता<br>• गोष्ठी, तालिम कार्यक्रममा आर्थिक तथा प्राविधिक सहयोग<br>• आवश्यक सूचना उपलब्ध गराइदिने |
| २. | | | | | | |

## अनुसूची ६ : विस्तृत कार्यान्वयन योजना

योजना तर्जुमा गरिसकेपछि ती योजनाहरूको कार्यान्वयनका लागि विस्तृत कार्यक्रम कार्यान्वयन योजना तयार पारिन्छ । सामान्यतया कार्यक्रम कार्यान्वयनको लागि बजेट निधो भइसकेपछि मात्र विस्तृत कार्यान्वयन योजना तयार पारिन्छ । बजेट निधो नभई यो तयार पारिएमा यदि कुनै कारण कार्यक्रम कार्यान्वयन नहुने स्थिति आएमा यसले समुदायमा नकारात्मक असर पार्दछ ।

विस्तृत कार्यान्वयन योजनामा मुलतः कुन क्रियाकलाप कहाँ गर्ने, कार्यान्वयन प्रक्रियाको संयोजन कसले गर्ने (वा कसको जिम्मेवारी), कस्तो स्रोत र सामग्रीको आवश्यकता पर्दछ, अनुमानित बजेट कति लाग्छ, कस्ता चुनौतीहरू आउन सक्छन् र त्यसको समाधानका लागि रणनीति कस्तो हुनसक्छ भन्ने कुराहरू समावेस गरिन्छन् । विस्तृत कार्यान्वयन योजना तयार पार्न तलको फारमको उपयोग गर्न सकिन्छ :

| क्रियाकलाप/प्रक्रिया | स्थान (कहाँ गर्ने) | समयावधि (कहिले गर्ने) | जिम्मेवार व्यक्ति/समूह (कसले गर्ने) | आवश्यक सामग्री र अनुमानित बजेट | सम्भावित चुनौती | चुनौती समाधानका उपायहरू |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसूची ७ : भकिम्लीको (बेनी नगरपालिका वडा नं. ३) बालअधिकारमा आधारित योजना**

'बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा'का लागि सहयोगी पुस्तिका तयार पारिसकेपछि उक्त पुस्तिकामा उल्लेख गरिएअनुरुप योजना तर्जुमा सम्भव हुन्छकि हुँदैन भन्ने परीक्षण गर्नका लागि म्याग्दी जिल्लाको भकिम्लीमा पूर्व-परीक्षण अभ्यास (प्रि-टेस्ट) गरिएको थियो । उक्त अभ्यासका क्रममा सर्वप्रथम म्याग्दीको बेनीमा २ दिने अनुशिक्षण कार्यक्रम सञ्चालन गरी त्यसपछिको २ दिन भकिम्लीमा व्यवहारिक अभ्यास गरिएको थियो । सहयोगी पुस्तिकाको पूर्व-परीक्षण कार्यक्रममा निम्नानुसार व्यक्तिहरूको सहभागिता रहेको थियो :

| क्र.सं. | नाम | जिम्मेवारी | जिल्ला |
|---|---|---|---|
| १ | मिठु आचार्य | बालअधिकार अधिकृत | म्याग्दी |
| २ | सञ्जिव महतो | बालअधिकार अधिकृत | धनुषा |
| ३ | केआर विजय दाहाल | बालअधिकार अधिकृत | सिन्धुली |
| ४ | पदम भण्डारी | सूचना अधिकृत, जिविस | म्याग्दी |
| ५ | शिव शर्मा | (साविकको) गाविस सचिव, भकिम्ली | म्याग्दी |
| ६ | हिरा बहादुर थापा | संयोजक, गाबासंस, ज्यामरुककोट | म्याग्दी |
| ७ | रत्न बहादुर जिसी | अध्यक्ष, गाबासंस, भकिम्ली | म्याग्दी |
| ८ | भरत चौधरी | सामाजिक परिचालक, वल्हागोठ | धनुषा |
| ९ | शंकर नारायण झा | (साविकको) गाविस सचिव, वल्हागोठ | धनुषा |
| १० | स्वरुपलाल फनेत | अध्यक्ष, गाबासंस, हर्षाई | सिन्धुली |
| ११ | गुमान सिं खड्का | (साविकको) गाविस सचिव, हर्षाई | सिन्धुली |
| १२ | दिपक परियार | अध्यक्ष, जिल्ला बाल सञ्जाल | म्याग्दी |
| १३ | रञ्जना श्रेष्ठ | सचिव, जिल्ला बाल सञ्जाल | म्याग्दी |
| १४ | आत्माराम थापा | परियोजना संयोजक, केबाकस | ललितपुर |
| १५ | कमल फुयाल | सहजकर्ता, केबास | ललितपुर |

बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई 'सहयोगी पुस्तिका'मा उल्लेख गरिएअनुसार नै अनुशरण गरिएको थियो । योजना तर्जुमा अभ्यासको विस्तृत परिणाम तल प्रस्तुत गरिएका छन् :

नोट : यस अभ्यास पुरानो संरचनाअन्तर्गत गाविस भएको समयमा गरिएको हुँदा यस प्रतिवेदनमा भकिम्ली गाविस भनी लेखिएको छ । म्याग्दी जिल्लाको साविकको भकिम्ली गाविस हाल बेनी नगरपालिका वडा नं. ३ मा पर्ने हुँदा भकिम्लीलाई बेनी नपा-३ भनी बुझ्नु पर्दछ ।

# बालधिकारमा आधारित सहभागितामूलक योजना
## भकिम्ली गाविस, म्याग्दी
## बैशाख २०७३

### १. योजना तर्जुमा कार्यक्रम

सहयोगी पुस्तिका तयार भएपछि यसमा उल्लेख गरिएको योजना तर्जुमा प्रक्रिया, प्रक्रियालाई सहजीकरण गर्ने विधिहरू र पुस्तिकामा उल्लेख गरिएका अन्य विषयवस्तु व्यवहारिक छन् कि छैनन् भन्नेबारे पूर्व-परीक्षण गर्ने उद्देश्यले योजना तर्जुमा अभ्यास कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो । एउटैमात्र स्थानमा परीक्षण गर्दा पुस्तिकाको उपयोगिता सबैतिर उपयुक्त छ भन्न थाहा पाउन सकिँदैन । तसर्थ, पहाडी भेग, भित्री मधेश र तराईका एक-एक गाविसको छनौट गरी यसको परीक्षण गर्ने निधो भएको हुँदा धनुषाको बल्हागोठ, सिन्धुलीको हर्षाइ र म्याग्दीको भकिम्ली गाविसको छनौट गरियो । पुस्तिका तयार पार्ने टोलीको अगुवाईमा म्याग्दीको भकिम्लीका योजना तर्जुमा अभ्यास गर्ने र बाँकी दुई जिल्लाका गाविसहरूमा जिल्ला (र गाविस) को टोलीले योजना बनाउने निर्णय गरिएकोले तिनै जिल्लाका प्रतिनिधिहरूको सहभागितामा भकिम्ली गाविसमा योजना तर्जुमा अभ्यास सम्पन्न गरिएको हो ।

सबै जिल्लाका प्रतिनिधिहरू म्याग्दीको बेनीमा जम्मा भई दुईदिन 'बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा' को अवधारणागत विषयवस्तु माथि विस्तृत छलफल तथा योजना तर्जुमाको कक्षागत अभ्यास गरियो । अवधारणागत छलफलपश्चात् सम्पूर्ण सहभागीहरूको सहजीकरणमा भकिम्ली गाविसमा योजना तर्जुमा अभ्यास सम्पन्न गरियो ।

### २. योजना तर्जुमा कार्यक्रमको उद्देश्य

भकिम्ली गाविसमा 'बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा' अभ्यास गर्नुका उद्देश्यहरू यस प्रकार छन् :

- भकिम्ली गाविसमा रहेका बालबालिकाका सवालहरूको विश्लेषण गर्ने ।
- भकिम्ली गाविसलाई बालमैत्री गाविस बनाउन आवश्यक योजना तर्जुमा गर्ने ।
- बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा सहयोगी पुस्तिकाको पूर्व-परीक्षण गर्ने ।

### ३. योजना तर्जुमा प्रक्रिया

गाविसमा योजना तर्जुमा गर्नका लागि निम्नानुसारको प्रक्रियालाई अनुशरण गरिएको थियो :

| | |
|---|---|
| **योजना तर्जुमा अभ्यासबारे सहमति, मिति र समय निर्धारण** | • गाविसमार्फत् समुदायसँग गाविसको योजना तर्जुमाबारे जानकारी<br>• योजना तर्जुमा अभ्यासको मिति र समय निर्धारण<br>• वडातहमा योजना तर्जुमा अभ्यासमा सहभागी हुँदा आ-आफ्नो टोल तथा वडाको बालबालिकाको अवस्थासम्बन्धी सूचनासहित उपस्थित हुन अनुरोध |

| | |
|---|---|
| **वडागत योजना तर्जुमा अभ्यास** | • बालअधिकारबारे छलफल - यसबारे सहभागीलाई स्पष्ट पार्ने कार्य सम्पन्न<br>• सहभागितामूलक योजना प्रक्रियाबारे छलफल : यसको अर्थ र महत्वबारे स्पष्ट पार्ने कार्य सम्पन्न<br>• वडागत रुपमा बालबालिकाका समस्या तथा सवालहरूको पहिचान<br>• समस्या तथा सवालहरूको विश्लेषण : ती समस्याका कारणहरू र समस्याले बालबालिकामा, तिनका परिवारमा र सिङ्गो समुदायमा पारेका असरहरूबारे छलफल<br>• समस्या तथा सवालहरूको समाधानको लागि योजना तर्जुमा अभ्यास (समूहगत अभ्यास गरी योजना तर्जुमा)<br>• विभिन्न समूहद्वारा तयार पारिएको योजनाहरूको प्रस्तुती र छलफल |

| | |
|---|---|
| **गाविस तहको वैठक : योजनाहरूमाथि छलफल तथा प्राथमिकीकरण** | • बालअधिकारको अवधारणागत पक्षमाथि छलफल<br>• सहभागितामूलक योजना प्रक्रियाबारे छलफल : सहभागितामूलक योजना प्रक्रिया के हो र किन आवश्यक छ भन्नेबारे छलफल<br>• वडागत रुपमा तयार पारिएका योजनाहरूको क्रमवद्ध प्रस्तुती र त्यसमाथि छलफल<br>• योजनाहरूको प्राथमिकीकरण - सहभागितामूलक विधिको प्रयोगबाट प्राथमिकिरण सम्पन्न<br>• वैठकबाट योजनाहरूको स्वीकृति |

## ४. योजना तर्जुमा अभ्यास परिणाम

भकिम्लीमा सम्पन्न गरिएको योजना तर्जुमा अभ्यास कार्यक्रमका क्रममा तयार पारिएको योजनाहरू यहाँ समावेस गरिएका छन् ।

### ४.१ बालबालिकाका सवालहरू

योजना तर्जुमाको पहिलो चरणमा गाविसमा विद्यमान बालबालिकाका सवालहरूको पहिचान गरिएको थियो । यसको लागि सहजकर्ताहरूको टोली तीन समूहमा विभाजन भई गाविसका विभिन्न वडाहरूमा गई स्थानीयवासीसँग अभ्यास गरिएको थियो । पहिलो टोलीले वडा नं. १, २ र ३ लाई समेटेको थियो भने दोस्रोले वडा ४, ५ र ६ र तेस्रो टोलीले वडा नं. ७, ८ र ९ । उक्त अभ्यासमा बालक्लवका प्रतिनिधिहरू, प्रत्येक वडाबाट वडा नागरिक मञ्चका संयोजक, विद्यालयहरूका शिक्षक प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधिहरू, समुदायमा रहेका स्थानीय संस्थाहरू (महिला समूह, आमा समूह, सहकारी, युवा क्लव, आदि) का प्रतिनिधिहरू र वडावासीहरूको सहभागिता रहेको थियो । प्रत्येक टोलीले बालबालिकाका सवालमाथि छलफल गर्दा उपस्थित सहभागीहरूलाई ४ समूहमा विभाजन गरेको थियो : बालबालिकाको समूह, पुरुष समूह, महिला समूह र बुद्धिजीवि समूह । बुद्धिजीवि समूहमा वडा नागरिक मञ्चका संयोजकहरू, राजनैतिक दलका प्रतिनिधिहरू, समाजसेवीहरू र शिक्षक थिए ।

तिन वटै टोलीले आ-आफ्ना वडाहरूमा अभ्यास गर्ने क्रममा प्राप्त बालबालिकाका सवालहरूलाई गाविसतहमा एकिकृत गर्दा निम्नानुसारका सवालहरू (मूख्य सवालहरू) देखिएका छन् :

क. कुपोषणको समस्या

ख. बाल हिंसा

ग. बालबालिकाले (केहीले) अझै विद्यालय जान नपाउनु
घ. लागु पदार्थ दूर्व्यशनी
घ. बालअधिकारबारे (धेरैलाई) अभिभावकलाई ज्ञान नहुनु
ङ. बाटोको समस्या हुनु
च. बाल विवाह
छ. प्राविधिक शिक्षा नपाउनु (भविष्यमा बेरोजगारी बढ्न सक्ने)
ज. छोरा र छोरीबीच भेदभाव
झ. बालबालिकाले अभिभावकलाई नटेर्ने
ञ. विद्यालयबाट ड्रपआउट हुनु
ट. बाटोको समस्या हुनु
ठ. अपांगमैत्री विद्यालय नहुनु
ड. बालबालिकाको आवाजको पूर्ण रुपमा सुनुवाई नहुनु

## ४.२ सवालहरूको प्राथमिकीकरण

सबै टोलीले आ-आफ्नो कार्यशालामा बालबालिकाका सवालहरूको प्राथमिकीकरण गरेको थियो । प्राथमिकीकरणका लागि सबैले टोलीले विभिन्न समूहमा छुट्टाछुट्टै अभ्यास गरेको थियो । सबैको भावना समेटियोस भन्ने हेतुले छुट्टाछुट्टै अभ्यास गरिएको थियो । प्राथमिकीकरणका लागि मेटाकार्डहरूमा बालबालिकाका सवालहरू लेखी (एक काडमा एक सवाल) त्यसलाई फिँजाएर भुईमा राखी प्रत्येक सदस्यलाई मकैका गेडाहरू दिई, सहयोगी पुस्तिकामा उल्लेख गरिएअनुसार, मुख्य मुख्य समस्याहरूको छनौट गर्न लगाइएको थियो । समस्या तथा सवालहरूको प्राथमिकीकरणका लागि सहयोगी पुस्तिकाको बुँदा ३.३.४ को 'ग' मा उल्लेख गरिएको 'भोटिङ' विधि (मकैको दाना प्रयोग गरेर) को प्रयोग गरिएको थियो ।सबै सहभागीहरूले छनौट गरेका समस्या तथा सवालहरू निम्नानुसार छन् :

क. कुपोषणको समस्या
ख. बाल हिंसा
ग. बालबालिकाले (केहीले) अझै विद्यालय जान नपाउनु
घ. लागु पदार्थ दूर्व्यशनी
घ. बालअधिकारबारे (धेरैलाई) अभिभावकलाई ज्ञान नहुनु
च. बाल विवाह
ज. छोरा र छोरीबीच भेदभाव
झ. बाटोको समस्या
ञ. बालबालिकाले अभिभावकलाई नटेर्ने

## ४.३ समस्या तथा सवालहरूको विश्लेषण

यस अभ्यास छुट्टाछुट्टै टोलीले छुट्टाछुट्टै रुपमा गरेको थियो । समग्रमा छनौटमा परेका समस्या तथा सवालहरूको विश्लेषण पनि गरिएको थियो । यस क्रममा समस्याका कारण के हुन् र ती समस्याहरूले समुदायमा कस्तो प्रभाव पारेको छ भन्ने कुराको पनि विश्लेषण गरिएको थियो । यसका लागि 'कारण तथा प्रभाव' विधिको प्रयोग गरिएको थियो । समूहगत रुपमा सम्पन्न गरिएका अभ्यासको परिणाम यस प्रकार छन् :

## समस्या/सवालका कारण तथा प्रभावहरू

**कारण तथा प्रभाव चित्र**

| समस्या/सवाल : बालबालिकाले अभिभावकलाई नटेर्ने<br>समूह : पुरुष समूह | |
|---|---|
| कारण | प्रभाव |
| • बालबालिकाको अगाडि रक्सी पिउने र जुवा खेल्ने गरेकोले<br>• आमावावुले बालबालिकाको अगाडि झगडा गर्नाले<br>• गलत साथिभाईको संगत<br>• अति महत्वाकांक्षी कुरा सुन्दा<br>• बालबालिकाको आवश्यकता परिपूर्ति नहुँदा<br>• सामाजिक द्वन्द देखेर | • पढाई-लेखाईमा नकारात्मक असर पर्ने<br>• दक्ष जनशक्ति उत्पादनमा हुन नसक्ने<br>• परिवार र समुदायको विकासमा अवरोध<br>• वेरोजगारी, गरिवी, पछौटेपन उत्पादन हुने |

| समस्या/सवाल : बाल हिंसा<br>समूह : महिला समूह | |
|---|---|
| कारण | प्रभाव |
| • अभिभावकमा बालअधिकारबारे जानकारी नहुनु<br>• गरिवीको कारण चिन्ता हुँदा रिस बालबालिकामाथि पोखिनु<br>• अशिक्षा<br>• परिवारमा कलह हुनु<br>• सामाजिक वातावरण कोलाहलपूर्ण हुनु<br>• मद्यपानको अत्यधिक सेवन गरिनु<br>• देखासिकि गर्नु<br>• आधुनिक प्रविधिको दुरुप्रयोग हुनु | • बालबालिकाको बृद्धि विकास हुन सक्दैन<br>• बालबालिकाले पढाई लेखाई गर्न सक्दैनन्<br>• बालबालिका कुलतमा फँस्ने सम्भावना हुन्छ<br>• उनीहरू तिरस्कृत हुन्छन्<br>• पारिवारिक तनाव बढ्छ<br>• सामाजिक तनाव बढ्ने<br>• विद्यार्थीहरूले पढाई बीचैमा छाड्ने<br>• बालबालिका विरामी पढ्ने र आत्महत्या पनि गर्न सक्ने |

| समस्या/सवाल : लागु पदार्थको दूर्व्यशन<br>समूह : बुद्धिजिवि समूह | |
|---|---|
| कारण | प्रभाव |
| • अभिभाकको हेलचेक्राई (आफ्ना बालबालिकाको हेरविचार नगर्नु)<br>• गलत साथिहरूको संगत<br>• मेलापर्व बढी लाग्नु र मेलाहरूमा धुम्रपान र मद्यपानको अत्यधिक सेवन गरिनु<br>• मद्यपान सेवन गर्ने रितिरिवाजको अनुशरण गर्नु<br>• कारवाही गर्ने व्यवस्था नहुनु/पालना नगरिनु<br>• शिक्षाको कमी<br>• बेरोजगारीको कारण तनाव हुनु | • शारीरिक असर : रोग लाग्नु<br>• मानसिक तनाव हुनु<br>• समाजमा नराम्रो व्यक्तिको रुपमा चिनिनु<br>• आर्थिक समस्या पर्नु : बढी खर्च हुने कारण<br>• पारिवारिक तनाव हुनु<br>• पढाई लेखाई राम्रो हुन नसक्नु<br>• गर्भमा रहेको बच्चालाई पनि असर पर्नु |

| समस्या/सवाल : बाल विवाह<br>समूह : महिला समूह र बालबालिका समूह | |
|---|---|
| कारण | प्रभाव |
| • चेतनाको कमी - बालविवाह गर्दा के असर पर्दछ भनेर थाहा नहुनु<br>• अभिभावक नहुँदा<br>• शिक्षाको कर्मी - कति वर्षमा विवाह गर्नु पर्दछ भन्नेबारे थाहा नहुनु - कानुनी कुरा थाहा नहुनु<br>• आर्थिक अभावको कारण चाँडै विवाह गरिदिएर पन्छिने प्रवृत्ति<br>• साथिभाईको देखासिकि<br>• सञ्चार माध्यमको दुरुप्रयोग - गलत मान्छेको भनाईमा वहकिनु<br>• अभिभावकबाट संरक्षण नहुनु | • प्रजनन स्वास्थ्यमा असर पर्नु<br>• मानसिक रुपमा नकारात्मक असर पर्नु - खास गरी आमालाई<br>• अस्वस्थ्य बच्चा जन्मिने<br>• पठनपाठनमा असर पर्नु - कतिले त बीचैमा पढाई छाड्ने<br>• शिक्षा पुरा नहुँदा रोजगारी नमिल्ने र जीवनभर दुःखमा बिताउनु पर्ने<br>• छिट्टै विवाह हुने र छिट्टै डिभोर्स पनि हुने<br>• सामाजिक विकासमा नकारात्मक असर पर्ने |

| समस्या/सवाल : बालअधिकारबारे धेरैलाई ज्ञान नहुनु<br>समूह : बालबालिका समूह | |
|---|---|
| कारण | प्रभाव |
| • बालअधिकारसम्बन्धी कार्यक्रम पर्याप्त नहुनु<br>• बालअधिकारसम्बन्धी कार्यक्रम भए तापनि त्यसमा स्थानीय वासिन्दाको (धेरैको) सहभागिता नहुनु<br>• बालबालिकाको हकअधिकारका सम्बन्धमा सञ्चारका माध्यमहरूबाट पनि कम प्रशारण हुनु<br>• बालबालिकाका सवाल तथा हकअधिकारका विषयमा समुदायमा कम चासो देखिनु<br>• बालबालिका आफै पनि आफ्ना अधिकारबारे कम सचेत हुनु जसले गर्दा यसबारे अन्यसँग छलफल गर्न, अडान लिन नसक्नु | • बालअधिकारबारे जनसमुदाय अनविज्ञ र कम जानकार हुने<br>• बालबालिकाको अधिकार हनन् हुने सम्भावना भइराख्ने<br>• बालबालिकालाई गरिने भेदभाव कायम नै रहने<br>• बालबालिका विभिन्न अवसरहरूबाट वञ्चित हुने<br>• आफ्ना विचार र भावना अवमूल्यन हुँदै गएको अवस्थामा बालबालिका कुण्ठित हुने सम्भावना बढ्ने<br>• बालबालिकाको सम्रग विकासमा नकारात्मक प्रभाव पर्ने |

| समस्या/सवाल : छोरा र छोरीबीच भेदभाव<br>समूह : बालबालिका समूह | |
|---|---|
| कारण | प्रभाव |
| • अन्धविश्वास<br>• अभिभावक शिक्षित नहुनु<br>• देखासिकि गर्नु<br>• परम्परागत रितिरिवाजको अनुशरण गर्नु<br>• पितृप्रधान समाज हुनु | • छोरीहरूलाई मानसिक दुःख लाग्नु<br>• छोरीहरू सिक्ने कुराबाट वञ्चित हुनु<br>• अशिक्षित हुनु<br>• उनीहरूको प्रगति हुन सक्दैन जसको कारण पुरा जीवन नै दुःखमा बित्न सक्छ<br>• क्षमताको कमी हुनु |

| समस्या/सवाल : बालबालिकामा कुपोषणको समस्या<br>समूह : शिक्षक समूह | |
|---|---|
| कारण | प्रभाव |
| • अभिभावकले जन्मान्तर कम राखेर धेरै बच्चा जन्माउनु जसले गर्दा बच्चा जन्मदै कम तौल भएको जन्मनु<br>• आमाले पर्याप्त स्तनपान नगराउनु<br>• बालबालिकालाई उमेरअनुसार आवश्यक पर्ने खुराकका सम्बन्धमा आमा तथा परिवारलाई कम जानकारी हुनु<br>• खेतबारी कम हुनु, पर्याप्त उत्पादन नहुनु, किनेर खुवाउन नसक्नु<br>• फोहोर पानी तथा सरसफाईको कमीका कारण बालबालिकालाई झाडापखाला, आउँ र जुका पर्ने जस्ता समस्याहरू देखिरहनु जसले गर्दा बालबालिकाले खान नसक्नु वा खाएको पनि पचाउन नसक्नु<br>• बालबालिका सामान्य बिरामी पर्दा स्वास्थ्य सेवा तथा सल्लाह नलिनु/लिन नसक्नु<br>• बजारे खानेकुराहरू खुवाउनाले घरेलु खानामा रुचि कम हुनु<br>• अभिभावकले बालबालिकाको हेरचाहमा कम समय दिनु | • बालबालिकाको शारिरीक तथा मानसिक विकासमा नकारात्मक असर पर्ने<br>• बच्चा सुस्त हुने र पढाइमा पनि कमजोर हुने<br>• कुपोषण प्राणघातक नै बन्न पनि सक्ने<br>• कुपोषित बालबालिका युवा अवस्थामा पनि कुपोषित हुने सम्भावना बढेर जाने जसले गर्दा कुपोषित आमाले जन्माएको बच्चा फेरी पनि कुपोषित हुने । यसरी कुपोषणले वंशानुगत स्वरुप लिने ।<br>• बालबालिका स्वस्थ नहुँदा परिवारलाई आर्थिक भार हुनुका साथै मानसिक तनाव पनि बढ्ने<br>• कुपोषित बालबालिकाका अभिभावकहरू सामाजिक कार्यमा लाग्न नभ्याउने, नसक्ने<br>• सम्रग समाज र देश विकासमा कुपोषणले दिर्घकालिन असर पार्ने |

## ४.४ सवाल तथा समस्या समाधानको लागि योजना

समस्या तथा सवालहरूको विश्लेषण गरेपश्चात् समूहगत रुपमा समस्या तथा सवालको समाधानको लागि योजना तर्जुमा गरिएको थियो । यसको लागि सर्वप्रथम सहजकर्ताले योजना के हो, योजना किन बनाउने र कसरी बनाउने भन्नेबारे अभिमुखीकरण गर्नुका साथै केही व्यवहारिक अभ्यास पनि गरिएको थियो । उक्त अभ्यासपश्चात् सहभागीहरूस्वयमूले सहयोगी पुस्तिकाको बुँदा ३.३.४ को 'घ' मा उल्लेख गरिएको योजना तर्जुमा अभ्यास फारमको उपयोग गरी योजना तर्जुमा गरेका थिए । भकिम्ली गाविसमा तिनै टोलीले तयार पारेका योजनाहरू यस प्रकार छन् :

## योजना तर्जुमा

**(पुरुष समूह)**

सवाल : किशोर किशोरीहरूले मद्यपान - धुम्रपान सेवन र तास खेल्ने

| योजना तथा क्रियाकलापहरू | लाभान्वित क्षेत्र तथा परिवार | उपलब्ध पूर्वाधार | अपेक्षित उपलब्धिहरू (कार्यक्रमका फाइदा) | समुदायको योगदान | बाहिरबाट आवश्यक सहयोग |
|---|---|---|---|---|---|
| १. चेतनामूलक कार्यक्रम<br>• धुम्रपानको हानी<br>• जुवातासको व्यक्ति, परिवार र समाजमा पर्ने असर<br>• सार्वजनिक स्थलमा धुम्रपान र मद्यपानबारे कानुनी शिक्षा<br>(क) सडकनाटक<br>(ख) घरदैलो कार्यक्रम<br>(ग) विद्यालयमा अन्तरक्रिया कार्यक्रम<br>(घ) स्वास्थ्यकर्मीसँगको अन्तरक्रिया<br>(ङ) कानुनी शिक्षा | • गाविसका सबै परिवारहरू<br>• युवाहरू<br>• विद्यार्थीहरू | • नागरिक सचेतना केन्द्र भएको हुँदा यस केन्द्रमार्फत् कार्यक्रम गर्न सकिन्छ<br>• वडा नागरिक मञ्चका संयोजकहरूलाई परिचालन गर्न सकिन्छ | • सबैले चुरोट, जाँड र रक्सी सेवनको हानीलाई महसुस गर्नेछन्<br>• जुवातासले परिवारमा पार्ने असरबारे सचेत हुनेछन्<br>• जुवातास खेल्ने र धुम्रपान तथा मद्यमानको सेवनमा कमी आउनेछ | • चेतनामूलक कार्यक्रमहरूमा भाग लिने<br>• सिकेका कुराहरू प्रचार-प्रशार गर्ने<br>• सार्वजनिक स्थलमा धुम्रपान गरेको देखिएमा सचेत गराउनुका साथै कारवाही गर्ने | • चेतनामूलक कार्यक्रमको लागि आवश्यक सूचनाहरू<br>• तालिमको लागि स्रोत व्यक्ति<br>• धुम्रपान र मद्यपानको सचेतनाबारे पोष्टर, पर्चा र अन्य पाठ्य सामग्री |
| २. आयबृद्धिको सीपमूलक तालिम | • युवाहरू<br>• सिङ्गो समुदाय | • जडिबुटी गाउँमै छ, त्यसको उपयोग गर्न सकिन्छ<br>• श्रमशक्ति गाउँमै छ<br>• जमीन र पानी छ | • युवाहरू रोजगार हुनेछन्, जसको कारण गलत क्रियाकलाप रोकिन्छन्<br>• आम्दानी बढ्नेछ<br>• आत्मसम्मान बढ्नेछ | | • आर्थिक सहयोग |

## योजना तर्जुमा

(बालबालिका समूह)

सवाल : छोरा र छोरीबीचको भेदभाव घटाउनका लागि कार्ययोजना

| योजना तथा क्रियाकलापहरू | लाभान्वित क्षेत्र तथा परिवार | उपलब्ध पूर्वाधार | अपेक्षित उपलब्धिहरू (कार्यक्रमका फाइदा) | समुदायको योगदान | बाहिरबाट आवश्यक सहयोग |
|---|---|---|---|---|---|
| १. सचेतना जागरण कार्यक्रम गर्ने<br>क. सडक नाटक<br>ख. बालबालिका-अभिभावक छलफल कार्यक्रम | • अभिभावक | • बालक्लव छ र यसका सदस्यहरूमा नाटक गर्ने सीप छ | • अभिभावकले भेदभावबारे बालबालिकाको चासो बुझ्नेछन्<br>• भेदभाव गलत हो भन्ने महसुस गर्नेछन्<br>• भेदभावका कारण र असरबारे जान्नेछन् | • नाटक लेख्ने र प्रदर्शन गर्ने<br>• दर्शक जुटाउन प्रचारप्रशार गर्ने<br>• बालबालिकाले आफ्नो अभिभावकसँग अन्तरक्रिया गर्ने<br>• तालिम कार्यक्रममा भाग लिने<br>• सिकेका कुराहरू व्यवहारमा लागु गर्ने | • प्रचार-प्रशार सामग्री<br>• प्रचार-प्रशारको लागि सञ्चार माध्यमको प्रयोग<br>• आर्थिक सहयोग |
| २. चेतना अभिबृद्धि तालिम कार्यक्रम<br>क. तालिम कार्यक्रम<br>ख. कानुनी शिक्षा | • अभिभावक | • तालिम हल छ<br>• जागरुक र सहयोगी अभिभावकहरू पनि छन् | • कानुनी प्रावधानबारे जान्ने छन्<br>• समान व्यवहार गर्न थाल्नेछन् | • हलको व्यवस्था गर्ने | • प्रशिक्षक<br>• स्टेसनरी<br>• आर्थिक सहयोग |
| ३. विद्यालयको पाठ्यक्रममा यस विषयलाई समवेस गरी पढाउने<br>क. पाठ्क्रम विकास गर्ने<br>ख. शिक्षक तालिम कार्यक्रम<br>ग. नियमित अध्यापन | • विद्यार्थीहरू | • विद्यालय छ<br>• सहयोगी शिक्षक छन् | • बालबालिकाले सानैदेखि भेदभाव गलत हो भन्ने बुझ्नेछन् र यसको विरोध गर्नेछन्, साथै ठूलो भएपछि भेदभाव गर्ने कार्य गर्ने छैनन् | • विद्यार्थीले भेदभावबारे विद्यालयमा अध्ययन गर्ने<br>• सिकेका कुराहरूलाई व्यवहारमा उतार्ने र अरुलाई पनि सिकाउने | • पाठ्यक्रम निर्माणमा सहयोग<br>• पुस्तक<br>• पढाउने शिक्षक<br>• शिक्षकलाई तालिम |

# योजना तर्जुमा

(महिला समूह)

समस्या तथा सवाल : बाल विवाह

| योजना तथा क्रियाकलापहरू | लाभान्वित क्षेत्र तथा परिवार | उपलब्ध पूर्वाधार | अपेक्षित उपलब्धिहरू (कार्यक्रमका फाइदा) | समुदायको योगदान | बाहिरबाट आवश्यक सहयोग |
|---|---|---|---|---|---|
| १. बालविवाहसम्बन्धी जनचेतना जगाउने<br>क. समूह छलफल<br>ख. कानुनी शिक्षाका लागि प्रशिक्षण | • आमा समूह, वडा नागरिक मञ्च, बाल क्लब, अभिभावक | • जिल्ला बालकल्याण, भीसिपिसी, गाविस, आमा समूह, महिला विकास, जिविस | • चेतनामा विकास हुनेछ<br>• बालविवाहमा कमी आउनेछ | • प्रचार प्रसार<br>• सहभागी जुटाउने | • गाविस, जिविस संघसंस्थाबाट आर्थिक तथा कानुनी सहयोग लिने<br>• विद्यालय, भिसिपिसी तथा अन्य संस्थाबाट कानूनी शिक्षाका लागि सहयोग |
| २. बालबालिकाबीच छलफल गर्ने<br>क. विवाहको असरबारे छलफल<br>ख. कानुनी प्रावधान छलफल | • बालबालिकाहरू | • विद्यालय, बालक्लब, भीसिपिसी सक्रिय छ, उनीहरूको उपयोग गर्न सकिन्छ | • प्रत्येक बालबालिकाहरूले बालअधिकारबारे जानकारी पाउनेछन् | • अभिभावकले बालबालिकालाई सहभागी हुन पठाउने | |
| ३. विद्यालयमा मोवाइल प्रयोगको नियम बनाउने | • बालबालिकाहरू<br>• बालबालिका अभिभावक समुदाय | • विद्यालय<br>• घर<br>• जिबाकस, भीसिपिसी, गाविस, बालक्लब | • बालबालिकाहरूले मोबाईलको सही उपयोगबारे जानकारी पाउनेछन् | • बालबालिकालाई जथाभावी मोबाईल प्रयोग गर्न नदिने<br>• सक्रिय सहभागिता,<br>• आमा समूहबाट खाजाको व्यवस्था गर्ने | " |

## योजना तर्जुमा

(महिला समूह)

समस्या तथा सवाल : बाल हिंसा

| योजना तथा क्रियाकलापहरू | लाभान्वित क्षेत्र तथा परिवार | उपलब्ध पूर्वाधार | अपेक्षित उपलब्धिहरू (कार्यक्रमका फाइदा) | समुदायको योगदान | बाहिरबाट आवश्यक सहयोग |
|---|---|---|---|---|---|
| १. कानुनी सचेतना (बालहिंसाबारे)<br>क. कानुनी शिक्षा<br>ख. बालहिंसाको असरबारे अन्तरक्रिया<br>ग. सडक नाटक | • ९ वटा समूह (आमा समूह, वडा नागरिक मञ्च) | • समुदायका सबैजना कार्यक्रममा हुन इच्छुक छन्,<br>• हलको व्यवस्थापन गर्न सकिन्छ | • बाल हिंसा न्यूनिकरण हुनेछ | • समूह छलफल, बालबालिका, अभिभावक सहभागिता | • प्रशिक्षक, प्रशिक्षण, कार्यक्रमका लागि आर्थिक सहयोग |
| २. आयआर्जन कार्यक्रम (आर्थिक अभावका कारण तनावमा भएका परिवारको तनाव कम गर्न)<br>क. बाख्रापालन कार्यक्रम<br>ख. तरकारी खेती | • विपन्न परिवार<br>• हिंसा हुने परिवार | • जग्गा प्रदान गर्न सकिन्छ<br>• ऋण उपलब्ध गराउन सकिन्छ | • आयआर्जनमा वृद्धि हुनेछ<br>• पारिवारिक अभाव घटेपश्चात् अभिभावकले बालबालिकाको हेरचाहमा समय दिन सक्नेछन्<br>• | • तालिममा सहभागी गराउने,<br>• तालिमको आयोजना गर्ने | • प्रशिक्षक<br>• आर्थिक सहयोग<br>• उन्नत जातका विउविजन, बाख्रा<br>• अन्य प्राविधिक सहयोग |
| ३. आचारसंहिता तयार गरी छलफल गर्ने | • सबै वडा | • प्राय सबै वडाहरूमा सक्रिय बाल क्लब, आमा समूह तथा युवा क्लबहरू छन् | • चेतनामा वृद्धि हुनेछ<br>• आचारसंहिता निर्माण भएपश्चात् कार्यक्रम अनुगमन गर्न सहज हुनेछ | • सक्रिय सहभागिता जनाउने<br>• छलफलमा भाग लिने, समयमा निर्णय गर्ने<br>• अनुगमन गर्ने | • सूचनाहरू प्रदार गरी सहयोग |

## योजना तर्जुमा

(बालबालिका समूह)

सवाल : बालअधिकारका बारेमा सबैलाई जानकारी नहुनु

| योजना तथा क्रियाकलापहरू | लाभान्वित क्षेत्र तथा परिवार | उपलब्ध पूर्वाधार | अपेक्षित उपलब्धिहरू (कार्यक्रमका फाइदा) | समुदायको योगदान | बाहिरबाट आवश्यक सहयोग |
|---|---|---|---|---|---|
| १. बालअधिकार सम्बन्धी जानकारी गराउने<br>क. विद्यालय छलफल कार्यक्रम<br>ख. बालअधिकारसम्बन्धी लेखन प्रतियोगिता | • बालबालिका, समुदाय, अभिभावक | • आमा समूह, विद्यालय, युवा क्लब छ जसलाई उपयोग गर्न सकिन्छ | • अधिकारसम्बन्धी थाहा हुने<br>• शिक्षाको विकास हुनेछ<br>• लेखन दक्षता बढ्नेछ | • लेखन कार्यक्रम गर्न विद्यालयलाई सहयोग गर्ने<br>• कार्यक्रमबारे प्रचार-प्रशार गर्ने | • आर्थिक सहयोग<br>• प्रचार-प्रसारको लागि सहयोग |
| २. विभिन्न समितिहरूमा बाल सहभागिता सुनिश्चित गराउने | • व.ना.मञ्च<br>• स्वा.व्य.स.<br>• वि.व्य.स.<br>• गाउँ परिषद<br>• भिसिपिसि<br>• बालक्लव<br>• बालबालिका | • विभिन्न समितिहरू बाल सहभागिताको लागि सकारात्मक छन्<br>• ती समितिहरूले बाल सहिभागिताको आवश्यकताबारे सचेत छन् | • बालबालिकाको क्षमता विकास हुनेछ<br>• उनीहरूको नेतृत्व विकास हुनेछ<br>• समितिमा गरिने निर्णय बालबालिकाका सवालहरू समेटिनेछन् | • समितिहरूमा बालसहभागिताको लागि पैरवी गर्ने | • बालसहिभागिताको लागि गाविस, जिविसबाट नैतिक सहयोग |
| ३. बालअधिकारसम्बन्धी प्रचार-प्रशार<br>क. संचार माध्यम (एफ.एम., पत्रिका) बाट सूचना प्रशार<br>ख. ऱ्याली कार्यक्रम<br>ग. पर्चा वितरण | • समुदायका सम्पूर्ण वर्ग<br>• बालबालिका<br>• समुदाय | • स्वर्ग आश्रम पत्रिका छ<br>• अन्य पत्रपत्रिका पनि छ, जसको उपयोग गर्न सकिन्छ<br>• बालक्लव छ जसले कार्यक्रम सञ्चालन गर्न सक्छ | • बालअधिकारको बारेमा जानकारी हुनेछ | • सूचना प्रवाह गर्न सहयोग गर्ने | • आर्थिक सहयोग<br>• सञ्चार माध्यममा पहुँचका लागि सहयोग |
| ४. समुदायमा बालबालिकाप्रति जिम्मेवारीबोध गराउन जनचेतनामूलक कार्यक्रम<br>क. बालबालिका-अभिभावक अन्तरक्रिया<br>ख. सडक नाटक कार्यक्रम<br>ग. डकुमेन्ट्री प्रर्दशनी | • नबुझेका अभिभावकहरू<br>• निरक्षर समुदाय | • स्थानीय संघसंस्था छन् जसले कार्यक्रम सहजीकरण गर्न सहयोग गर्न सक्छन् | • अभिभावकहरूले आफ्नो जिम्मेवारी बोध गर्नेछन्<br>• उनीहरूको भूमिकामा परिवर्तन हुनेछ र बालबालिकाको अवस्थामा परिवर्तन आउनेछ | • कार्यक्रमको आयोजना गर्ने<br>• कार्यक्रममा सहभागी हुने<br>• कार्यक्रमको महत्वबारे प्रचार-प्रशार गर्ने | • कार्यक्रम आयोजना गर्न आर्थिक सहयोग<br>• सहजकर्ता<br>• बालअधिकारसम्बन्धी तयार पारिएको डकुमेन्ट्री उपलब्ध गराउने |

## योजना तर्जुमा

(शिक्षक समूह)

सवाल : कुपोषण न्यूनिकरण गर्नका लागि कार्ययोजना

| योजना तथा क्रियाकलापहरू | लाभान्वित क्षेत्र तथा परिवार | उपलब्ध पूर्वाधार | अपेक्षित उपलब्धिहरू (कार्यक्रमका फाइदा) | समुदायको योगदान | बाहिरबाट आवश्यक सहयोग |
|---|---|---|---|---|---|
| १. चेतनामूलक कार्यक्रम (पोषणको अर्थ र महत्वबारे बुझाउने)<br>क. सडक नाटक<br>ख. वाल पेन्टिङ<br>ग. पम्प्लेट, पोस्टरहरू<br>घ. प्रतियोगितात्मक कार्यक्रम (वादविवाद, वक्तृत्वकला)<br>ङ. अन्तरक्रिया | • गर्भवती आमाहरू<br>• बच्चाका आमाहरू<br>• अभिभावकहरू<br>• समुदाय | • वडा नागरिक मञ्च, युवा क्लब, बाल क्लब, आमा समूह, विद्यालय, वन समूह भएकोले कार्यक्रम सञ्चालनका क्रममा उनीहरूलाई उपयोग गर्न सकिन्छ | • पोषणको महत्वबारे जानकारी हुनेछ<br>• बाल स्वास्थ्यको बारेमा जानकारी हुनेछ<br>• चेतनास्तरमा वृद्धि हुनेछ<br>• कुपोषणमा कमी आउनेछ | • कार्यक्रमबारे प्रचार-प्रशार गर्ने<br>• कार्यक्रममा भाग लिने<br>• कार्यक्रमका लागि आवश्यक सामग्री उपलब्ध गराउने | • गाविस, जिविस, संघसंस्थाबाट आर्थिक सहयोग<br>• तालिम सञ्चालनका लागि सहजकर्ता<br>• पोषणसम्बन्धी सूचनाहरू |
| २. विद्यालयमा पोषण सेवा कार्यक्रम<br>क. खाजा प्रदान कार्यक्रम<br>ख. पोषण शिक्षा कार्यक्रम | • विद्यालयका बालबालिका | • विद्यालयहरू यस कार्यक्रम गर्न इच्छुक छन् | • बालबालिकाले पोषणयुक्त खाजा खान पाउनेछन्<br>• उनीहरूको शारिरीक र मानसिक विकास हुनेछ | • स्थानीयतहमा उपलब्ध खाद्य सामग्री उपलब्ध गराउने | • गाविस, जिविस, संघसंस्थाबाट आर्थिक सहयोग |
| ३. विपन्न परिवारहरूलाई आयबृद्धि कार्यक्रम<br>क. सीपमूलक तालिम<br>ख. करेसाबारी कार्यक्रम | • विपन्न परिवारहरू<br>• बालबालिका | • जमिन उपलब्ध छ<br>• सीप सिक्ने युवाहरू छन् | • विपन्न परिवारको आर्थिक विकास हुनेछ | • सीपमूलक तालिम लिने<br>• करेसाबारी खेती गर्ने<br>• कार्यक्रमका सिकाइहरू एकआपसमा सिकाउने | • आर्थिक सहयोग<br>• तालिमका पाठ्य सामग्री<br>• तालिम सहजकर्ता |

## ४.५ योजनाहरूको प्राथमिकीकरण

वडातहमा योजना तर्जुमा गरेपश्चात् सबै वडाका प्रतिनिधिहरू र गाविस अध्यक्षको सहभागितामा गाविस तहको वैठकको आयोजना गरियो । गाविस तहको वैठकको पहिलो चरणमा बालअधिकारको अवधारणागत पक्ष र सहभागितामूलक योजना तर्जुमाको महत्वमाथि विवेचना गरियो । यस छलफलले सम्पूर्ण सहभागीहरूलाई किन वडातहमा स्थानीयवासीकै सक्रिय सहभागितामा बालअधिकारमा आधारित योजना तर्जुमा गरिएको हो भन्ने कुरालाई वोध गराउन सहयोग पुगेको थियो ।

कार्यक्रमको दोस्रो चरणमा वडातहमा तर्जुमा गरिएका योजनाहरूलाई वडाकै प्रतिनिधिहरूद्वारा क्रमैसँग प्रस्तुती गरी त्यसमाथि छलफल गरियो । प्रस्तुतीको प्रमुख उद्देश्य कुन वडामा बालबालिकासम्बन्धी के सवाल थिए र त्यसको समाधानको लागि कस्तो योजना बनाइयो भन्नेबारे एकआपसमा आदान-प्रदान गर्नु थियो । तेस्रो चरणमा वडातहमा तर्जुमा गरिएको योजनाहरूको प्राथमिकीकरण गरियो । यसको लागि सहभागितामूलक विधि (जोडागत स्तरीकरण विधि) को प्रयोग गरिएको थियो ।

प्राथमिकीकरणको परिणाम यस प्रकार छ :

| | बाटोको समस्या | कुपोषण | बाल हिंसा | लागु प. दूर्व्यशनी | विद्यालय जान नपाउनु | बालअधिकारको ज्ञान नहुनु | बालबालिकाले नटेर्ने | बाल विवाह | छोरा र छोरीबीच भेदभाव |
|---|---|---|---|---|---|---|---|---|---|
| बाटोको समस्या | X | बाटोको समस्या | बाल हिंसा | लागु प.दूर्व्यशनी | बाटोको समस्या | बा.अ.को ज्ञान नहुनु | बालबालिकाले नटेर्ने | बाल विवाह | बाटोको समस्या |
| कुपोषण | X | X | कुपोषण | लागु प.दूर्व्यशनी | कुपोषण | बा.अ.को ज्ञान नहुनु | कुपोषण | कुपोषण | कुपोषण |
| बाल हिंसा | X | X | X | लागु प. दूर्व्यशनी | विद्यालय जान नपाउनु | बा.अ.को ज्ञान नहुनु | बाल हिंसा | बाल विवाह | बाल हिंसा |
| लागु प. दूर्व्यशनी | X | X | X | X | लागु प. दूर्व्यशनी | बा.अ.को ज्ञान नहुनु | लागु प. दूर्व्यशनी | बाल विवाह | लागु प. दूर्व्यशनी |
| विद्यालय जान नपाउनु | X | X | X | X | X | बा.अ.को ज्ञान नहुनु | विद्यालय जान नपाउनु | बाल विवाह | विद्यालय जान नपाउनु |
| बालअधिकार को ज्ञान नहुनु | X | X | X | X | X | X | बा.अ.को ज्ञान नहुनु | बा.अ.को ज्ञान नहुनु | बा.अ.को ज्ञान नहुनु |
| बालबालिकाले नटेर्ने | X | X | X | X | X | X | X | बाल विवाह | बालबालिकाले नटेर्ने |
| बाल विवाह | X | X | X | X | X | X | X | X | बाल विवाह |
| छोरा र छोरीबीच भेदभाव | X | X | X | X | X | X | X | X | X |
| | ४ | ६ | ४ | ७ | ४ | ९ | ३ | ७ | १ |

प्राथमिकीकरण अभ्यासको अन्तिम परिणाम यस प्रकार छ :

| क्र.सं. | योजनाहरू | प्राथमिकता तह | कैफियत |
|---|---|---|---|
| १ | बालअधिकार को ज्ञान नहुनेसम्बन्धी योजना | पहिलो | |
| २ | लागु प. दूर्व्यशनीसम्बन्धी योजना | दोस्रो | |
| ३ | बाल विवाहसम्बन्धी योजना | दोस्रो | |
| ४ | कुपोषणसम्बन्धी योजना | तेस्रो | |
| ५ | बाल हिंसासम्बन्धी योजना | चौथो | |
| ६ | विद्यालय जान नपाउनुसम्बन्धी योजना | चौथो | |
| ७ | बाटोको समस्यासम्बन्धी योजना | चौथो | |
| ८ | बालबालिकाले नटेर्नेसम्बन्धी योजना | पाँचौं | |
| ९ | छोरा र छोरीबीच भेदभावसम्बन्धी योजना | छैठौं | |

## ४.६ योजनाको स्वीकृति

योजनाहरूको प्राथमिकीकरणपश्चात् गाविस वैठकका सम्पूर्ण सहभागीहरूबीच भएको छलफलबाट योजनाहरूलाई स्वीकृति प्रदान गरियो । साथै, भकिम्ली गाविसलाई बालमैत्री गाविसको रुपमा स्थापना गर्नका लागि यी योजनाहरूको कार्यान्वयनको लागि विस्तृत कार्यान्वयन योजना तयार पारी अगाडि बढाउने निर्णय गरी कार्यक्रम समापन गरियो ।